सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१२ कात्तिक २०८३, बिहीबार (29 Oct 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १९१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ न्यायालयमा 'सेटिङ' गर्ने बिचौलिया सापकोटासँग सर्वोच्चका न्यायाधीश फुयालको संवाद

# 'रोहित गुप्तालाई दुई करोड धरौटी मागेका छौँ, भोलि साँझ होटेलमा भेटौँ'

■ न्यायाधीशहरूको आचारसंहिता २०७४ को बुँदा ४.३ मा भनिएको छ- **न्यायाधीशले न्याय सम्पादनमा नकारात्मक प्रभाव पर्ने गरी कुनै पनि व्यक्तिसँग अनावश्यक रूपमा सम्बन्ध वा सम्पर्क बढाउनुहुन्न**

नयाँ पत्रिका एक्सक्लुसिभ

**नवराज मैनाली, खगेन्द्र पन्त**

कारागारमा रहेका विवादास्पद कारोबारी दीपक भट्ट र उनको समूहका सदस्यहरूको विचाराधीन मुद्दामा चलखेल गरेको आरोपमा पक्राउ परेका बिचौलिया इनम सापकोटासँग सर्वोच्च अदालतका न्यायाधीश हरि प्रसाद फुयालको 'सन्देहपूर्ण सम्बन्ध' देखिएको छ। नयाँ पत्रिकाले प्राप्त गरेको उनीहरूबिचको ह्वाट्सएप म्यासेजमा फुयालले भट्ट समूहका व्यक्तिलाई आफूहरूले धरौटीमा छाडेको उल्लेख गरेका छन्। उनले सापकोटालाई होटेलमा भेटेको पनि संवादबाट खुल्छ।

■ **जेलदेखि न्यायालयसम्मको नेटवर्क खोजी हुँदै**

बिचौलिया सापकोटाको 'मिस्डकल'को जवाफ दिँदै न्यायाधीश फुयालले लेखेका छन्- मैले यो ढिलो देखेँ। उनलाई (रोहित गुप्ता) छाड्नुपर्ने आधारै रहेछ। हामीले उनलाई दुई करोड धरौटी मागेका छौँ। गोल्छालाई (शेखर गोल्छा) एक करोड मागिएको रहेछ। गुप्तालाई धरौटीमा छाड्ने आदेश राखिएको सर्वोच्चको वेबसाइटको लिंक पनि उनले सापकोटालाई म्यासेज गरेका छन्।

विशेष अदालतको निर्णय उल्ट्याउँदै फुयाल र अर्का न्यायाधीश श्रीकान्त पौडेलको संयुक्त इजलासले गत

» पृष्ठ २ मा क्रमशः

■ न्यायाधीश फुयाल र बिचौलिया सापकोटाबिचको ह्वाट्सएप संवाद



न्यायाधीश हरि प्रसाद फुयाल



बिचौलिया इनम सापकोटा

■ बिचौलिया इनम सापकोटाको 'मिस्डकल'को जवाफ दिँदै न्यायाधीश हरि प्रसाद फुयालले लेखेका छन्- **मैले यो ढिलो देखेँ। उनलाई (रोहित गुप्ता) छाड्नुपर्ने आधारै रहेछ। हामीले उनलाई दुई करोड धरौटी मागेका छौँ। गोल्छालाई (शेखर गोल्छा) एक करोड मागिएको रहेछ।**

■ गुप्तालाई धरौटीमा छाड्ने आदेश राखिएको सर्वोच्चको वेबसाइटको लिंक पनि फुयालले म्यासेज गरेका छन्। त्यही संवादका क्रममा उनले बिचौलिया सापकोटालाई होटेलमा भेट्न पनि प्रस्ताव गरेका छन्। उनले भनेका छन्- **भोलि साँझ ७ बजे हिमालय होटेलमा भेटौँ।**

■ बिचौलिया सापकोटाको जवाफ- **स्योर सर, चिन्ता नगर्नुस् म भर्खर ल्यान्ड भएको छु।**






## न्यायपालिकालाई बिचौलियामुक्त बनाउन जरुरी छ

● **विजयप्रसाद मिश्र**, अध्यक्ष नेपाल बार

इनम सापकोटाको अहिले धेरै कुरा आइरेहको छ। यदि सरकारले न्यायपालिकालाई भ्रष्टाचारविहीन बनाउन चाहेको हो भने त्यसमा हाम्रो समर्थन रहन्छ। तर, यो सुशासनतर्फको कदम हो कि स्टन्टबाजी हो, प्रस्ट हुन सकेको छैन। कुनै न्यायाधीशको विषयमा प्रमाण नहेरी हामीले बोल्न मिलेन। तर, न्यायपालिकालाई बिचौलियामुक्त बनाउनुपर्ने खाँचो भने छ। त्यसकारण इनम र न्यायापालिकासँग जोडिएका विषयमा क-कसको सम्पर्क देखिएको छ, निष्पक्ष रूपमा अनुसन्धान हुन्छ भन्नेमा हामी आशावादी छौँ। खन्डे र चयनमुखी अनुसन्धान हुनुभएन।



## न्यायपालिका छाडा भएको छ, निगरानी गर्ने संयन्त्र छैन

● **श्रीहरि अर्याल**, वरिष्ठ अधिवक्ता

पछिल्लो समय न्यायपालिका छाडा भएको छ। निगरानी गर्ने संयन्त्र छैन। त्यहीकारण यस्ता गतिविधि भएका हुन सक्छन्। राजनीतिक दलहरूबाट पनि न्यायपालिकामाथि प्रहार भएको छ। राजनीतिक आडमै गलत व्यक्ति न्यायाधीश नियुक्ति भएर नेतृत्वसम्म पुगेका छन्। न्यायपालिकाको व्यवस्थापन कसले गर्ने भन्ने अहिले प्रश्न खडा भएको छ। यसमा राज्य गम्भीर हुने वेला आइसकेको छ।



## त्यस्ता न्यायाधीश पदमा बस्न मिल्दैन, संसद्को ध्यानाकर्षण हुनुपर्छ

● **बाबुराम दाहाल**, वरिष्ठ अधिवक्ता

सर्वोच्चका न्यायाधीशले त्यसरी बिचौलियासँग कुरा गरेको हो भने सिधै बदमासी देखियो। न्यायाधीशले कुनै पनि पक्षसँग मुद्दाको विषयमा कुरा गर्न मिल्दैन। यसको तत्काल छानबिन हुनुपर्छ र छानबिन नसकिएसम्म त्यस्ता न्यायाधीशलाई निलम्बन गर्नुपर्छ। यो अक्षम्य र गम्भीर अपराध भएकाले न्यायाधीश पदमा बस्न उपयुक्त हुँदैन। न्यायालयलाई स्वच्छ र पवित्र बनाउने हो भने तत्काल फुलकोर्टको यसमा ध्यानाकर्षण हुनुपर्छ र गोला तान्न दिनुहुन्न। अन्य न्यायाधीशले छानबिन नसकिएसम्म बेन्च सेयर पनि गर्नुहुन्न। संसद्को पनि यसमा ध्यानाकर्षण हुनुपर्छ।




## बोक्सीको आरोपमा महिलामाथि कुटपिट, चारजना पक्राउ

**धनगढी**/ बोक्सीको आरोपमा कैलालीको भजनी नगरपालिका- ५, मिलनपुरकी ५६ वर्षीया हसनादेवी डगौरामाथि मंगलबार राति कुटपिट भएको छ। आरोपित स्थानीय कृष्ण डगौरा, उनका छोरा राजु र राजन तथा उर्मिला डगौरालाई बुधबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक योगेन्द्र तिमिल्सिनाले बताए। पक्राउ परेकाहरू पीडितका छिमेकी हुन्।

घरमा सुतिरहेका वेला मंगलबार राति नौ बजेतिर बोक्सीको आरोप लगाउँदै कुटपिट गरेको भनेर पीडितले इलाका प्रहरी कार्यालय भजनीमा

» पृष्ठ २ मा क्रमशः

## सामान्य परिमार्जनसहित प्रहरीमा स्टाफ कलेजलाई निरन्तरता



स्टाफ कलेज संगठनको बृहत्तर हितमै रहेको अध्ययन समितिको निष्कर्ष, यो वर्ष ०७० का ब्याचलाई मात्र अवसर

(विस्तृत पृष्ठ ३)

## ४०.७१५ ले बढ्यो वैदेशिक व्यापार

असोजमै साढे दुई खर्बको वस्तु आयात

दसैँतिहारलक्षित सामग्रीको व्यापारले वैदेशिक व्यापारमा उछाल

(विस्तृत पृष्ठ ६)




NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# आजदेखि शनिबारसम्म वर्षा र हिमपात

## शुक्रबार र शनिबार देशका धेरै ठाउँमा पानी पर्ने, केही ठाउँमा भने ठुलो वर्षाको आकलन

● मौसम पूर्वानुमान महाशाखाका मौसमविद् **सञ्जीव अधिकारी** भन्छन्-



वर्षा बिहीबारदेखि नै सुरु हुने देखिन्छ। तर, शुक्रबार र शनिबार देशभर नै वर्षाको सम्भावना छ। केही ठाउँमा भने भारी वर्षा पनि हुन्छ। यो प्रणालीले विशेषगरी उच्च पहाडी र हिमाली क्षेत्रमा अलि जोखिम छ। त्यहाँ विपत् निम्तिन सक्छ। समग्रमा धानबाली र पर्यटन क्षेत्र प्रभावित हुने देखिन्छ।

### हिमआँधी र हिमपहिरोको जोखिम

**यम बम**/नयाँ पत्रिका

बंगालको खाडीमा विकसित अतिशक्तिशाली चक्रवात अर्नबको असरले आज (बिहीबार)देखि शनिबारसम्म नेपालमा वर्षा र हिमपात हुने भएको छ। बिहीबार राति प्रभाव

» पृष्ठ २ मा क्रमशः

■ बिहीबारदेखि शनिबारसम्म कुन दिन कहाँ के छ सम्भावना ?

**बिहीबार दिउँसो** मधेश प्रदेशलगायत कोशी र बागमतीका पहाडी र तराई भूभागका थोरै स्थानमा, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका एक-दुई स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ। कोशी र बागमतीका हिमाली भूभागका केही स्थानमा तथा बाँकी हिमाली भूभागका थोरै स्थानमा मध्यमसम्मको वर्षा र हिमपात हुन सक्छ।

**बिहीबार राति** कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनीका केही स्थान, कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा, हिमपातको सम्भावना छ। कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भूभागका एक-दुई स्थानमा भारी वर्षा, हिमपात तथा लुम्बिनी र गण्डकी प्रदेशको पहाडी र तराई भूभागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

**शुक्रबार दिउँसो** देशभर अधिकांश बादल लाग्नेछ। कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनीका अधिकांश स्थान, कर्णाली र सुदूरपश्चिमका धेरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा, हिमपातको आकलन छ। कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनीका धेरै स्थानमा तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भूभागका एक-दुई स्थानमा भारी वर्षा, हिमपात सम्भावना छ।

**शुक्रबार राति** देशका अधिकांश स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ। देशको थोरै स्थानमा भारी वर्षा र हिमपातको सम्भावना छ।

**शनिबार** कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनीका धेरै स्थान, कर्णाली र सुदूरपश्चिमका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा, हिमपातको सम्भावना छ। कोशी, मधेश, बागमती र गण्डकीका थोरै स्थान, लुम्बिनीको एक-दुई स्थानमा तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भू-भागका एक-दुई स्थानमा भारी वर्षा र हिमपात सम्भावना छ। कोशी, मधेश, बागमती र गण्डकी प्रदेशको एक-दुई स्थानमा धेरै भारी वर्षा र हिमपातको पनि आकलन छ।

**आइतबार** देशभर आंशिक बादल लाग्नेछ। देशका हिमाली र पहाडी भू-भागका एक-दुई स्थानमा हल्कासम्मको वर्षा तथा हिमपातको सम्भावना छ। तराई भू-भाग, उपत्यका तथा खोँचमा बिहानपख केही स्थानमा हुस्सु तथा कुहिरो लाग्नेछ।



# उदयपुर सिमेन्ट उद्योग बन्द हुँदा चुनढुंगा ढुवानी गर्ने रोपवे जीर्ण बन्दै




बन्द भएको उदयपुर सिमेन्ट उद्योग र उद्योगले चुनढुंगा ढुवानी गर्न प्रयोग गर्ने गरेको रोपवे ।

उदयपुरमा **विदुर कटुवाल**

सरकारको पूर्ण स्वामित्वमा रहेको उदयपुर सिमेन्ट उद्योगको चुनढुंगा ढुवानी गर्ने रोपवे लामो समयदेखि प्रयोगविहीन हुँदा जीर्ण बन्दै गएको छ। उद्योग सञ्चालनका लागि उत्तरी भेगको सिन्धाली खानीबाट चुनढुंगा कारखानासम्म ल्याउन बनाइएको रोपवे उद्योगको उत्पादन बन्द भएसँगै जीर्ण बन्दै गएको हो। सिमेन्ट उद्योग जापान सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको थियो।

त्रियुगा नगरपालिका- १६ को सिन्धालीबाट त्रियुगा नगरपालिकाकै वडा नम्बर ६, जलजलेमा रहेको उद्योगसम्म चुनढुंगा ल्याउन १४ किलोमिटर दूरीमा रोपवे प्रयोग हुँदै आएको थियो। नौ महिनादेखि उद्योगको उत्पादन नै बन्द भएपछि रोपवेको नियमित प्रयोग र मर्मतसम्भारसमेत हुन नसक्दा जीर्ण बन्दै गएको उद्योगका निमित्त महाप्रबन्धक वैद्यनाथ झाले बताए। उनले भने, 'त्यसलाई पनि नियमित सञ्चालन गर्न पाएको भए पो राम्रो हुन्थ्यो। अब खिया लाग्न थालिसकेको छ।'

झाका अनुसार हाल रोपवे बन्द भए पनि सामान्य मर्मत गर्दा सञ्चालन गर्न सकिन्छ। उनले भने, 'सञ्चालनमा ल्याउन बकेट सबै ठिक छन्। त्यसमा रोलर र क्याल्यामर मर्मत गर्नुपर्ने हुन्छ। पूर्ण रूपमा मर्मत गर्न अनुमानित ३५ लाख रुपैयाँजति खर्च गर्नुपर्छ।'

३१ जेठ ०४४ मा जापान सरकारको अनुदान सहयोगमा स्थापना भएको उद्योगले ०४९ माघदेखि 'गैंडा छाप' सिमेन्टको व्यावसायिक उत्पादन थालेको थियो। दैनिक आठ सय मेट्रिकटन क्लिंकर उत्पादन क्षमता रहेको उद्योगसँग आफ्नै चुनढुंगा खानी र स्थापित बजारसमेत छ। तर, पुरानो प्रविधि, कमजोर व्यवस्थापन र आर्थिक संकटका कारण उद्योगले क्षमताअनुसार उत्पादन गर्न सकेको छैन। झाले उद्योग बन्द हुँदा उद्योगका मेसिनसमेत पूर्ण मर्मत गर्नुपर्ने अवस्था आएको बताए।

बन्द उद्योगको सरसफाइ नहुँदा उद्योगपरिसर पनि झाडी बन्दै गएको छ। नियमित सञ्चालन हुने मेसिनहरू पनि बन्दा हुँदा खिया लाग्न थालेका छन्। 'उद्योग बन्द मात्र भएको हो। ठुलो समस्या अब चलाउन चेक गरेपछि मात्र थाहा पाइन्छ,' उनले भने।

## नयाँ महाप्रबन्धक नियुक्तिमा ढिलाइ

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको सञ्चालक समिति अध्यक्षमा सरकारले गत असोजमा प्रतिष्ठितलाल श्रेष्ठलाई नियुक्त गरेको छ। तर, उद्योग ०८० असारयता महाप्रबन्धकविहीन छ। अन्तिम महाप्रबन्धकका रूपमा १ माघ ०७७ मा नियुक्ति पाएका तत्कालीन महाप्रबन्धक गोपीकृष्ण न्यौपानेको पदावधि ४ असार ०८० मा सकिएर उनी घर फर्केयता उद्योग नेतृत्वविहीन हुन पुगेको हो। त्यसयता ६ महिनाको अवधिका लागि मन्त्रालयका उपसचिव खगेन्द्र बस्नेतलाई पठाइए पनि बाँकी अवधि निमित्त महाप्रबन्धककै भरमा उद्योग सञ्चालन हुँदै आएको छ।

हाल सरकारले उद्योगको महाप्रबन्धकका लागि तीनजनाको नाम सर्टलिस्टमा राखेको छ। जसमा उमेश लामिछाने, कमलबहादुर शाही र रामचन्द्र पाण्डे छन्। हाल निमित्त महाप्रबन्धक झा भन्छन्, 'नयाँ सरकार बनेपछि पनि महाप्रबन्धक नियुक्तिमा ढिलाइ भएको छ। कहिले मन्त्री फेरिने, कहिले सचिव फेरिने भइरहेको छ। अब तीनजनामध्ये केही समयभित्र एकजना महाप्रबन्धक बनेर आउनुहुन्छ होला।'

उदयपुर सिमेन्ट उद्योग सञ्चालक समितिका अध्यक्ष प्रतिष्ठितलाल श्रेष्ठले सरकारले छिट्टै महाप्रबन्धकको टुंगो लगाउने बताए। उनले भने, 'तीनजनाको नाम सर्टलिस्टमा पुगेपछि अब नियुक्तिको प्रक्रिया ढिलाइ हुँदैन। छिट्टै हुन्छ। फेरि बुझ्ने काम गर्नेछु।' उनले उद्योगको हालको अवस्थाबारे उद्योगमै आएर अध्ययन गर्न नपाएको भन्दै छिट्टै आउने बताए। उनले भने, 'उद्योग बन्द छ। उद्योगको अध्ययन गरी समस्या पत्ता लगाएर अब नियमित सञ्चालनको तयारीमा छौँ।'

## नौ महिनादेखि उद्योग बन्द हुँदा दायित्व ६ अर्ब

०८२ फागुनदेखि हालसम्म उद्योग बन्द छ। उद्योग बन्द भएको नौ महिनाको अवधिमा उद्योगले तिर्नुपर्ने दायित्व ६ अर्ब रुपैयाँ पुगेको उद्योगका निमित्त महाप्रबन्धक झाले बताए। उनका अनुसार हाल उद्योगमा कार्यरत कर्मचारीले ०८१ चैतदेखि तलबभत्तासमेत पाएका छैनन्। त्यस्तै, ०७९ भदौदेखि हालसम्म सञ्चय कोष र नागरिक लगानी कोषको रकम, बिमा शुल्क दाखिलालगायत विभिन्न शीर्षकमा करोडौँ रुपैयाँ दायित्व छ। विद्युत् महसुल, ट्रंकलाइन तथा डेडिकेटेड फिडरको बक्यौताबाहेक नै विभिन्न शीर्षकमा अनुमानित ६ अर्ब रुपैयाँभन्दा बढी दायित्व पुगेको झाको भनाइ छ।

त्यसैगरी, अवकाशप्राप्त कर्मचारीको निवृत्तिभरण भुक्तानी गर्न मात्रै ८२ करोड २५ लाख ३५ हजार ७५२ रुपैयाँ दायित्व रहेको झाले बताए। उनका अनुसार उद्योगले ०८२ फागुनमै उत्पादन गरेको तयारी सिमेन्ट बिक्रीबाट प्राप्त आम्दानी सुरक्षा गार्डको तलब, कर्मचारीको दसैँ खर्च, बोरा खरिद र महाप्रबन्धकको गाडी मर्मत र नवीकरण गरेको छ। उनले भने, 'हालसम्म तयारी सिमेन्ट मात्र ६१ लाख ३६ हजार ३८४ रुपैयाँको बिक्री भएको छ। हामीसँग बाँकी अझै चार करोड रुपैयाँको सिमेन्ट बिक्री गर्न बाँकी छ।'

**नबिल बैंक, न्युरोड शाखा, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मितिः : २०८३/०७/१२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

| | तपसिल |
|---|---|
| १ | **ऋणीको नाम र ठेगानाको विवरण (न्यूरोड शाखा, काठमाडौं)** |
| | प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ बमोजिम प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभाक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय काठमाडौंमा मिति २०७८/०१/०३ मा प्रा.फ.र.नं. ३-३५-३८२-४७४/२०७७/७८ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **जि पि एस ट्रेडर्स**। ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १४,खसीबजार,कंलकी। **ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण:** हिरामणि भूषालकी छोरी, राम प्रसाद गैरेकी बुहारी, पदम प्रसाद गैरेकी श्रीमती, रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १६ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १५ बस्ने बस्ने, ना.प्र.न.२१५५९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. रुपन्देही जारी मितिः बि.सं. २०५९/०५/१८), भएकी **गंगा गैरे भूषाल।** |
| | **ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | शोभा कान्त गैरेको नाति, राम प्रसाद गैरेको छोरा, रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं.१६ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं.२/२०५३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. रुपन्देही जारी मितिः बि.सं. २०५१/०५/१३), भएको **पदम प्रसाद गैरे**। |
| | **धितोको विवरण** |
| | रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं.१६ बस्ने **पदम प्रसाद गैरे**को नाममा दर्ता भई रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं.९ नक्सा सिट नं ०९८१२०००१ मा अवस्थित कि.नं. १६७ क्षेत्रफल १५२.३७ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत। |
| २ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | शोभा कान्त गैरेको नाति, राम प्रसाद गैरेको छोरा, रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं.१६ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं.२/२०५३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. रुपन्देही जारी मितिः बि.सं. २०५१/०५/१३), भएको **पदम प्रसाद गैरे**। |
| | **ब्यक्तिगत जमानतकर्ताको विवरण** |
| | हिरामणि भूषालकी छोरी,राम प्रसाद गैरेकी बुहारी, पदम प्रसाद गैरेकी श्रीमती, रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १६ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १५ बस्ने बस्ने, ना.प्र.न.२१५५९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. रुपन्देही जारी मितिः बि.सं. २०५९/०५/१८), भएकी **गंगा गैरे भूषाल**। **संस्थागत जमानतकर्ताको नाम र ठेगानाको विवरण :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य व्यवस्थापन विभागमा मिति वि.सं. २०७०/०१/१९, प्रा.फ.र.नं. ११०८७९/०६९/७०, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **मां वैष्णोदेवी इन्टरप्राइजेज**। ठेगानाः काठमाण्डौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २२, वटु। |
| | **धितोको विवरण** |
| | **धितोमा रहेको घर/जग्गाको विवरण** धनी यस बैंक, **ऋणी** र **Mila Land Development Pvt.Ltd.** बीच भएको त्रिपक्षीय सम्झौता बमोजिम यस बैंकको नाममा दृष्टिबन्धक कायम रहेको यस बैंकको ऋणी श्री मिला लेण्ड डेभलपमेन्ट प्रा.लि.को नाममा मालपोत कार्यालय, कलंकी काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १४ स्थित कि.न ३८३, ३८६, ३९४, २८७, ३०१, २९८, ३६३, २७१, ३५२, ४२५, ३४७, ३४५, ३४८, १२५, ३९०, ३९७, ४२२, ३८९, ३९२, ३७७, ३२३, ३२४, ३२५, ४८४, ४८६, ४८९, ३७८, ५१७, ५१५, ५२९, ५१९, ५२२, ५२५ र ५२७ को जम्मा क्षेत्रफल १६१.४५ वर्ग मिटरको जग्गामा सुरक्षणधनी कम्पनीले प्रवर्द्धन गरेको National Business Trade Center नामक व्यवसायिक भवन (commercial building) को level+1 को क्षेत्रफल १६१.४५ वर्ग फिट को उत्तर पश्चिम मोहडाको पसल नं F12. |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

## आजदेखि...

पृष्ठ १ बाट क्रमशः

बढेर शुक्रबार र शनिबार भने देशका धेरै ठाउँमा पानी पर्ने तथा केही ठाउँमा ठुलो वर्षा हुने आकलन नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले गरेको छ।

महाशाखाका मौसमविद् सञ्जीव अधिकारीले चक्रवातको प्रभावले बुधबारदेखि बादल लाग्न थाले पनि बिहीबारदेखि असर बढ्ने बताए। 'वर्षा बिहीबारदेखि नै सुरु हुने देखिन्छ। तर, शुक्रबार र शनिबार देशभर नै वर्षाको सम्भावना छ। केही ठाउँमा भारी वर्षा पनि हुन्छ,' उनले भने, 'यो प्रणालीले विशेषगरी उच्च पहाडी र हिमाली क्षेत्रमा अलि जोखिम छ। त्यहाँ विपत् निम्तिन सक्छ। समग्रमा धानबाली र पर्यटन क्षेत्र प्रभावित हुने देखिन्छ।'

महाशाखाले बिहीबारदेखि शनिबारसम्म कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका अधिकांश स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपात हुन सक्ने जनाएको छ। त्यस्तै, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा मेघगर्जन, चट्याङ र असिनासहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ। कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षा तथा हिमपात हुन सक्ने पूर्वानुमान छ। कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भूभागका एक-दुई स्थानमा समेत भारी वर्षा तथा हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार बंगालको खाडीमा बनेको अर्नब चक्रवात भारतको आन्ध्र प्रदेश र यानमको तटीय क्षेत्रबाट बुधबार बिहान करिब ८:१५ बजे जमिनमा प्रवेश गरिसकेको छ। चक्रवात आफैँमा कमजोर हुँदै गए पनि त्यसले बोकेर ल्याएको शक्ति (जलवाष्पयुक्त हावा) उत्तर-उत्तरपश्चिम दिशातर्फ अघि बढिरहेको छ। बिहीबार बिहानसम्म न्यूनचापीय क्षेत्रमा परिणत हुने सम्भावना छ। 'चक्रवातले नेपालमा सिधै असर गर्ने होइन। त्यसले बोकेर ल्याएको शक्ति कहाँसम्म पुग्छ भन्ने हो। बिहार र उत्तरप्रदेशसम्म यसको असर देखिन्छ। जलवाष्पयुक्त हावा नेपालमा पनि आउने र वायुमण्डलमा फैलिँदा पानी पर्ने हो,' उनले भने।

### हिमआँधी र हिमपहिरोको जोखिम

चक्रवातको प्रभावले उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपातसँगै हिमआँधी र हिमपहिरोको जोखिमसमेत रहने महाशाखाले चेतावनी दिएको छ। सम्भावित जोखिमलाई ध्यानमा राख्दै पर्यटकलाई उच्च हिमाली क्षेत्रमा नजान र त्यहाँ पुगिसकेकालाई मौसम प्रतिकूल रहने अवधिमा सुरक्षित स्थानमा बस्न आग्रह गरिएको छ।

वर्षा र हिमपातका कारण चिसो बढ्नुका साथै जोखिमयुक्त स्थान तथा सडक छेउछाउमा पहिरो जान सक्ने सम्भावना पनि रहेको महाशाखाले जनाएको छ। यसबाट सडक तथा हवाई यातायातसहित दैनिक जनजीवन प्रभावित हुन सक्ने भएकाले सर्वसाधारण र सम्बन्धित निकायलाई आवश्यक सतर्कता अपनाउन तथा पूर्वतयारी गर्न अनुरोध गरिएको छ।

धानबाली भित्र्याउने समय भएकाले किसानलाई पनि विशेष सतर्कता अपनाउन महाशाखाले आग्रह गरेको छ। मौसम प्रतिकूल हुन सक्ने अनुमानका आधारमा आगामी शनिबारसम्म धानबाली भित्र्याउनेलगायतका कृषि कार्य नगर्न भनिएको छ।

**मोटरसाइकल हरायो**

मिति २०८३/६/२६ गते अ. १९:३० बजेको समयमा ललितपुर जिल्ला महालक्ष्मी न.पा.-०७, चाँगाथली स्थित घर अगाडी पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 150 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

**नाम : दिल बहादुर दर्जी**
मो.सा.नं.: बा.प्र.०२-०६८ प ५४४३
चेसिस नं.: MD2A11CX5TPL51623
इन्जिन नं.: DHXPTL76379
सम्पर्क न.: 9844412587

**मोटरसाइकल हरायो**

मिति २०८३/६/२४ गते अ. २३:२२ बजेको समयमा जिल्ला भक्तपुर सिद्धिकालि, कोरियन अस्पताल जाने बाटोमा पार्किङबाट मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको पल्सर 200NS मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

**नाम : रमेश कुमार सिंह**
मो.सा.नं.: बा.प्र.-०२ ०७० प ५१५७
चेसिस नं.: MD2A36FX5TCA99479
इन्जिन नं.: JLXCTA65226
सम्पर्क न.: 9765367090

**लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०७/१२**

यस सा व उ स वाट संकलित साल गोलिया काठ ११०६.८३ क्यू फिट, साल चिरान काठ ५१९.३० क्यू फिट र साल दाउरा ४ चट्टा तथा वाकल ५००० के जी ३ लटमा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**औसराजुडी सा. वन उपभोक्ता समूह, ऋषिङ ४, तनहूँ।**

■ चोरी आरोपको बदला लिन व्यवसायी गुप्ताको हत्या

# मुख्य योजनाकार आलमसहित दुई बालक पक्राउ

**विराटनगर**/ व्यापारी लालजीप्रसाद गुप्ताको हत्या आरोपमा प्रहरीले मुख्य योजनाकारसहित दुईजनालाई पक्राउ गरेको छ। भारतको वाराणसी घर भई चार दशकदेखि विराटनगरको महावीर रोडमा लाल ब्याट्री एन्ड सन्स ट्रेडर्स सञ्चालन गर्दै आएका ६९ वर्षीय गुप्ताको हत्या आरोपमा मुख्य योजनाकार अफरोज आलमसहित दुई बालकलाई मोरङ र सुनसरी प्रहरीको संयुक्त टोलीले मंगलबार साँझ पक्राउ गरेको हो।

पक्राउ पर्नेमा विराटनगर महानगरपालिका- ६, स्वागत चोकका हार्डवेयर गोदाम सञ्चालक ३६ वर्षीय आलमसहित शव व्यवस्थापन र ओसारपसारमा सघाउने १३ वर्षीय एक भारतीय र १६ वर्षीय एक नेपाली बालक पक्राउ परेका हुन्। ६ कात्तिक दिउँसो करिब ३ बजे पसलबाट निस्किएका व्यापारी गुप्ता त्यसपछि सम्पर्कविहीन बनेका थिए। त्यसको दुई दिनपछि ८ कात्तिक बिहान मोरङ र सुनसरीको सिमानामा पर्ने सुनसरीको बर्जु गाउँपालिका- २, भीमपुरस्थित केसलिया खोलाको किनारमा उनको शव बेवारिसे अवस्थामा फेला परेको थियो।

सुनसरी प्रहरी प्रमुख एसपी पुष्पराज मल्लका अनुसार अनुसार विराटनगर- ६ स्थित माता इलेक्ट्रिक वर्क्सबाट पानी तान्ने मोटरको तार आलमले चोरी गरेको भन्दै गुप्ताले बजारमा कुरा फैलाइदिएका थिए। आफूलाई 'चोर' भनेर हल्ला चलाएको भन्दै आलम गुप्तासँग रिसाएका थिए। यसैले त्यसको बदला लिन उनले मौका खोजिरहेका थिए। दसैंको अवसर पारेर उनले ६ कात्तिक साँझ गुप्तालाई खाना खान बोलाएका थिए। योजनाअनुसार आफ्नै घरमा बोलाएर मादक पदार्थ सेवन गराई बोतल र रडले हानेर हत्या गरेपछि दुई बालकको सहयोगमा गुप्ताको शव आलमले बोरामा हालेर मोरङ र सुनसरीको सिमानामा पर्ने केसलिया खोलामा सुनसरीको बर्जुगाउँपालिकातर्फ फ्याँकिदिएका थिए।

## 'रोहित गुप्तालाई...

पृष्ठ १ बाट क्रमशः

१७ भदौमा गुप्तालाई धरौटीमा छाड्ने आदेश गरेको थियो। त्यही दिन फुयाल र बिचौलिया सापकोटाबिच यो संवाद भएको स्रोतको दाबी छ। विशेषले २८ साउनमा गुप्तालाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको थियो। यो आदेश बदरको माग गर्दै उनी सर्वोच्च पुगेका थिए।

त्यही संवादका क्रममा फुयालले बिचौलिया सापकोटालाई होटेलमा भेट्न पनि प्रस्ताव गरेका छन्। उनले भनेका छन्- भोलि साँझ ७ बजे हिमालय होटेलमा भेटौँ। जवाफमा सापकोटाले भनेका छन्, 'स्योर सर, चिन्ता नगर्नुस् म भर्खर ल्यान्ड भएको छु।' विवादास्पद कारोबारी भट्टको समूहको मुद्दाका विषयमा कुराकानी गर्न उनीहरूबिच भेट भएको स्रोतको दाबी छ। अनुसन्धानमा संलग्न एक अधिकारीका अनुसार हिमालय होटेलबाट फुयाल र सापकोटाबिच भेट भएको समयको सिसिटिभी फुटेजसमेत मगाएर अनुसन्धान गर्ने तयारी प्रहरीले गरेको छ। तर, राजनीतिक नेतृत्वबाट भने सहयोग नभएको प्रहरी अधिकारी बताउँछन्।

स्रोतका अनुसार न्यायाधीश फुयाल र बिचौलिया सापकोटाबिच कुराकानी भएको केही दिनमै भट्ट पनि बन्दी प्रत्यक्षीकरणको रिट लिएर सर्वोच्च गएका थिए। बुवा चतुर्भुज भट्टले गत ७ असोजमा सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गराएका थिए। भोलिपल्ट ८ असोजमा सर्वोच्चले कारण देखाऊ आदेश जारी गरेको सो मुद्दा त्यसपछि सुनुवाइका लागि पेस भएको छैन। भट्टविरुद्ध धितोपत्रसम्बन्धी कसुर, बिमासम्बन्धी कसुर र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा संलग्न भएको अधियोगमा विभिन्न अदालतमा मुद्दा विचाराधीन छन्। सरकारले उनीविरुद्ध २७ अर्बभन्दा धेरै सम्पत्ति कसुरजन्य कार्यबाट आर्जन गरेको अभियोगसहित बिगो दाबी गरेको छ। हिमालय रि-इन्सुरेन्स भट्ट र उनको समूहले घोटाला गरेको प्रमुख कम्पनीमध्येको एक हो, जसमा गुप्ता पनि पूर्वसञ्चालक थिए।

भट्ट र उनको समूहका विचाराधीन मुद्दामा प्रतिवादीलाई सुविधा हुने गरी चलखेल गरेको सूचनाका आधारमा बिचौलिया सापकोटालाई प्रहरीले गत १४ असोजमा विमानस्थलबाट पक्राउ गरेको थियो। उनीमाथि अनुसन्धानको क्रममा न्यायालयभित्र र बाहिरका उच्चपदस्थहरूसँग शंकास्पद सम्बन्ध देखिएको छ। अदालतमा विचाराधीन मुद्दाको विषयमा न्यायाधीश फुयाल र सापकोटाबिच कुराकानी भएको र होटेलमा भेटेको देखिन्छ। सापकोटाको मोबाइलबाट चलखेल र शंकास्पद कारोबारका विवरण भेटिएको प्रहरी स्रोत बताउँछ। सोही आधारमा प्रहरीले लगानी बोर्डका पूर्वसिइओ रहेका दीपक भट्टका दाइ सुशील भट्टलाई पनि पक्राउ गरिसकेको छ।

### दीपक भट्ट समूहको मुद्दासम्बन्धी टाइमलाइन

- **२८ जेठ– दीपक भट्ट र उनको समूहविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा दर्ता**
- **३ असार– दीपक भट्ट र सुलभ अग्रवाल कारागार चलान**
- **२६ साउन– व्यवसायी शेखर गोल्छालाई एक करोड धरौटीमा छाड्ने आदेश**
- **२८ साउन– व्यवसायी रोहित गुप्तालाई थुनामा पठाउने विशेष अदालतको आदेश**
- **१७ भदौ– व्यवसायी रोहित गुप्तालाई दुई करोड धरौटीमा रिहा गर्न सर्वोच्चको आदेश**
- **७ असोज– बिचौलिया दीपक भट्टको परिवारद्वारा सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता**
- **११ असोज– पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासँग प्रहरीको सोधपुछ**
- **१४ असोज– मुद्दामा चलखेल गरेको आरोपमा बिचौलिया इनम सापकोटा पक्राउ**

**पछि न्यायाधीश हरि प्रसाद फुयालले सापकोटाको बन्दी प्रत्यक्षीकरणको रिट पनि आफैँले हेरेका थिए। सामान्यतया न्यायाधीशले निकटस्थ व्यक्तिको मुद्दा नहेर्ने चलन छ। तर, २३ असोजमा फुयाल र सुनील पोखरेलको इजलासले सो मुद्दामा सुनुवाइ गर्दै रिट खारेज गरेको थियो।**

जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी दिलीप घिमिरेले सापकोटाविरुद्ध नेपाल राष्ट्र बैंक ऐन र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको बताए। 'विशेष टोली नै गठन गरेर अनुसन्धान भइरहेको छ,' उनले भने, 'अनुसन्धान नटुंगिएसम्म यससम्बन्धी विवरण गोप्य नै रहन्छन्।'

उपत्यका प्रहरी कार्यालयका एसपीको नेतृत्वमा टोली गठन गरी सापकोटा र उनको नेटवर्कमाथि प्रहरीले अनुसन्धान गरिरहेको छ। उनको घरबाट भेटिएको एक हजार चार सय अमेरिकी डलरको स्रोत नखुलेकाले त्यसमा नेपाल राष्ट्र बैंक ऐन आकर्षित हुन लागेको हो। साथै उनी र श्रीमती कविता पाण्डेको खातामा शंकास्पद आर्थिक कारोबारहरू भेटिएपछि उनीहरूका बैंक खाता रोक्का राखिएको छ।

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासँग मिलेर सापकोटाले अदालतका विचाराधीन मुद्दामा चलखेल गरेको अभियोग छ। गत ११ असोजमा प्रहरीले जबरालाई समेत नियन्त्रणमा लिई सोधपुछ गरेको थियो। पछि सापकोटालाई भने थुनामै राखेर अनुसन्धान अघि बढाएको हो। उनको नेटवर्कमा रहेका धेरै व्यक्तिलाई सोधपुछमा बोलाउने प्रहरी तयारी छ। दबाबमुक्त अनुसन्धान भएमा यसमा धेरै उच्चपदस्थहरू तानिने संकेत देखिएको प्रहरी अधिकारी बताउँछन्। इनमसँगको शंकास्पद सम्बन्ध र गोप्य सूचनाहरू चुहाएको आरोपमा सरकारले सशस्त्र प्रहरीका एआइजी वंशीराज दाहाललाई गत २० असोजमा सेवाबाट हटाउने निर्णय गरेको थियो।

न्यायाधीशले बिचौलियासँग विचाराधीन मुद्दाको विषय जानकारी दिनु र होटेलमा भेटेर थप कुरा गर्ने प्रस्ताव गर्नु न्यायिक आचरणविपरीत देखिन्छ। न्यायाधीशहरूको आचारसंहिता २०७४ को बुँदा ४.३ मा भनिएको छ, 'न्यायाधीशले न्याय सम्पादनमा नकारात्मक प्रभाव पर्ने गरी कुनै पनि व्यक्तिसँग अनावश्यक रूपमा सम्बन्ध वा सम्पर्क बढाउनुहुन्न।' तर, फुयाल आफैँले मुद्दामा चलखेल गरिरहेका बिचौलिया सापकोटालाई भेट्न प्रस्ताव गरेका थिए। अनुसन्धानका क्रममा रहेको विषय भन्दै उनले यसबारे औपचारिक प्रतिक्रिया दिन चाहेनन्।

वरिष्ठ अधिवक्ता बाबुराम दाहालले न्यायाधीशले बिचौलियासँग कुरा गर्नु अक्षम्य अपराध भएको बताए। 'सर्वोच्चका न्यायाधीशले त्यसरी बिचौलियासँग कुरा गरेको हो भने सिधै बदमासी देखियो। न्यायाधीशले कुनै पनि पक्षसँग मुद्दाको विषयमा कुरा गर्न मिल्दैन। यसको तत्काल छानबिन हुनुपर्छ र छानबिन नसकिएसम्म त्यस्ता न्यायाधीश(लाई निलम्बन गर्नुपर्छ। यो अक्षम्य र गम्भीर अपराध भएकाले न्यायाधीश पदमा बस्न उपयुक्त हुँदैन,' उनले भने, 'न्यायालयलाई स्वच्छ र पवित्र बनाउने हो भने तत्काल फुलकोर्टको यसमा ध्यानाकर्षण हुनुपर्छ र गोला तान्न दिनुहुन्न। अन्य न्यायाधीशले छानबिन नसकिएसम्म बेन्च सेयर पनि गर्नुहुन्न। संसद्को पनि यसमा ध्यानाकर्षण हुनुपर्छ।'

नेपाल बारका अध्यक्ष विजयकुमार मिश्रले सरकारले न्यायपालिकालाई भ्रष्टाचारविहीन बनाउन चाहेको हो भने आफूहरूको साथ-सहयोग रहने बताए। 'इनम सापकोटाको अहिले धेरै कुरा आइरहेको छ। यदि सरकारले न्यायपालिकालाई भ्रष्टाचारविहीन बन(ाउन चाहेको हो भने त्यसमा हाम्रो समर्थन रहेको छ। तर, यो सुशासनतर्फको कदम हो कि स्टन्टबाजी हो प्रस्ट हुन सकेको छैन,' उनले भने, 'कुनै न्यायाधीशको विषयमा प्रमाण नहेरी हामीले बोल्न मिलेन। तर, न्यायपालिकालाई बिचौलियामुक्त बनाउनुपर्ने खाँचो भने छ। त्यसकारण इनम र न्यायापालिकासँग जोडिएका विषयमा क-कसको सम्पर्क देखिएको छ निष्पक्ष रूपमा अनुसन्धान हुन्छ भन्नेमा हामी आशावादी छौँ। खन्डे र चयनमुखी अनुसन्धान हुनुभएन।'

वरिष्ठ अधिवक्ता श्रीहरि अर्यालले न्यायपालिका छाडा भएको बताए। 'पछिल्लो समय न्यायपालिका छाडा भएको छ। निगरानी गर्ने संयन्त्र छैन। त्यहीकारण यस्ता गतिविधि भएका हुन सक्छन्', उनले भने, 'राजनीतिक दलहरूबाट पनि न्यायपालिकामाथि प्रहार भएको छ। राजनीतिक आडमै गलत व्यक्ति न्यायाधीश नियुक्ति भएर नेतृत्वसम्म पुगेका छन्। न्यायपालिकाको व्यवस्थापन कसले गर्ने भन्ने अहिले प्रश्न खडा भएको छ। यसमा राज्य गम्भीर हुने वेला आइसकेको छ।'

### ■ जेलदेखि न्यायालयसम्मको नेटवर्क खोजी हुँदै

नयाँ सरकार गठन भएलगत्तै विवादास्पद कारोबारी दीपक भट्ट र उनको समूहले गरेको आर्थिक अपराधको छानबिन सुरु भएको थियो। जसमा हालसम्म ६ वटा मुद्दा दायर भइसकेका छन्। भट्ट, उनलाई साथ दिने शंकर ग्रुपलगायत व्यापारी यसमा तानिएका छन्। सम्पत्ति शुद्धीकरण, बैंकिङ कसुर, बिमासम्बन्धी कसुर र धितोपत्रसम्बन्धी कसुरमा मुद्दा दायर भएको छ।

विगतका शक्तिशाली व्यक्तिमाथि मुद्दा दायर भएपछि उनीहरूले अदालतलाई प्रभाव पारी उन्मुक्ति पाउने प्रयास गरेका थिए। जसमा बिचौलिया इनम सापकोटाले समन्वय गरेको हालसम्मको अनुसन्धानले देखाएको छ। आर्थिक लेनदेनका विषयसमेत देखिएपछि दीपकका दाइ सुशीललाई गत ३१ असोजमा प्रहरीले पक्राउ गरेर सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान भइरहेको छ। यस प्रकरणमा दीपकसहित शंकरलाल अग्रवाल, सुलभ अग्रवाललगायत थुनामा छन्। शेखर गोल्छालगायत कतिपय व्यापारी धरौटीमा छुटेका छन् भने केही अझै फरार छन्।

विगतमा सत्ताको आडमा यो समूहले देशमा नीतिगत रूपमै वित्तीय अपराध गरेको थियो। ती मुद्दालाई आफूअनुकूल बनाउन सो समूहले बिचौलिया सापकोटादेखि पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालगायत व्यक्तिसँग कुराकानी गरेको छानबिनमा खुलेको छ। दीपकले जेलबाटै चलखेल गरेको पाइएपछि उनलाई डिल्लीबजारबाट नक्खु कारागार हुँदै हाल सिन्धुपाल्चोक कारागार पठाइएको छ। उता प्रहरीले इनमको मोबाइल डिजिटल फरेन्सिक ल्याबमा पठाएर 'सेटिङ' र शंकास्पद कारोबारको विस्तृत प्रमाण संकलन गरिरहेको छ।

## बोक्सीको...

पृष्ठ १ बाट क्रमशः

चारजनाको नाममा बुधबार जाहेरी दिएकी थिइन्। उनीहरूले डगौरामाथि बोक्सीको आरोपमा गालीगलौज गर्दै ओछ्यानबाट तानेर लछारपछार र कुटपिट गरेको बुझिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार डगौरालाई कुटपिटबाट जोगाउने क्रममा उनका नाति संजित चौधरीमाथि समेत कुटपिट भएको थियो।

पीडितले प्रहरीलाई बताएअनुसार कृष्णले यसअघि पनि बोक्सी भनेर उनलाई गालीगलौज गर्ने गरेका थिए। आरोपितलाई नियन्त्रणमा लिएर घटनाको अनुसन्धान थालिएको इलाका प्रहरी कार्यालय भजनीका प्रमुख प्रहरी निरीक्षक खगेन्द्र साउदले बताए। उनका अनुसार पक्राउ परेका चारैजनालाई पाँच दिन थुनामा राख्न कैलाली जिल्ला अदालतबाट म्याद थप गरिएको छ।

# सामान्य परिमार्जनसहित प्रहरीमा स्टाफ कलेजलाई निरन्तरता

## स्टाफ कलेज संगठनको बृहत्तर हितमै रहेको अध्ययन समितिको निष्कर्ष, यो वर्ष ०७० का ब्याचलाई मात्र अवसर

● नेपाल प्रहरीका प्रवक्ता **अविनारायण काफ्ले** भन्छन्-



स्टाफ कलेजलाई अझै परिष्कृत ढंगले अघि बढाउन प्रतिवेदन आएको छ। सोहीअनुसार निर्णय भएर प्रतिवेदन कार्यान्वयनमा गइसकेको छ।

**नवराज मैनाली** / नयाँ पत्रिका



प्रहरी लिडरसिप एन्ड स्टाफ कोर्स (स्टाफ कलेज) लाई संगठनको दीर्घकालीन हितमा रहेको निष्कर्षसहित नेपाल प्रहरीले सामान्य परिमार्जन गरेर निरन्तरता दिने निर्णय गरेको छ। डिआइजी विश्व अधिकारीको नेतृत्वमा गठित अध्ययन समितिले स्टाफ कलेज प्रहरी संगठन र कर्मचारीकै हितमा रहेको ठहर गर्दै सामान्य परिमार्जनसहित निरन्तरता दिन सुझाव दिएको थियो। सोही सुझावका आधारमा प्रहरीले कोर्सलाई निरन्तरता दिने निर्णय गरेको हो।

स्टाफ कलेजबारे धेरै प्रहरी अधिकारीको गुनासो आएपछि प्रहरी नेतृत्वले यसबारे अध्ययन गरी सुझाव दिन गत १७ भदौमा एक समिति गठन गरेको थियो। असोज अन्तिम साता समितिले प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई प्रतिवेदन बुझाएको थियो। त्यसलगत्तै, महानिरीक्षक कार्कीले प्रतिवेदन कार्यान्वयनमा लैजाने निर्णय गरिसकेका छन्।

प्रहरी प्रवक्ता अबिनारायण काफ्ले संगठनको उद्देश्य प्राप्ति हुने गरी स्टाफ कलेजलाई अघि बढाउन अध्ययन समितिले सुझाव दिएको बताउँछन्। 'स्टाफ कलेजलाई अझै परिष्कृत ढंगले अघि बढाउन प्रतिवेदन आएको छ,' उनले भने, 'सोहीअनुसार निर्णय भएर प्रतिवेदन कार्यान्वयनमा गइसकेको छ।'

स्टाफ कलेजले यसपटक २०७० र २०७२ मा भर्ना भएका अधिकृतलाई समेटर प्रवेश परीक्षा लिने तयारी गरेको थियो। तर, प्रतिवेदनले यो वर्ष २०७० सालमा इन्स्पेक्टरमा भर्ना भएका अधिकृतलाई मात्र प्रवेश परीक्षामा प्रतिस्पर्धा गर्न दिन सिफारिस गरेको छ। सोहीअनुसार मानव स्रोत विकास विभागले कार्यान्वयन अघि बढाई सो ब्याचका ६५ जना डिएसपीको सूची प्रवेश परीक्षाका लागि प्रकाशन गरेको छ। जसअनुसार प्रवेश परीक्षा आगामी १ पुसमा हुनेछ।

सुरुमा २०७० सालमा भर्ना भएका इन्स्पेक्टरको ब्याचदेखि स्टाफ कलेज लागू हुने निर्णय गरिएको थियो। सो ब्याचलाई तयारीका लागि धेरै समय नभएकाले उनीहरूलाई थप मौका दिई यसपटक उनीहरूलाई मात्र अवसर दिन लागिएको थियो। २०७० को ब्याचका अधिकृतहरू दुईपटक प्रवेश परीक्षामा सहभागी भइसकेका छन्। सो ब्याचमा १३१ जना रहेकामा पहिलो परीक्षामा १७ तथा दोस्रोमा १५ जना मात्र उत्तीर्ण भए। ३५ जनाको कोटा भए पनि न्यून मात्र उत्तीर्ण हुँदै आएका छन्।

यससम्बन्धी प्रवेश परीक्षा नै जटिल भएको धेरै प्रहरी अधिकारीको गुनासो थियो। सोही आधारमा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले यससम्बन्धी अध्ययनका लागि समिति गठन गरेका थिए। 'प्रवेश परीक्षा साह्रै कठिन भन्न प्रहरी अधिकारीको गुनासो सही देखिएन, इन्चार्जमै खटिएर काम गरिरहेका केही अधिकृतले पनि उत्तीर्ण गरेको पाइयो,' अध्ययन समितिका एक अधिकारीले भने, 'त्यसकारण प्रवेश परीक्षासम्बन्धी प्रणालीमा कुनै महत्त्वपूर्ण संशोधनको सिफारिस भएको छैन।' अदालतमा मुद्दालगायतका कारणले यो कोर्स नै खारेज हुने ठानेर प्रवेश परीक्षाको तयारी राम्रो नगर्दा धेरै अनुत्तीर्ण भएको समितिको निष्कर्ष छ।

प्रवेश परीक्षामा उत्तीर्ण हुनका लागि ५० प्रतिशत प्राप्तांक ल्याउनुपर्ने प्रावधान छ। त्यसलाई ४० प्रतिशतमा झार्नुपर्ने केही प्रहरी अधिकारीको राय थियो। तर, यसले स्टाफ कलेजको गुणस्तरलाई नै कमजोर बनाउने भएकाले ५० प्रतिशत नै कायम राख्ने निर्णय भएको छ।

यसबाहेक केही प्रहरीले नेपाली र अंग्रेजी दुवै भाषामा परीक्षा दिनुपर्ने माग गरेका थिए। यसमा लचक हुन सुझाव दिइएको छ। त्यस्तै, प्रवेश परीक्षाको तयारीका लागि थप समय दिन र प्रवेश परीक्षामा सहभागी हुने प्रहरी अधिकृतको सरुवा तथा पदस्थापनलाई पायक बनाउन पनि सिफारिस भएको छ।

त्यस्तै, एक ब्याचका अधिकृतले तीनपटक भन्दा धेरै प्रवेश परीक्षामा सहभागी हुन पाउनुपर्ने माग केहीको थियो। त्यसो गर्दा परीक्षा व्यवस्थापनमै समस्या हुने भएकाले अहिलेकै प्रावधान उचित रहेको निचोड निकालिएको छ।

यस्तै, सकेसम्म धेरै प्रहरी अधिकृत यस कोर्समा सहभागी हुने गरी समेट्न सिफारिस गरिएको छ। हाल ३५ जनाको कोटा रहेकामा यसलाई ४० जनासम्म बनाउन सिफारिस गरिएको अध्ययन समितिका एक अधिकारीले बताए।

अध्ययनका क्रममा समितिले स्टाफ कलेज अध्ययन गरिसकेका पहिलो ब्याच, हाल अध्ययन गरिरहेका दोस्रो ब्याचका अधिकृत तथा प्रवेश परीक्षामा अनुत्तीर्ण भएका अधिकारीसँग पनि छलफल गरेको थियो। त्यस्तै, प्रहरीका उच्च अधिकारी, अवकाश प्राप्त अधिकारी र त्रिविका पदाधिकारीसँग पनि छलफल गरेको थियो।

'छलफलमा कसैले पनि स्टाफ कलेजलाई गलत भन्न सकेनन्, यसलाई अघि बढाउनुपर्छ नै भन्ने मत दिए,' अध्ययन समितिमा रहेका एक अधिकारीले भने, 'तर, प्रहरी धेरै समय फिल्डमा खटिने भएकाले अलि सरलीकरण गर्नुपर्छ भन्ने राय छ।'

### ■ गुणस्तरमा सम्झौता गर्न नमिल्ने त्रिवि पदाधिकारीको राय

त्रिविका पदाधिकारीले स्टाफ कलेज गरेका प्रहरी अधिकृतको अन्तर्राष्ट्रियस्तरमा समेत विशेष मान्यता हुने भएकाले यसको गुणस्तरमा सम्झौता गर्न नमिल्ने राय दिएका छन्।

नेपाली सेना र सशस्त्र प्रहरीमा पनि उच्च तहमा पुग्नका लागि स्टाफ कलेज अनिवार्य हुँदै आएको छ। नेपाल प्रहरीमा २०५८ सालदेखि यससम्बन्धी तयारी सुरु भए पनि ०८२ को वैशाखदेखि कार्यान्वयनमा लगिएको थियो।

तर, कोर्सप्रति कतिपय प्रहरी अधिकृत असन्तुष्ट छन्। कानुनविना नै कोर्स सुरु गर्न लागिएको भन्दै केही प्रहरीले सर्वोच्च अदालतमा रिटसमेत दिएका थिए। तर, सर्वोच्चले योग्यता प्रणालीमा आधारित भई कर्मचारीहरूको वृत्ति विकास योजना बनाउनु सार्वजनिक प्रशासनको सुन्दर पक्ष भएको भन्दै कोर्स सञ्चालनकै पक्षमा फैसला गरिसकेको छ।

न्यायाधीशहरू डा. नहकुल सुवेदी र सुनीलकुमार पोखरेलको इजलासले गरेको फैसलामा 'मूलतः संस्थाको क्षमता विकास र योग्यता प्रणालीको प्रवर्द्धनका लागि नै उक्त कार्यक्रम सञ्चालन गरेको' उल्लेख छ। यद्यपि सर्वोच्चले कानुन नबनेसम्म कोर्सबापतको नम्बर बढुवा प्रणालीमा नराख्न आदेश गरेको छ। हालसम्म यससम्बन्धी कानुन बनेको छैन। सर्वोच्चको फैसलालाई समेत अध्ययन गरेर समितिले सिफारिस गरेको हो।

■ भिजिट भिसामा आएर स्वास्थ्य शिविर

# १० विदेशी नागरिकलाई डिपोर्ट गर्ने तयारी

विराटनगरमा **गणेश लम्साल**

पर्यटकका रूपमा नेपाल प्रवेश गरेर अनुमति नलिई स्वास्थ्य शिविरका नाममा विभिन्न गतिविधिमा संलग्न भएको आरोपमा १० जना विदेशी नागरिक पक्राउ परेका छन्। प्रहरीले बुधबार अमेरिकी पाँच, ब्राजिलका तीन र दुईजना क्यानेडियन नागरिकलाई कानेपोखरी गाउँपालिका- ६ बाट नियन्त्रणमा लिएको हो।

मोरङका सहायक जिल्ला अधिकारी सरोज कोइरालाले भिजिट भिसामा आएर अन्य गतिविधिमा संलग्न भएको पाइएपछि उनीहरूलाई आ-आफ्नो देशमा फिर्ता पठाउन (डिपोर्ट गर्न) बिहीबार काठमाडौं पठाउने तयारी गरेको बताए।

डिपोट गर्न लागिएका सबैजना भिजिट भिसामा नेपाल आएर मोरङको कानेपोखरी गाउँपालिका- ६ स्थित कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता रहेको 'मर्फी वेलफेयर सोसाइटी'को ब्यानरमा सञ्चालित स्वास्थ्य शिविरमा सहभागी भएको पाइएको प्रशासनको भनाइ छ। शिविरमा आँखा, दाँतलगायत स्वास्थ्य उपचार सेवा दिइएको थियो।

● मोरङका सहायक सिडिओ **सरोज कोइराला** भन्छन्-



**भिजिट भिसामा आएर अनुमति नलिई घुमफिरबाहेक जुनसुकै गतिविधिमा संलग्न हुने विदेशी नागरिकलाई प्रशासनले नियन्त्रणमा लिएर निष्कासनको प्रक्रिया अघि बढाउने गरेको छ।**

प्रशासनका अनुसार भिजिट भिसामा आएका उनीहरूले स्वास्थ्य शिविरमा संलग्न हुन आवश्यक अनुमति लिएका छैनन्। कोइरालाका अनुसार विदेशी नागरिकले नेपालमा प्रवेश गरेको प्रयोजनभन्दा फरक गतिविधिमा संलग्न हुन सम्बन्धित निकायबाट आवश्यक अनुमति लिनुपर्छ। 'भिजिट भिसामा आएर अनुमति नलिई घुमफिरबाहेक जुनसुकै गतिविधिमा संलग्न हुने विदेशी नागरिकलाई प्रशासनले नियन्त्रणमा लिएर निष्कासनको प्रक्रिया अघि बढाउने गरेको छ,' उनले भने।

मोरङ प्रशासनले उपलब्ध गराएको विवरणअनुसार ब्राजिलबाट आएका २६ वर्षीय मासिएल सानाना ब्रेनो र २८ वर्षीय साओ पाउलो भाज बार्बोसा चिकित्सक हुन्। ५६ वर्षीय फर्नान्डो अगस्टो फ्यांक इन्जिनियर हुन्। क्यानडाका २५ वर्षीय लुइजी मेनेगुस्सो भालेन्जी विद्यार्थी हुन् भने ५४ वर्षीया एभलिन मेनेगुस्सो फर्नान्डेस गृहिणी हुन्। अमेरिकाबाट आएका ६६ वर्षीय पाउलो रोबर्टो बेचारा शिक्षक, ६० वर्षीय राल्फ वार्नर क्लार्क चिकित्सक र ५२ वर्षीया करेन क्रिस्टिना जारा हुन्। सेल्मा अगस्टा वेज बेचारा गृहिणी र आठ वर्षीया भिक्टोरिया क्रिस्टिना जारा-क्लार्क बालिका हुन्। उनीहरूमध्ये अधिकांश गत २२ अक्टोबरमा नेपाल आएका थिए। ब्राजिलका दुई नागरिक भने २३ अक्टोबरमा नेपाल प्रवेश गरेका थिए। उनीहरूको भिसाको म्याद नोभेम्बर ६ देखि २१ सम्म सकिने विवरणमा उल्लेख छ।

यसअघि गत २३ असोजमा पर्यटक भिसामा नेपाल आएर धर्म प्रचारको प्रशिक्षणमा सहभागी भएका २४ जना दक्षिण कोरियाली नागरिक पक्राउ गरेर मोरङ प्रशासनले डिपोर्ट गराएको थियो। कोरियाली नागरिक मोरङको सुन्दरहरैँचा नगरपालिका-७ मालती मार्गस्थित 'नेपाल न्यु कोभेनन्ट कलेज'मा आयोजित धार्मिक प्रशिक्षण कार्यक्रममा सहभागी थिए। अध्यागमन विभागले उनीहरूलाई जनही ५० हजार रुपैयाँ जरिवाना गरेको थियो।

२० चैत ०८० मा पनि हा युङ, ओक सुन र चुङ जालगायत ३९ जना कोरियाली नागरिक विराटनगर विमानस्थल हुँदै मोरङ आएका थिए। उनीहरू कलेजमा आयोजित दीक्षान्त समारोहमा सहभागी भएर २२ चैतमा काठमाडौं फर्किएका थिए। त्यसपछि कानेपोखरीमा अनुमति नलिई स्वास्थ्य शिविरमा संलग्न भएको आरोपमा तीन देशका थप १० विदेशी नागरिक नियन्त्रणमा परेका हुन्।

## संक्षेप

### फर्जी कागजात बनाएर ३९ लाखभन्दा बढी भ्रष्टाचार

**काठमाडौं**/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय मुगुका तत्कालीन प्रमुख राजीव रिमालसहित चारविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। खानेपानी योजनाहरूको फर्जी कागजात बनाएर ३९ लाख ४० हजार ३०९ रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा अख्तियारले बुधबार आरोपपत्र दायर गरेको हो। आर्थिक वर्ष ०७६/७७ मा खानेपानी योजनाको डिपिआर निर्माण गर्दा फर्जी मूल्यांकन समिति र निर्णय खडा गरी, नक्कली हस्ताक्षर तथा बिलभर्पाइ बनाएर भुक्तानी दिएको अख्तियारको आरोप छ। अल्का साँघु खानेपानी योजना, थर्पना खानेपानी योजना, वारिलिउडी खानेपानी योजना, भुजगुम्बा खानेपानी योजना, खत्याड बृहत् खानेपानी योजना, गुराउँसे खानेपानी योजना, जम्फै खानेपानी योजना, गम्था खानेपानी योजना र जोगीलेख खानेपानी योजनाको पहिलो तथा जिमा खानेपानी योजना, छोरेपानीदेखि महादेवसम्म बृहत् खानेपानी योजना, सोरू बृहत् खानेपानी योजना र नदै बृहत् खानेपानी योजनाको कानुनविपरीत दोस्रो प्याकेज बनाई रकम हिनामिना गरेको आरोपपत्रमा उल्लेख छ।

### कोप-३१ मा नेपालको सहभागिता परिणाममुखी बनाउन छलफल

**काठमाडौं**/ हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी-त्रिशूली विपत्सम्बन्धी संसदीय विशेष समितिको बैठकमा आगामी कोप-३१ सम्मेलनमा नेपालको सहभागिता, जलवायु कूटनीति तथा राष्ट्रिय हितका विषयमा छलफल भएको छ।

समितिका सभापति गणेश पराजुलीले कोप सम्मेलनमा नेपालको सहभागिता औपचारिक भ्रमणमा मात्र सीमित नभई ठोस उपलब्धि हासिल गर्ने गरी तयारी हुनुपर्नेमा जोड दिए। अन्तर्राष्ट्रिय वार्ता तथा संवादमा सहभागी हुने प्रतिनिधि विषयगत रूपमा सक्षम, आवश्यक तयारीसहित र नेपालको हित प्रभावकारी रूपमा प्रस्तुत गर्न सक्ने हुनुपर्ने उनको धारणा थियो। बैठकमा सम्बन्धित मन्त्री, मन्त्रालयका सचिव तथा वातावरण महाशाखा प्रमुखसँग कोप-३१ मा नेपालले उठाउने विषयहरूबारे छलफल भएको थियो। प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघमा तथा सभामुखले अन्तरसंसदीय संघमा व्यक्त गरेका धारणालाई समेत ध्यानमा राखी नेपालको हितअनुकूल अन्तर्राष्ट्रिय वार्ता अघि बढाउनुपर्ने विषय उठाइएको थियो।

### विद्यालय भवन हस्तान्तरण

**रामेछाप**/ जापानको आर्थिक सहयोगमा निर्माण सम्पन्न भएको दुईकोठे विद्यालय भवन सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरिएको छ। रामेछापको मन्थली नगरपालिका- १२, गेलुस्थित श्री पशुपति आधारभूत विद्यालयको दुईकोठे विद्यालय भवन जापानस्थित निचिनोकेन कान्तो कम्पनीका प्रमुख कोजी माइसामुको सहयोगमा ३५ लाख जापानी येन (२९ लाख ७३ हजार ४३५ रुपैयाँ नेपाली) मा निर्माण सम्पन्न भएको हो। भवनको मन्थली नगरपालिकाका प्रमुख लव श्रेष्ठ र जापानस्थित निचिनोकेन कान्तो कम्पनीका अध्यक्ष कोजिमा ताकासीले संयुक्त रूपमा उद्घाटन गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुमार कार्की र विद्यालयका प्रधानाध्यापक प्रह्लाद खत्रीलाई हस्तान्तरण गरिएको थियो। नयाँ भवन पाएसँगै विद्यालयमा अध्ययनरत बालबालिकालाई सहज हुने भएको छ।

■ सरकारविरुद्ध ओली आक्रामक

# देशको स्वतन्त्रता र स्वाधीनता नै बन्धक बनेको आरोप

नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको रास्वपा सरकारविरुद्ध आक्रमक रूपमा प्रस्तुत भएका छन्। तीन सातापछि राष्ट्रिय भेला बोलाएर एमालेले पार्टी नेता-कार्यकर्तामार्फत आन्दोलनको पक्षमा जनमत सिर्जना गर्ने प्रयास गरिरहेका वेला ओली बुधबार पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा सरकारविरुद्ध आक्रामक रूपमा प्रस्तुत भए।

आगामी २ र ३ मंसिरमा राष्ट्रिय भेला बोलाएर तीन हजारभन्दा बढी नेता-कार्यकर्ता सहभागी कार्यक्रममार्फत एमालेले आन्दोलन र स्थानीय चुनाव दुवैको तयारी समानान्तर रूपमा अगाडि बढाउने प्रयास गरिरहेको छ। कार्यक्रममा उनले नेपाल अहिले स्वतन्त्रता र राष्ट्रिय स्वाधीनता नै बन्धक बनेको अवस्थामा रहेको विषय उठान गर्दै आन्दोलनका लागि तयारीमा लाग्न पार्टीपंक्तिलाई निर्देशित गरे।



'हामी स्वतन्त्रताको उपयोग गर्न नसक्ने निरीह अवस्थामा पुगेका छौँ। हामी आन्दोलनकारी ढंगबाट अगाडि बढ्नुको विकल्प छैन। अहिले होस् कि भोलि होस् कि तिहार, छठपछि होस् हामी मानसिक रूपमा तयार भएर बस्नुपर्छ। भित्रभित्रै तयारी अवस्थामा बस्नुपर्छ,' उनले भने।

ओलीले देशलाई स्वतन्त्रता र स्वाधीनता प्रयोग गर्न सक्ने अवस्थामा फर्काउन पनि आन्दोलनको विकल्प नभएको भनाइ राखे। 'अहिले देशले स्वतन्त्रता उपयोग गर्न पाएको छैन, स्वाधीनता खण्डित भएको छ। देश कमसेकम स्वतन्त्रताको प्रयोग, स्वाधीनताको प्रयोग गर्न सक्ने हुनुपर्छ,' उनले भने।

देशमा कोही पनि बोल्नै नसक्ने गरी राज्य आतंक सिर्जना गरिएको, गुन्डाराज चलिरहेको र सरकार बेलगाम फासीवादतर्फ अगाडि बढिरहेको उनको भनाइ थियो। एमाले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई आफ्नो गन्तव्य बनाई आधुनिक नेपाल निर्माणको महान् लक्ष्य लिएर अगाडि बढिरहेको हुँदा देशलाई अहिलेको 'क्रिटिकल' अवस्थाबाट पार लगाउनुपर्ने अभिभारा पनि एमालेकै काँधमा आएको अध्यक्ष ओलीले बताए।

पार्टीको सही नीति र विचारका आधारमा एकताबद्ध र अनुशासित ढंगले अगाडि बढ्दा मात्र कार्यकर्तामा उत्साह भर्न सकिने, जनतामा एमालेप्रतिको आकर्षण फर्काउन सकिने र उपरोक्त अभिभारा पूरा गर्न सकिने उनको भनाइ थियो।

गत वर्ष २१ फागुनमा भएको निर्वाचन प्रतिगमनको योजनाबद्ध दोस्रो शृंखला भएको बताउँदै ओलीले एमाले सत्य, न्याय, देश र जनताको पक्षमा रहेकाले आगामी स्थानीय तहको निर्वाचनमा विजय प्राप्त गर्ने विश्वास व्यक्त गरे। यद्यपि, चुनावमा एमालेलाई फेरि पनि हराउन खोजिएकाले सचेत हुनुपर्ने उनको भनाइ थियो।

# मापसेपछि भएको विवादमा साथीको हत्या, पाँचजना पक्राउ

कास्कीमा **रोहितराज पराजुली**

आफ्नै साथीको हत्या गरेको आरोपमा प्रहरीले पोखराबाट पाँचजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कास्कीको माछापुच्छ्रे गाउँपालिका- ७ बस्ने ३० वर्षीय विक्रम पुन, २३ वर्षीय आशिष गुरुङ, ३० वर्षीय महादेव विक, ३० वर्षीय मिलन विक र ३८ वर्षीय लीलबहादुर पुन छन्। प्रहरीले उनीहरूलाई माछापुच्छ्रे गाउँपालिका- ७, घिप्ले बस्ने २२ वर्षीय राजेन्द्र पौडेलको हत्या गरेको आरोपमा पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख नवीन कार्कीका अनुसार ९ कात्तिक बिहान ८:२० बजे पौडेल आफ्नै घरदेखि करिब ५० मिटर पूर्वमा रहेको बारीको पाटामा मृत अवस्थामा फेला परेका थिए। स्थानीयवासीबाट सूचना प्राप्त हुनासाथ घटनास्थलमा पुगेको प्रहरी टोलीले शरीरमा निलडाम तथा घाउचोट लागेको अवस्थामा उनको शव फेला पारेको थियो। त्यसपछि घटनाको सूक्ष्म अनुसन्धान गर्ने क्रममा हत्यामा संलग्न रहेको आरोपमा पाँचजनालाई नियन्त्रणमा लिई थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको कार्कीले बुधबार आयोजित पत्रकार सम्मेलनमा बताए।

प्रहरीका अनुसार मृतक र आरोपितहरू एउटै टोलका चिनजानका व्यक्ति थिए। उनीहरू यसअघि पनि सँगै खानपिन गर्ने र उठबस गर्ने गर्थे। घटनामा पूर्वरिसइबी, पूर्वयोजना वा कुनै आपराधिक योजना बनाएर हत्या गरेको नदेखिएको कार्कीले बताए।

प्रारम्भिक अनुसन्धानका क्रममा ८ कात्तिक साँझ मृतक पौडेलकी दिदी र भिनाजु घरमा आएका वेला आफ्नो मोबाइल हराएको भन्दै उनले भिनाजु विष्णुप्रसाद गौतमसँग मोबाइल मागेका थिए। भिनाजुले मोबाइल नदिएपछि उनले भिनाजुको मोबाइल फुटाइदिएको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। त्यसपछि साथीभाइसँग भेट भएपछि पौडेलले 'ल, तैँले पैसा कमाएर ल्याइस्, अब आज बियर खानुपर्छ। चाडपर्व पनि हो, रक्सी खानुपर्छ' भन्ने आशय व्यक्त गरेका थिए। त्यसपछि उनी लीलबहादुर पुन, आशिष गुरुङ, महादेव विक र मिलन विकसँग बसेर मादक पदार्थ सेवन गर्न थालेका थिए। मादक पदार्थ सेवन गर्ने क्रममा पौडेल र उनका साथीहरूबिच सामान्य विवाद भएको थियो। पौडेलले रिसाएर लीलबहादुर पुनको मौरीको घारमा लात हानेपछि विवाद बढेको थियो। त्यसक्रममा पौडेलले हँसिया प्रहार गर्दा मिलन विकको घाँटीमा र आशिष गुरुङको खुट्टामा चोट लागेको प्रहरीले जनाएको छ।

झगडापछि सबै आ-आफ्नो घरतिर लागेका थिए। तर, झगडालाई इगोका रूपमा लिँदै आरोपितहरूले राति ११:५९ बजे आशिष गुरुङले विक्रम पुन र लीलबहादुर पुनलाई फोन गरी बोलाएका थिए।

# शरद् ऋतुमा ४४ हिमाल आरोहण गर्न ७६ देशका आरोहीलाई अनुमति

## हिमाल आरोहणबाट ३१ करोड ८० लाख रुपैयाँ रोयल्टी संकलन

**शान्ता कमली** / नयाँ पत्रिका



यो वर्षको शरद् ऋतुमा नेपालका ४४ हिमाल आरोहण गर्न ७६ देशका एक हजार ४१० आरोहीले अनुमति लिएका छन्। पर्यटन विभागले आरोहण अनुमति जारी गरेबापत १० असोजसम्म ३१ करोड ८० लाख ५० हजार रोयल्टी संकलन गरेको छ।

पर्यटन विभागकी शाखा अधिकृत सुधा रेग्मीका अनुसार शरद ऋतुमा एक सय ६१ टोलीले आरोहण अनुमति लिएका छन्। अनुमति लिनेमा एक हजार ६९ पुरुष र ३४१ महिला आरोही छन्। यस सिजनमा सबैभन्दा बढी आरोहीले मनास्लु हिमाल आरोहणका लागि अनुमति लिएका छन्। आठ हजार एक सय ६३ मिटर अग्लो मनास्लु आरोहणका लागि ४३ टोलीका पाँच सयजनाले अनुमति लिएका छन्। तीमध्ये ३७३ पुरुष र १२७ महिला छन्। मनास्लुबाट मात्रै २२ करोड ५८ लाख ५७ हजार १८९ रुपैयाँ रोयल्टी संकलन भएको विभागले जनाएको छ।

बुधबारसम्म सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न भने एउटा मात्रै समूहले स्वीकृति लिएको विभागले जनाएको छ। तीनजना पुरुष र एक महिला रहेको समूहबाट रोयल्टी भने तीस लाख ७० हजार संकलन भएको छ।

त्यस्तै, आमादब्लम हिमाल आरोहणका लागि ३२ टोलीका ३८६ जनाले अनुमति लिएका छन्। यसबाट पाँच करोड ७६ लाख ९९ हजार ६५० रुपैयाँ रोयल्टी संकलन भएको छ। मनास्लु र आमादब्लमबाट मात्रै कुल रोयल्टीको करिब ८९ प्रतिशत रकम प्राप्त भएको छ।

धौलागिरि-१ आरोहणका लागि ६ टोलीका ३७ जनाले अनुमति लिएका छन्। उनीहरूबाट ८४ लाख ७३ हजार ६५० रुपैयाँ रोयल्टी संकलन भएको छ। हिम्लुङ हिमाल आरोहणका लागि १२ टोलीका १२१ जनाले अनुमति लिँदा ७४ लाख २७ हजार ७२० रुपैयाँ प्राप्त भएको छ। त्यसैगरी, मकालु हिमाल आरोहणका लागि एउटा टोलीका तीनजनाले अनुमति लिएका छन्। उनीहरूबाट ६ लाख ८८ हजार ५० रुपैयाँ रोयल्टी संकलन भएको शाखा अधिकृत रेग्मीले जानकारी दिइन्।

विभागका अनुसार पुथा हिउँचुली, डांगा हिउँचुली, बरुणत्से, गंगापूर्णा पश्चिम (लाङ्चेनेल), थोरोङ पिक, नोर्बु खाङ, अन्नपूर्ण-४, चाम्लाङ, लमजुङ हिमाल, पुमोरी, सारिबुङ, थापा पिक (धाम्पुस), पोखर खाङ, अर्दाङ, जुगल र पेरीलगायतका हिमाल आरोहणका लागि पनि अनुमति जारी गरिएको छ।

आरोहण अनुमति लिने विदेशी आरोहीमध्ये चीनका सबैभन्दा धेरै १४१ जना छन्। त्यसपछि फ्रान्सका १३०, अमेरिकाका ११९ र रुसका १०८ जना छन्। बेलायतका ९६, स्विट्जरल्यान्ड र इटलीका ४७-४७, पोल्यान्डका ४१, भारतका ४०, जापानका ३५, स्पेनका ३१ र नेपालका ३३ जनाले अनुमति लिएका छन्। विभागले जारी गरेको विवरणअनुसार हिमाल आरोहण अनुमतिबाट २० लाख ८९ हजार ५८४ अमेरिकी डलर अर्थात् ३१ करोड ८० लाख ५० हजार रोयल्टी संकलन गरेको छ।

# ‘क्यान्डिडेट क्लब’ : योग्यताको वस्तुनिष्ठ परीक्षण

## क्यान्डिडेट क्लबले उम्मेदवार छनोटलाई नेताको आशीर्वाद र भनसुनबाट बाहिर निकालेर वस्तुनिष्ठ मापदण्डमा आधारित बनाउने ढोका खोलेको छ



● प्रकाश भुसाल

अग्रलेख

लोकतन्त्रमा आवधिक निर्वाचन हुनु र लोकतान्त्रिक संस्कारको संस्थागत विकास हुनु एउटै होइनन् । निर्वाचनले जनप्रतिनिधि छान्छ, तर निर्वाचित प्रतिनिधिको कार्यक्षमता, दृष्टिकोण, निष्ठा र इमानदारीले नै शासनको गुणस्तर, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता र नागरिकप्रतिको उत्तरदायित्व निर्धारण गर्छ । त्यसैले, राजनीतिक दलहरूले उम्मेदवार छनोट कसरी गर्छन् भन्ने विषय उनीहरूको आन्तरिक मामिला मात्र होइन, यो समग्र सार्वजनिक शासनको गुणस्तर र मुलुकको सुशासनसँग प्रत्यक्ष जोडिएको विषय हो । नेपालको परम्परागत राजनीतिक अभ्यास हेर्ने हो भने उम्मेदवार छनोट गर्दा शीर्ष नेतृत्वसँगको निकटता, गुटगत सन्तुलन, चाकरी, भनसुन र चुनाव जित्न सक्ने अनुमान वा बाहुबलले महत्त्व पाउँदै आएको सुनिन्छ । कतिपय अवस्थामा त आर्थिक प्रभाव, दलाल-पुँजीपतिसँगको साँठगाँठ र बिचौलियाको पहुँच नै टिकट पाउने मुख्य आधार बन्ने गरेका उदाहरण प्रशस्तै छन् । लोकप्रिय हुनु, पार्टीमा लामो समय योगदान दिनु र सार्वजनिक जिम्मेवारी कुशलतापूर्वक सम्हाल्न सक्षम हुनु फरक-फरक कुरा हुन् । तर, यी पक्षको वस्तुनिष्ठ र पारदर्शी मूल्यांकन गर्ने संस्थागत परम्परा भने हाम्रा स्थापित दलमा छैन ।

यही पृष्ठभूमिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गरी अघि सारेको ‘क्यान्डिडेट क्लब’ उम्मेदवार छनोटको एउटा अत्यन्तै नवीन, साहसिक र वैकल्पिक अभ्यासका रूपमा प्रकट भएको छ । यसको महत्त्व केवल नयाँ विधि प्रस्तुत गर्नुमा मात्र होइन, नेपाली राजनीतिमा योग्यता (मेरिटोक्रेसी), खुला प्रतिस्पर्धा र उत्तरदायित्वमा आधारित नयाँ राजनीतिक संस्कार विकास गर्ने अभूतपूर्व सम्भावनामा निहित छ । रास्वपाले निश्चित समयावधि र मापदण्ड तोकेर नयाँ व्यक्तिलाई पनि उम्मेदवार छनोट प्रक्रियामा प्रवेश गर्ने ढोका खोलिदिनु अत्यन्त सकारात्मक पहल हो । लामो समय पार्टीमा समय बिताएको ‘योगदान’लाई मात्र उम्मेदवारीको आधार नबनाई व्यक्तिको क्षमता, अनुभव, विषयगत विज्ञता र सम्भावनालाई समेत महत्त्व दिनु यसको उल्लेख्य पक्ष हो । यसले संगठनमा योगदान गरेका पुराना व्यक्तिको भूमिकालाई अस्वीकार गर्दैन, बरु संगठनात्मक योगदानसँगै सार्वजनिक जिम्मेवारी वहन गर्न सक्ने क्षमता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ भन्ने आधुनिक राजनीतिक मान्यतालाई स्थापित गर्छ ।

सबै नागरिकले राजनीतिलाई नै आफ्नो जीवनको मुख्य पेसा बनाउनुपर्छ भन्ने छैन । शिक्षा, स्वास्थ्य, प्रशासन, कानुन, सहकारिता, उद्यमशीलता, सामाजिक सेवा र अन्य विविध पेसागत क्षेत्रमा उच्च अनुभव हासिल गरेका सक्षम नागरिकले पनि आफ्नो ज्ञान र सिप सार्वजनिक हितमा प्रयोग गर्न पाउनुपर्छ । वर्षौंसम्म पार्टीको झोला बोकेर वा चाकरी गरेर समय बिताउनैपर्ने बाध्यताका कारण समाजका धेरै प्रतिभाशाली र निष्ठावान् व्यक्तिहरू राजनीतिक प्रतिस्पर्धाबाहिर रहन बाध्य थिए । निश्चित र पारदर्शी प्रक्रियामार्फत आफ्नो योग्यता प्रस्तुत गर्ने अवसरले यस्तो बाधा घटाउँछ । यस अर्थमा ‘क्यान्डिडेट क्लब’ले राजनीतिलाई सीमित व्यक्तिको निरन्तर पेसागत एकाधिकारका रूपमा हेर्ने परम्परागत प्रवृत्तिलाई कडा चुनौती दिँदै नयाँ सम्भावनाको ढोका खोलेको छ ।

**लोकप्रियताबाट संस्थागत संगठनतर्फ** : रास्वपाको उदय परम्परागत राजनीतिक दलप्रतिको असन्तुष्टि, नयाँ राजनीतिक विकल्पप्रतिको अपेक्षा र व्यापक जनलोकप्रियतासँग जोडिएको छ । यही लोकप्रियताले उसलाई छोटो समयमै चुनावी सफलता हासिल गर्न गति प्रदान गर्‍यो । तर, क्षणिक लोकप्रियताबाट राजनीतिक शक्ति निर्माण गर्नु र त्यसलाई व्यवस्थित, अनुशासित तथा संस्थागत संगठनमा रूपान्तरण गर्नु फरक र कठिन चुनौती हुन् । कुनै पनि दल लोकप्रियताका आधारमा तीव्र रूपमा विस्तार हुन सक्छ, तर बलियो संगठनात्मक संरचना, परिपक्व नेतृत्व विकास र आन्तरिक निर्णय प्रक्रियालाई संस्थागत बनाउन समय र गम्भीर अभ्यासको खाँचो पर्छ । यही सन्दर्भमा क्यान्डिडेट क्लब रास्वपाका लागि केवल उम्मेदवार छनोटको माध्यम मात्र होइन, सिंगो संगठन निर्माण र सुदृढीकरणको गतिलो अवसर पनि बन्न सक्छ । क्लबमा सहभागी हुने सम्भावित उम्मेदवारले एक-अर्काको विचार, अनुभव, चरित्र र सामाजिक व्यवहार नजिकबाट बुझ्ने मौका पाउँछन् । यसले सार्वजनिक जिम्मेवारीप्रतिको दृष्टिकोण, स्थानीय समस्याको गहिरो बुझाइ र समाजमा योगदान दिन सक्ने क्षमताको वस्तुनिष्ठ पहिचान गराउँछ । यसरी हेर्दा क्यान्डिडेट क्लबले योग्य उम्मेदवार छान्ने मात्र नभई उनीहरूलाई साझा राजनीतिक उद्देश्यमा जोड्ने काम पनि गर्छ, जसले लोकप्रियताबाट प्राप्त अपार जनसमर्थनलाई स्थायी संस्थागत संगठन र उत्तरदायी राजनीतिक अभ्यासमा रूपान्तरण गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउँछ ।

**स्थानीय सरकार र नेतृत्वको नयाँ मानक** : स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार हो । सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, बजेट व्यवस्थापन र सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारको कार्यक्षमताले नागरिकको दैनिक जीवनस्तर निर्धारण गर्छ । त्यसैले, स्थानीय तहको उम्मेदवारसँग राजनीतिक नारा, भाषणकला वा दलगत निष्ठा मात्र भएर पुग्दैन । उम्मेदवारसँग आफ्नो पालिका वा वडाका मुख्य समस्या के हुन्, ती समस्या सिर्जना हुनुका मूल कारण के हुन् र उपलब्ध वित्तीय तथा कानुनी अधिकार उपयोग गरी ती समस्या समाधान कसरी गर्न सकिन्छ भन्ने स्पष्ट, व्यावहारिक र वैज्ञानिक खाका हुनुपर्छ । समस्या पहिचान गर्न नसक्नेले प्राथमिकता निर्धारण गर्न सक्दैन, कारण नबुझ्नेले दिगो समाधान दिन सक्दैन । स्रोत, समय र कार्यान्वयनको सम्भाव्यता नहेरी बनाइएका योजना घोषणापत्रमा आकर्षक देखिए पनि व्यवहारमा निष्प्रभावी बन्छन् । त्यसैले, भाषणकला र सामाजिक सञ्जालको क्षणिक लोकप्रियताभन्दा समस्या विश्लेषण, योजना निर्माण र समाधान प्रस्तुत गर्ने क्षमताको मूल्यांकन आवश्यक हुन्छ । क्यान्डिडेट क्लबले उम्मेदवार छनोटलाई नेताको आशीर्वाद र भनसुनबाट बाहिर निकालेर वस्तुनिष्ठ मापदण्डमा आधारित बनाउने ढोका खोलेको छ ।




यस प्रक्रियामा निर्धारण गरिएका मूल्यांकनका आधार आफैँमा सन्तुलित र प्रगतिशील देखिन्छन् । जसमा लिडरसिप एकेडेमी (नेतृत्व एकेडेमी) का लागि २५ प्रतिशत, पोलिटिकल प्रोक्सिमिटी (राजनीतिक निकटता तथा पृष्ठभूमि) का लागि २५ प्रतिशत, समावेशिता (इन्क्लुसिभिटी) का लागि १० प्रतिशत र प्राइमरी इलेक्सन (प्राथमिक निर्वाचन) का लागि ४० प्रतिशत अंकभार छुट्याइएको छ । यसले उम्मेदवारलाई एउटै आधारमा मात्र नभई बहुआयामिक पक्षबाट मूल्यांकन गर्ने प्रयास गरेको छ । यहाँ लिडरसिप एकेडेमीलाई उम्मेदवारलाई अनुत्तीर्ण गराउने परीक्षाका रूपमा भन्दा पनि भोलि निर्वाचित भएपछि स्थानीय सरकार चलाउन आवश्यक कानुनी, प्रशासनिक र वित्तीय ज्ञान दिने तयारीका रूपमा लिनु उपयुक्त हुन्छ । त्यसैगरी, पोलिटिकल प्रोक्सिमिटीलाई मापन गर्दा पार्टीप्रतिको वैचारिक स्पष्टता र निष्ठालाई वस्तुगत आधारमा हेरिनुका साथै सामाजिक पृष्ठभूमि, व्यक्तिगत आचरण र योग्यता क्षमतासहित चुनाव जित्ने आधारमा मूल्यांकन हुनुपर्छ, जसले गर्दा चाकरी प्रथा स्वतः विस्थापित हुनेछ । ४० प्रतिशतको प्राइमरी इलेक्सनले पार्टीका आमसदस्यलाई उम्मेदवार छनोटमा प्रत्यक्ष भाग लिने लोकतान्त्रिक अधिकार दिएको छ, जुन नेपाली राजनीतिमा दुर्लभ अभ्यास हो ।

> क्यान्डिडेट क्लबले राजनीतिलाई सीमित व्यक्तिको निरन्तर पेसागत एकाधिकारका रूपमा हेर्ने परम्परागत प्रवृत्तिलाई कडा चुनौती दिँदै नयाँ सम्भावनाको ढोका खोलेको छ

**सम्भावनासँगै सजगताका आयाम** : रास्वपाजस्तो नवीन राजनीतिक शक्तिका लागि क्लब आफैँमा एउटा ठुलो सम्भावना र अवसर भए पनि यसको सफल कार्यान्वयनका लागि केही व्यावहारिक पक्षमा भने उच्च सजगता अपनाउनु जरुरी देखिन्छ । खुला आवेदनको व्यवस्थाले गर्दा कतिपय अवस्थामा लहरमा परेर अपरिपक्व वा केवल चर्चामा आउन चाहने व्यक्तिहरूले समेत हतारमा उम्मेदवारी दिने जोखिम रहन सक्छ । पहिले निवेदन दिने वा चर्चामा आउने होडबाजीले गर्दा आफूले दाबी गरेको पदको ओजन, गरिमा र गम्भीरता घट्न सक्ने सम्भावनाप्रति नेतृत्व सचेत हुनुपर्छ । क्लबलाई समाज र पार्टीप्रतिको दीर्घकालीन जिम्मेवारी वहन गर्ने थलोभन्दा पनि सामाजिक सञ्जालमा चर्चित हुने वा व्यक्तिगत ब्रान्डिङ गर्ने माध्यम बन्न नदिन निश्चित मापदण्ड र अनुगमनको संयन्त्र बनाउनु हितकर हुन्छ ।

अर्कोतर्फ, पालिका, वडा वा जिल्ला, प्रदेश र केन्द्रीय पदाधिकारी तथा नेतृत्व तहमा बसेका व्यक्तिले आफूलाई प्राप्त पहुँच र ‘एक्सेस’को दुरुपयोग गर्ने सम्भावनालाई पनि वेलैमा सम्बोधन गरिनुपर्छ । स्थानीय संयन्त्रमा बस्नेहरूले आफ्ना नजिकका मानिसलाई प्राथमिकता दिने वा सूचनामा पूर्वपहुँच पुर्‍याउने काम गरेमा सिंगो प्रक्रियाको निष्पक्षता र वैधानिकतामाथि प्रश्न उठ्न सक्छ । यसैगरी, दुई-तीन वर्षअघिदेखि पार्टी निर्माणमा रातदिन नभनी खटिएका, संगठन विस्तारमा पसिना बगाएका पुराना र निष्ठावान् कार्यकर्तामा आफूहरू पछि परिने हो कि भन्ने संशय उत्पन्न हुन नदिनु पार्टीको दायित्व हो । नयाँ प्रतिभालाई स्वागत गर्दैगर्दा पुराना कार्यकर्ताको योगदान, त्याग र निष्ठाको उचित सम्मान र सन्तुलन मिलाउन सकेमा मात्रै पार्टीको आन्तरिक एकता झनै मजबुत भएर जानेछ । प्राइमरी इलेक्सनमा पनि केवल सामाजिक सञ्जालको भ्रामक प्रचार वा व्यक्तिगत पहुँचका आधारमा मात्रै मत प्रभावित नहोस् भन्नका लागि आमसदस्यले उम्मेदवारको वास्तविक योजना र क्षमता बुझ्न पाउने पारदर्शी वातावरण बनाउनु आवश्यक छ ।

रास्वपाका लागि क्यान्डिडेट क्लब उम्मेदवार छनोटको माध्यम मात्र नभई, पार्टीको स्थानीय संगठन र स्थापित कार्यपद्धति पूर्ण रूपमा विकसित भइनसकेको अवस्थामा सम्भावित उम्मेदवारको पहिचान, क्षमता परीक्षण र स्थानीय मुद्दामाथि विमर्श गर्ने साझा मञ्च बन्न सक्छ । साथै, जिम्मेवार सदस्यता र संस्थागत निर्णय प्रक्रियाको अभ्यासमार्फत यसले दीर्घकालीन, विश्वसनीय र लोकतान्त्रिक संगठन निर्माणको बलियो आधार तयार गर्न सक्छ ।

**राजनीतिक रूपान्तरणको नयाँ आशा** : यी तमाम व्यावहारिक पक्षमा ध्यान दिँदै अघि बढ्न सकेमा रास्वपाले अघि सारेको ‘क्यान्डिडेट क्लब’को परिकल्पना नेपाली राजनीतिमा उम्मेदवार छनोटको अभ्यासबारे नयाँ मानक स्थापित गर्ने ऐतिहासिक कदम बन्नेछ । शीर्ष नेताको खल्ती वा तजबिजबाट टिकट बाँड्ने परम्परागत कुसंस्कारलाई चुनौती दिँदै योग्यता, क्षमता र पारदर्शी प्रतिस्पर्धालाई आधार बनाउने यो प्रयास आफैँमा लोकतान्त्रिक र प्रशंसायोग्य छ । यो अभ्यासको महत्त्व केवल रास्वपामा मात्र सीमित छैन । देशभर वडा र टोलसम्म संगठन भएका, लामो राजनीतिक इतिहास र अनुभव बोकेका पुराना दलका लागि पनि यो एउटा अनुकरणीय दृष्टान्त बन्न सक्छ । स्थापित दलले अझै पनि चाकरी, गुटबन्दी र आर्थिक लेनदेनका आधारमा उम्मेदवार तय गरिरहँदा, रास्वपाको यो प्रयोगले पुराना दललाई पनि आफ्ना उम्मेदवार छनोट प्रक्रियालाई खुला, प्रतिस्पर्धी र पारदर्शी बनाउन सकारात्मक दबाब सिर्जना गर्नेछ ।

नयाँ पुस्ताले व्यक्त गरेको योग्यतातन्त्र र जवाफदेहिताको अपेक्षालाई व्यवहारमा उतार्न सकियो भने मात्र विभिन्न पेसा र क्षेत्रमा रहेका सक्षम नागरिक राजनीतिमा आउन प्रोत्साहित हुनेछन् । त्यसका लागि क्यान्डिडेट क्लबको नाम मात्र होइन, यसको मूल मर्म समान अवसर, निष्पक्ष मूल्यांकन, आन्तरिक सन्तुलन र पारदर्शी कार्यान्वयनलाई अक्षुण्ण राख्दै अघि बढ्नुपर्छ ।

अन्ततः, राजनीतिबाहिर रहेर पनि देश र समाजका लागि योगदान दिन चाहने सक्षम, निष्ठावान् र नयाँ पुस्ताका नागरिकका लागि राजनीतिको ढोका खुला गर्दै रास्वपाले ‘क्यान्डिडेट क्लब’मार्फत एउटा नवीन र रूपान्तरणकारी अभ्यासको थालनी गरेको छ । परम्परागत चाकरी, भनसुन र गुटगत भागबन्डाको राजनीतिक संस्कारलाई चुनौती दिँदै योग्यता, क्षमता र सार्वजनिक दृष्टिकोणलाई अवसरसँग जोड्ने यो पहल अत्यन्तै सराहनीय छ । यदि यसको मूल मर्मलाई कुनै पनि पूर्वाग्रहविना निष्पक्ष, पारदर्शी र सन्तुलित रूपमा कार्यान्वयन गर्न सकियो भने यसले रास्वपालाई अझ मजबुत र लोकप्रिय बनाउनुका साथै समग्र नेपाली राजनीतिमै सक्षम, इमानदार र उत्तरदायी नेतृत्व छनोटको एउटा ऐतिहासिक र युगान्तकारी मानक स्थापित गर्नेछ ।

---

## ३ प्रश्न

स्थायी समिति सदस्य **प्रदीप ज्ञवाली**लाई



**एमालेले राष्ट्रिय भेला किन आयोजना गर्दै छ ?**

पछिल्लो केन्द्रीय कमिटी बैठकले पार्टीका दुईवटा राष्ट्रिय अभिभारा निर्धारण गरेको थियो- लोकतन्त्रको रक्षा र आगामी स्थानीय निर्वाचनको तयारी । यसका लागि सिंगो पार्टीपंक्तिको बुझाइमा एकरूपता ल्याउनु आवश्यक थियो । यसबिच सरकारका गलत क्रियाकलापको आलोचना गरी भन्डाफोर गर्नु पनि जरुरी छ । यी सबै कार्यमा सिंगो पार्टीपंक्ति परिचालन गर्न र बलियो जनमत सिर्जना गर्न यो भेला आयोजना गरिँदै छ ।

**भेलाले एमालेको पार्टी जीवनलाई चलायमान गराउनेमा कति विश्वस्त हुनुहुन्छ ?**

भेलाले पक्कै पनि पार्टी जीवनलाई चलायमान गराउनेछ । एघारौँ राष्ट्रिय महाधिवेशनपछिको यो नै पार्टीको सबैभन्दा ठुलो जमघट हो । पछिल्लो निर्वाचनमा पार्टीले धक्का खायो । त्यसपछि स्वाभाविक रूपमा पार्टीभित्र केही प्रश्न उठे । ती प्रश्नको समाधानका लागि पार्टी केन्द्रले एक कमिटी नै बनाएर तलसम्म पुगेर सुझाव संकलन गरायो । सुझाव संकलनका क्रममा पार्टी रूपान्तरण र पुस्तान्तरणका आवाज पनि उठे । पार्टीभित्र ध्रुवीकरण पनि देखियो । राष्ट्रिय राजनीतिमा सशक्त भूमिका निर्वाह गर्नुपर्ने समयमा आन्तरिक विवादले एमालेको भूमिकालाई कमजोर बनायो । पछि केन्द्रीय कमिटी बैठकले प्रतिवेदनमा उठेका सुझावलाई आत्मसात् गरी सो ध्रुवीकरण अन्त्य गर्‍यो । केन्द्रीय कमिटीले टुंग्याइसकेका विषयमा भेलाबाट कुनै आधिकारिक निर्णय त हुँदैन । तर, सिंगो पार्टीपंक्तिको बुझाइमा एकरूपता ल्याउने कार्य भने भेलाले गर्नेछ ।

**पार्टीलाई जनतासित जोड्नमा भेला कति प्रभावकारी होला ?**

निःसन्देह रूपमा पार्टीलाई जनतासित जोड्ने कार्यमा भेला प्रभावकारी हुनेछ । पछिल्लो केन्द्रीय कमिटी बैठकमा कार्यदलले तयार गरी परिमार्जन गरिएको प्रतिवेदन तथा अध्यक्षको अलग प्रतिवेदनमा पनि जनतासित जोडिने र युवालाई पार्टीमा आकर्षित गर्नेलगायत विषय समेटिएका छन् । त्यसैले, विगतमा सहरमुखी र केन्द्रमुखी भएको पार्टीपंक्तिलाई जनताका घरदैलोमा पुर्‍याउन र जनताका समस्या उठान गरी तिनलाई पूरा गराउन दबाब दिन यो भेला प्रभावकारी हुनेछ ।

---

प्रेरक प्रसंग

## सुकरात र युवक

एकपटक एक युवक महान् दार्शनिक सुकरातकहाँ गए । केहीबेरको प्रतीक्षापश्चात् उनले सुकरातसित भेट गरे । सुकरातले उनलाई आउनुको कारण सोधे । युवकले भने- म हजुरबाट सफलताको रहस्य थाहा पाउन चाहन्छु । हजुरले मेरो मनको जिज्ञासा मेटाइदिनुपर्‍यो ।



सुकरातले एकैछिन सोचेर जवाफ दिए- तिम्रो यस प्रश्नको जवाफ म भोलि बिहान दिनेछु । मलाई सूर्योदयपश्चात् नदीकिनारमा आएर भेट । दोस्रो दिन निर्धारित समयमै ती युवा नदीकिनारमा पुगे । सुकरात किनारको एउटा रुखमुनि विश्राम गरिरहेका थिए । । सुकरात युवकलाई डोर्‍याउँदै बिस्तारै अघि बढे । उनीहरू नदीको बिच भागतिर अघि बढिरहेका थिए । बिस्तारै उनीहरू पानीमा डुब्दै गए । पानी घाँटीसम्मै आइपुग्यो । यही वेला अकस्मात सुकरातले युवकको टाउको समातेर पानीमा डुबाइदिए । पानीभित्र सास फेर्न नसक्दा ती युवक बाहिर निस्कन हरसम्भव कोसिस गरिरहे । तर, सुकरातले बलियोसँग समातेको हुनाले उनको संघर्ष सफल हुन सकेन । सुकरातले उनलाई पानीमा डुबाई नै रहे । सास रोक्दारोक्दा युवक पानीभित्रै निलो देखिन थालेपछि बल्ल सुकरातले उनलाई पानीबाट बाहिर निकाले । बाहिर निस्किनासाथ ती युवक स्याँस्याँ गर्दै छिटोछिटो सास फेर्न थाले ।

युवकको हालत देखेर मन्द मुस्कुराउँदै सुकरातले प्रश्न गरे- पानीभित्र डुबेको समयमा तिमी सबैभन्दा बढ्ता के चाहन्थ्यौ ? युवकले उत्तर दिए- म सबैभन्दा बढ्ता त सास फेर्न पाइयोस् र पानी ननिलियोस् भन्ने चाहन्थेँ । सुकरातले गम्भीर हुँदै भने- हो, यही हो सफलताको रहस्य । जब तिमी सफलता पाउन पनि त्यति नै गम्भीरतापूर्वक संघर्ष गर्छौ, तिमीलाई सफलता अवश्यै प्राप्त हुनेछ । यसका अतिरिक्त सफलताको अर्को कुनै रहस्य छैन ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## धनगढीको अनुकरणीय काम

धनगढी उपमहानगरपालिकाले सहरबजारमा छाडेका छाडा पशुचौपायाको व्यवस्थापनका लागि ‘गौशाला मोडल’मा पशुचौपाया राख्ने आश्रयस्थल निर्माण गरी सञ्चालनमा ल्याएको समाचार निकै सकारात्मक लाग्यो । हाम्रो देशका अधिकांश सडकमा छाडा पशुचौपायाका कारण गम्भीर दुर्घटना हुने, कतै लगाइएको बालीनाली नष्ट हुनेजस्ता विभिन्न समस्या देखिँदै आएका छन् । तर, धनगढीले भने तिनै छाडा पशुचौपायालाई नियन्त्रणमा लिएर सुरक्षित स्थानमा राख्ने र तिनीहरूको दुध, गोबर आदि बिक्री गरी आम्दानीसमेत गर्ने व्यवस्था मिलाएको देख्दा उसको यस अनुकरणीय कार्यको अन्य स्थानीय तहले समेत अनुकरण गर्नु जरुरी देखिन्छ । राम्रो काम त आखिर जसले गरे पनि राम्रै हुन्छ । अरूले पनि त्यसको अनुकरण गर्दा के नै जान्छ र ?

● **सुमित्रा पासवान**, सामाखुसी, काठमाडौं

## स्वदेशी फूललाई स्थान दिऊँ

‘तिहारलाई मखमली’ शीर्षकमा प्रकाशित तस्बिर र त्यसमा राखिएको क्याप्सन पढेपछि केही लेख्न मन लाग्यो । सामान्यतः तिहारलाई फूलैफूलको पर्व पनि भनिन्छ । त्यसैले, तिहारमा नेपाली बजारमा फूलको माग निकै बढ्छ । यो माग पूर्ति गर्न नेपाली किसानले पर्याप्त मात्रामा फूल खेती गरेका पनि हुन्छन् । त्यसैले, विदेशबाट हुने फूलको आयात रोकेर नेपाली फूलको बजार विस्तार गर्न सबैले सघाऔँ ।

● **गौरव कायस्थ**, भोटेबहाल, काठमाडौं

## जल यातायात व्यवस्थित गर

सप्तकोशीमा १९ वर्षदेखि कानुनविनै जल यातायात सञ्चालनमा रहेको समाचार सुन्दा अचम्म लाग्यो । यस अवधिमा लाखौँ मानिसले सो जल यातायातको सुविधा लिए होलान् । तिनले करोडौँ रकम भाडाका रूपमा बुझाए पनि होलान् । तैपनि, राज्यले सो यातायातलाई दर्ता गरी कानुनी मान्यता दिनुपर्ने, जल यातायातका सञ्चालकलाई करको दायरामा ल्याउनुपर्ने र यात्रुको जीवनरक्षामा राज्य प्रतिबद्ध हुनुपर्ने दायित्व किन पूरा गरेन ?

● **रवि कठायत**, टीकाथली, ललितपुर

## एनपिएलको बढ्दो रौनक

नेपाल प्रिमियर लिग (एनपिएल)को अहिले बल्ल तेस्रो सिजन आयोजना गरिँदै छ । तेस्रो सिजनमा पुग्दानपुग्दै यसको रौनक भने दिन दुईगुना, रात चौगुनाका दरले बढिरहेको छ । पछिल्लो समयमा यस लिगले आइसिसीको आधिकारिक मान्यता पनि पाएको छ । यससँगै एनपिएलका फ्रेन्चाइज क्लबमा विभिन्न दलका विश्वचर्चित खेलाडी सहभागी हुने क्रम पनि निकै बढेको छ । यतिखेर विश्व क्रिकेटमा कुनै वेला तहल्का मच्चाएका विश्वचर्चित खेलाडी नेपालको कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा एनपिएलका म्याच खेलिरहेका छन् । उनीहरूमार्फत पनि एनपिएलको चर्चा विश्वमञ्चसम्म पुगिरहेको छ ।

झन् एनपिएलको गत सिजनदेखि विश्वचर्चित टेलिभिजन च्यानल स्टार स्पोर्टस्ले प्रत्यक्ष प्रसारण गर्न थालेपछि यसको विश्वव्यापी चर्चा बढेको छ । एनपिएलले एकातिर नेपालको अन्तर्राष्ट्रिय चर्चा बढाइरहेको छ भने अर्कातिर घरेलु खेलाडीको स्तर उकास्न पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । नेपाली खेलाडीले अन्तर्राष्ट्रिय खेलाडीसितको खेल अनुभव लिने मौका पनि पाइरहेका छन् । त्यसैले, एनपिएलको सफलता हामी सम्पूर्ण नेपालीका लागि गौरवको विषय बन्ने हुनाले सबैले यसलाई आआफ्नो स्थानबाट साथ दिनुपर्ने देखिन्छ । एनपिएल एक राष्ट्रिय क्रिकेट महोत्सव मात्र होइन, यसले एकातिर देशको अर्थतन्त्रमै पनि सकारात्मक प्रभाव पार्नेछ भने अर्कातिर यसले देशको पर्यटन प्रवर्द्धनमा पनि सघाउने निश्चित छ । त्यसैले, एनपिएलको भव्य आयोजना गरेर नेपाल क्रिकेट संघ (क्यान)ले अत्यन्त महत्त्वपूर्ण काम गरेको छ । एनपिएलको बढ्दो रौनकबिच क्यानलाई सफलताको शुभकामना छ ।

● **वन्दना रम्तेल**, कीर्तिपुर, काठमाडौं

---

# के रुसले अमेरिका-इरानबिच सम्झौता गराउन सक्ला ?

## वासिंटन र तेहरानबिच मध्यस्थता गर्न तयार देखिएको मस्कोले अन्य मुलुकको तुलनामा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ



देश / विदेश

● दिमित्री त्रेनिन
(त्रेनिन ‘रसियन इन्टरनेसनल अफेयर्स काउन्सिल’का अध्यक्ष हुन्)

यस साता रुसी विदेशमन्त्री सर्गेई लाभरोभले इरानको भ्रमण गरे, जहाँ उनले इरानी राष्ट्रपति मसुद पेजेस्कियन र अन्य केही अधिकारीसँग भेटवार्ता गरे । यो भ्रमण सेप्टेम्बर १ र अक्टोबर ८ मा राष्ट्रपति पेजेस्कियन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबिच भएका भेटवार्ताकै निरन्तरताका रूपमा भएको हो । सञ्चारमाध्यमका अनुसार सम्भावित आणविक सम्झौतासम्बन्धी वार्तामा वासिंटन र तेहरानबिच मध्यस्थता गर्न मस्कोले प्रस्ताव राखेको छ । यी प्रयास कति सफल होलान् भनी अहिले नै भन्न हतार हुनेछ, तर त्यस्ता केही पक्ष छन्, जसले रुसलाई अन्य मुलुकको तुलनामा अझ प्रभावकारी मध्यस्थकर्ता बनाउन सक्छन् ।

एक प्रमुख आणविक शक्ति हुनुका साथै रुसको सरकारी आणविक ऊर्जा कम्पनी ‘रोसाटोम’ विश्वको नागरिक आणविक ऊर्जा क्षेत्रमा अग्रणी रहेकाले इरानी आणविक कार्यक्रमका सबै पक्षमा रुस अत्यन्तै सक्षम छ । यस कार्यक्रमप्रति मस्कोको दृष्टिकोण स्पष्ट छ । रुसले इरानको आफ्नै आणविक ऊर्जा उत्पादन गर्ने आकांक्षालाई समर्थन गर्छ, हाल यसले बुसेहर आणविक ऊर्जा केन्द्रमा दुई नयाँ एकाइ निर्माण गरिरहेको छ । तर, इरानले आणविक हतियार विकास गरोस् वा प्राप्त गरोस् भन्ने कुराको भने रुस विरोध गर्छ । रुस पक्कै पनि आफ्नो सिमानाको यति नजिक आणविक हतियारको प्रसार होस् भन्ने चाहँदैन ।

यसबाहेक, लामो समयदेखि तनावपूर्ण रहेको रुस र इरानबिचको सम्बन्धमा हालैका दिनमा उल्लेखनीय सुधार आएको छ । यी दुई देशबिच बढ्दो विश्वासको एउटा कारण के हो भने दुवै राष्ट्र अमेरिकी आक्रमणको सिकार भएका छन्, इरान प्रत्यक्ष र रुस अप्रत्यक्ष रूपमा (अर्थात् ‘प्रोक्सी वार’मार्फत) । सन् २०२२ मा वासिंटनले ‘रुसलाई रणनीतिक रूपमा पराजित गर्ने’ लक्ष्य खुला रूपमा अगाडि बढायो । त्यसपछि, इरान रुसको सहयोगका लागि अघि बढ्यो र आफ्नो ‘साहेद’ ड्रोन प्रविधि रुसलाई हस्तान्तरण गर्‍यो ।

सन् २०२५ को सुरुतिर यी दुई देशले ‘व्यापक रणनीतिक साझेदारी सन्धि’मा हस्ताक्षर गरे, जसले आर्थिक, राजनीतिक र सैन्य सहयोग विस्तार गर्ने दायरा निर्धारण गर्‍यो । यहाँ उल्लेख गर्नु महत्त्वपूर्ण छ कि रुसले यस सन्धिमा ‘आपसी सैन्य सहायता’सम्बन्धी प्रावधान राख्ने प्रस्ताव गरेको थियो, तर इरानले त्यसमा असहमति जनायो । तसर्थ, सन् २०२५ को १२ दिने युद्ध र हाल चलिरहेको सैन्य द्वन्द्वका वेला मस्कोले तेहरानको बचाउ गर्न सकेन भन्ने आलोचना तथ्यहीन छ । रुस इरानको साथमा उभिएको छ र उसले आफ्नो गुन तिरेको छ ।

इरानसँग नयाँ आणविक सम्झौतामा पुग्न अमेरिकालाई सघाउनु स्पष्ट रूपमा रुसको हितमा हुनेछ । अमेरिका र इजरायलका आक्रमणको सामना गर्दा देखाएको अद्भूत सहनशीलताका कारण रुसले इरानलाई नै वास्तविक विजेताका रूपमा हेरे पनि आफ्नो साझेदारले भोगेको ठुलो क्षतिको गम्भीरतालाई पनि उसले बुझेको छ । रुसलाई आशा छ, शान्ति स्थापना भएमा भारतसम्म जाने ‘अन्तर्राष्ट्रिय उत्तर-दक्षिण यातायात कोरिडोर’ नामक आफ्नो प्रमुख रणनीतिक परियोजना अघि बढाउन बाटो खुल्नेछ । स्मरण रहोस्, यो परियोजना इरान हुँदै अघि बढ्छ ।



मस्कोले अरब खाडीका राजतन्त्रात्मक मुलुकलाई महत्त्वपूर्ण र उपयोगी सहयोगीका रूपमा हेर्छ । त्यसैले, इरानले ती मुलुकको भूभागमा गरेको जवाफी आक्रमणका कारण उनीहरूसँगको आफ्नो सम्बन्ध जोखिममा पार्न मस्को चाहँदैन । हर्मुज नाका बन्द हुँदा तेलको मूल्यमा भएको भारी वृद्धिका कारण रुसलाई आर्थिक लाभ पुगेको भए पनि यो लाभ अल्पकालीन मात्र हो । जारी नाकाबन्दी रुसको हितमा छैन ।

इरानसँग मध्यस्थता गर्न मस्को बलियो स्थितिमा छ किनकि यो ती आठपक्षीय वार्ताको हिस्सा थियो, जसले इरानको आणविक कार्यक्रमसम्बन्धी ‘संयुक्त विस्तृत कार्य योजना’मा सन् २०१५ मा हस्ताक्षर गराउन भूमिका खेलेको थियो । ती आठ पक्षमध्ये अमेरिका यसबाट बाहिरियो, जबकि फ्रान्स, जर्मनी, बेलायत र युरोपेली संघले आफ्ना गतिविधिका कारण वासिंटन र तेहरान दुवै ठाउँमा आफ्नो विश्वसनीयता गुमाए ।

यसले गर्दा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसामु मूलतः रुस र चीन मात्र बाँकी छन् । रुसले मध्यस्थता प्रयासलाई तीव्र पारिसकेको छ । प्राप्त जानकारीअनुसार यसै महिना पुटिनले टेलिफोनमार्फत ट्रम्पसमक्ष इरानको एउटा प्रस्ताव पुर्‍याएका थिए । यसै क्रममा, युक्रेन युद्ध अन्त्य गर्न अमेरिकी कूटनीतिक सक्रियता पनि बढेको छ, जसमा ट्रम्पले पहिलोपटक किभमाथि दबाब दिइरहेका छन् । यसैबिच, अमेरिकी राष्ट्रपतिले अर्को महिना सेन्जेनमा हुने ‘एसिया-प्यासिफिक इकोनोमिक कोअपरेसन’ शिखर सम्मेलनमा पुटिन र चिनियाँ नेता सी जिनपिङसँग गरिने त्रिपक्षीय भेटघाट (यदि त्यो आणविक निःशस्त्रीकरणमा केन्द्रित भएमा) अर्थपूर्ण हुने बताएका छन् । यो, सम्झनु महत्त्वपूर्ण छ कि युरेसियाका संकट (युक्रेनदेखि इरान र ताइवानसम्म) आपसमा गहिरोसँग जोडिएका छन्, किनकि तिनमा आजको विश्वका प्रमुख भूराजनीतिक तथा सैन्य शक्तिहरू, अमेरिका, चीन र रुस समावेश छन् । यी तीन देशका नेता पहिलोपटक त्रिपक्षीय भेटवार्ताको सम्भावनाबारे छलफल गरिरहेका छन् भन्ने तथ्य विश्लेषकका लागि केवल चर्चाको विषय मात्र होइन ।

*अलजजिराबाट*

# इजरायलमा गठबन्धन सरकार अनिवार्य

## १२० सिट भएको इजरायली संसद्मा सरकार गठन गर्न ६१ सिट आवश्यक पर्छ, तर चुनावमा नेतन्याहु नेतृत्वको गठबन्धन र विपक्षी गठबन्धन दुवैले बहुमत पुऱ्याउन सकेनन्

**तेलअभिभ**/ इजरायलमा मंगलबार सम्पन्न भएको आमनिर्वाचनको लगभग अधिकांश मतगणना भइसक्दा कुनै स्पष्ट विजेता देखिएनन्। कुनै समूहले बहुमत हासिल गर्न नसक्दा आगामी सरकार गठनको प्रक्रिया अनिश्चित देखिएको छ। यो अनिश्चितता सम्भवतः केही महिनासम्म लम्बिन सक्छ।

अहिलेको मतपरिणामका आधारमा विभिन्न परिदृश्य सिर्जना हुन सक्छन्। प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको दक्षिणपन्थी गठबन्धनले निवर्तमान संसद्मा रहेको आफ्नो बहुमत गुमाएको छ। १२० सिट भएको इजरायली संसद् (नेसेट)मा सरकार गठन गर्न ६१ सिट आवश्यक पर्छ। तर, नेतन्याहुको गठबन्धनले करिब ५३ सिट मात्र प्राप्त गर्ने देखिन्छ।

नेतन्याहुले विपक्षी गठबन्धनमा रहेका दक्षिणपन्थी दलमध्ये कुनै एकलाई आफ्नो सरकारमा सामेल गराउने प्रयास गर्न सक्छन्। तथापि, चुनावी अभियानका क्रममा विपक्ष गठबन्धनमा रहेका सबै दलले नेतन्याहुसँग भविष्यमा सहकार्य गर्न अस्वीकार गरेका थिए।

पछिल्लो समय नेतन्याहुसँग गठबन्धन गर्ने दल तथा राजनीतिज्ञ पछि निकै कमजोर बन्ने प्रवृत्तिले गर्दा अरू दल हच्किएको हुन सक्ने विश्लेषण भइरहेको छ। विशेषतः उनीहरूले नेतन्याहुको सरकारमा रहेर नीति-निर्माणमा खासै प्रभाव पार्न नसक्दा कालान्तरमा चुनावी सिट खुम्चिएको देखिने गरेको छ। केही विश्लेषकले नेतन्याहुले विपक्षी दलका केही सांसदलाई आफ्नो पक्षमा तान्ने प्रयास पनि गर्न सक्ने अनुमान गरेका छन्। तथापि,



बहुमत पुऱ्याउन धेरै सांसदले दल परिवर्तन गर्नुपर्ने हुन्छ।

अर्कोतर्फ, गादी आइजेनकोट नेतृत्वको विपक्षी गठबन्धनले मात्र बहुमत नल्याएको भए पनि गठबन्धनबाहिरको अरबकेन्द्रित दलसँग मिल्दा बहुमत पुग्ने देखिन्छ। तर, यस्तो मिलनको लागि सत्तायात्रामा वैचारिक, राष्ट्रिय र व्यक्तिगत मतभेद बाधक बन्न सक्छ। विपक्षी गठबन्धनले दुई अरब दलहरू- रा'आम र जोइन्ट लिस्टको साथ लिए सहजै ६१ सिटको बहुमतसम्म पुऱ्याउन सक्छ। यी दुई अरब दलले कीर्तिमानी १९ सिट जित्ने अनुमान गरिएको छ। बुधबार, मध्यवामपन्थी दल डेमोक्र्याट्स पार्टीका नेता यायर गोलानले आफ्ना सहयोगीलाई अरब दललाई पनि गठबन्धनको हिस्सा मान्न आग्रह गरे। उनले नेतन्याहुले 'यहुदी र अरब मतबिच खडा गरेको जातीय विभाजन'को प्रतिरोध गर्न पनि यस्तो गठबन्धन आवश्यक रहेको बताए।

तर, आइजेनकोट नेतृत्वको गठबन्धनमा रहेका दुई दक्षिणपन्थी दलले अरब दल सम्मिलित सरकार बनाउन वा उनीहरूको बाह्य समर्थनमा बन्ने अल्पमतको सरकारलाई अस्वीकार गरेका छन्। अर्को सम्भावना 'राष्ट्रिय एकता सरकार'को हुन सक्छ। यसमा नेतन्याहुको 'लिकुड' पार्टी र विपक्षी गठबन्धनका एक वा बढी दल समावेश हुन सक्छन्। यसो भएमा उनको हालको कट्टरपन्थी सरकार विस्थापित हुनेछ। चुनावी अभियानका क्रममा नेतन्याहु र विपक्षी नेता दुवैले यस्तो सम्भावनालाई अस्वीकार गरेका थिए। तर, अर्को निर्वाचन गर्नुपर्ने अवस्था टार्न यो सायद एक मात्र उपाय हुन सक्छ।

*सिएनएनबाट*

## इतिहासमा आज

अक्टोबर २९



**सन् १९२९ : अमेरिकी सेयर बजार 'वाल स्ट्रिट'मा इतिहासकै ठुलो गिरावट आउँदा विश्वभर महामन्दी सुरु भयो। त्यस दिन मंगलबार परेकाले यसलाई 'कालो मंगलबार' पनि भनिन्छ।**

- **इसापूर्व ५३९ :** पर्सिया (इरान)का सम्राट् साइरस महान्ले बेबिलोन प्रवेश गरेसँगै बेबिलोनियन साम्राज्य अन्त्य भयो। उनले एक शाही आदेश जारी गर्दै दास बनाइएका सबै यहुदी मुक्त गरिदिए।
- **सन् १९१८ :** जर्मनीमा नाविकमाझबाट सुरु भएको क्रान्तिले अन्ततः केशर (राजा) विलियमलाई सत्ताच्युत गऱ्यो।
- **सन् १९२३ :** टर्की मित्रशक्तिको कब्जाबाट मुक्त गरिएसँगै स्वतन्त्र संग्रामको नेतृत्व गरेका मुस्तफा केमल अतातुर्कले देशलाई गणतन्त्र घोषणा गरे।
- **सन् १९५६ :** इजिप्टका प्रधानमन्त्री गमाल अब्देल नासेरले स्वेज नहरलाई राष्ट्रियकरण गरेको कदमविरुद्ध इजरायलले इजिप्टविरुद्ध आक्रमण सुरु गरेसँगै 'स्वेज संकट' सुरु भयो।
- **सन् १९९८ :** दक्षिण अफ्रिकाको 'सत्य निरुपण तथा मेलमिलाप आयोग'ले आफ्नो अन्तिम प्रतिवेदन सार्वजनिक गऱ्यो। प्रतिवेदनमा सन् १९६० र सन् १९९४ बिच रंगभेदी सरकार र स्वतन्त्रता संग्राम पक्षधर दुवैबाट मानव अधिकार हनन भएको उल्लेख ।
- **सन् २००४ :** अलजजिरामा यसै दिन प्रसारित भएको ओसामा बिन लादेनको एक भिडियोमा उनले पहिलोपटक तीन वर्षअघि सेप्टेम्बर ११ मा अमेरिकामा गरिएको आक्रमणको जिम्मेवारी लिए।
- **सन् २०१५ :** चीनले ३५ वर्षपछि 'एक बच्चा नीति' परित्याग गर्दै जोडीहरूले दुईवटासम्म बच्चा पाउन सक्ने व्यवस्था गऱ्यो।

# पराजित भएपछि बोल्सोनारोले छाडे ब्राजिल

**ब्रासिलिया**/ ब्राजिलका उग्र-दक्षिणपन्थी सिनेटर फ्लाभियो बोल्सोनारो बुधबार अमेरिकाको दक्षिणी राज्य फ्लोरिडाको मियामीमा पुगेका छन्।

आइतबार राति भएको निर्वाचनमा बहालवाला राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भासँग पराजित भएपछि बोल्सोनारो २४ घण्टाभन्दा बढी समयसम्म बेपत्ता थिए। पछि उनी स्थलमार्ग हुँदै दक्षिणी छिमेकी अर्जेन्टिना प्रवेश गरेको त्यहाँ आप्रवासन अधिकारीहरूले जानकारी दिए।

त्यहाँबाट उनी 'एलभी-जेक्युडब्लु' नाममा दर्ता भएको गल्फस्ट्रिम चतुर्थ मोडलको विमानमा चढेर इक्वेडरतर्फ उडे। अर्जेन्टिनी सञ्चारमाध्यममा अघिल्लो बिहानैदेखि पुएर्तो इग्वाजु विमानस्थलमा रोकिराखेको सोही विमानमा बोल्सोनारो अमेरिका उड्ने योजनामा रहेको खबर आएको थियो। ब्राजिलका पूर्वराष्ट्रपति (हाल जेलमा रहेका) जायर बोल्सोनारोका छोरा फ्लाभियो बोल्सोनारो आफ्नी श्रीमती



र दुई छोरीसहित राति करिब ११:३० बजे उक्त विमानमा चढेको मिडियाले बताएका छन्। ब्राजिलको हवाई क्षेत्र प्रयोग गर्दा उत्पन्न हुन सक्ने खतराबाट बच्नका लागि विमान इक्वेडरको सहर ग्वायाकिलतर्फ लागेका थिए। इक्वेडरमा केही बेर रोकिएपछि विमान 'मियामी-ओपा लोका कार्यकारी विमानस्थल'तर्फ अघि बढ्यो।

अमेरिकी विदेश मन्त्रालयका एक वरिष्ठ अधिकारीले सञ्चारमाध्यमलाई बताएअनुसार बोल्सोनारो र उनको परिवारलाई भिसा दिइनेछ। साथै, मंगलबार राति नै अमेरिकी राष्ट्रपतिले पनि उनीहरूको अमेरिका बसाइलाई स्वीकृति दिने संकेत गरेका थिए।

निर्वाचन परिणाम आउनेबित्तिकै बोल्सोनारो देश छाडेर भाग्न सक्ने आशंकामा प्रहरीले सर्वोच्च अदालतसँग उनको पासपोर्ट जफत गर्न आदेश दिन माग गरेको थियो। फ्लोभियोका भाइ तथा पूर्वसांसद एडुआर्डो बोल्सोनारोले चुनावअघि शुक्रबार दिएको एक अन्तर्वार्तालाई आधार बनाएर प्रहरीले उक्त आदेश चाहेको थियो।

हाल अमेरिकामा बसेर लुला सरकारविरुद्ध ट्रम्प प्रशासनसँग लबिङ गरिरहेका एडुआर्डोले एक पोडकास्टमा बोल्ने क्रममा उनका दाइले चुनाव हारे भने उनले हार नस्विकार्ने र अमेरिका जाने संकेत गरेका थिए। 'ओ ग्लोबो' नामक पत्रिकाका अनुसार चुनाव हारेको खण्डमा देश छाड्ने योजना धेरै हप्ताअघिदेखि नै बनाइएको थियो। यस योजनाका मुख्य आयोजक एडुआर्डो नै थिए, जसले सिनेटरलाई अमेरिकामा भित्र्याउने विषयमा अमेरिकी अधिकारीसँग सहजीकरण गरेको बताइन्छ।

# स्पेनमा रेल दुर्घटना हुँदा कम्तीमा ६८ जनाको मृत्यु

**म्याड्रिड**/ स्पेनको मध्यभागमा रोकिराखेको एउटा रेललाई तीव्र गतिमा रहेको अर्को रेलले पछाडिबाट ठक्कर दिँदा कम्तीमा ६८ जनाको मृत्यु भएको छ। दुर्घटनाका क्रममा रेलका दुईवटा डिब्बा लिकबाट उछिट्टिएको क्षेत्रीय सरकारका अधिकारीले जारी सूचनामा उल्लेख छ।

दुर्घटना बुधबार बिहान म्याड्रिडको दक्षिणमा पर्ने टोलेडो प्रान्तको उर्दानजिकै भएको हो, जुन भाग म्याड्रिडलाई दक्षिणी सहर सेभिलसँग जोड्ने तीव्र गतिको रेलमार्गमा पर्छ।

दुर्घटनामा स्पेनको सरकारी रेल कम्पनी 'रेन्फे'द्वारा सञ्चालित तीव्र गतिको 'एभिई' रेलमा भएको जनाइएको छ, जुन म्याड्रिडबाट सेभिल जाँदै थियो। सो रेल निजी रेल कम्पनी 'इरियो' अर्को रेलमा ठोक्किएको थियो।

अधिकारीहरूका अनुसार रेन्फेको रेलमा ३९७ जना सवार थिए भने इरियोको रेलमा १४७ जना थिए। स्पेनिस पत्रिका 'एल पाइस'ले आपत्कालीन सेवा स्रोतलाई उद्धृत गर्दै जनाएअनुसार ठक्करपछि इरियो रेलका दुईवटा डिब्बा रेलमार्गछेउमा रहेको भिरबाट तल खसेको थियो।

प्रधानमन्त्री पेड्रो सान्चेजले बुधबार 'एक्स'मा पोष्ट गर्दै घटनाले आफू स्तब्ध भएको बताएका छन्। उनले घटनास्थलमा उद्धार टोलीहरूले काम गरिरहेको र देशका यातायात मन्त्री ओस्कार पुएन्ते र कास्टिला-ला मान्चाका क्षेत्रीय नेता एमिलियानो गार्सिया-पेजसँग निरन्तर सम्पर्कमा रहेको जनाएका छन्।

नौ महिनाअघि देशको दक्षिणी भागमा एउटा रेल लिकबाट बाहिरिएर विपरित दिशाबाट आइरहेको अर्को रेलसँग ठोक्किँदा ४५ जनाको मृत्यु भएको थियो। त्यसअघि सन् २०१३ को अर्को दुर्घटनामा ८० जनाको ज्यान गएको थियो।

# कंगोमा इबोला संक्रमितको संख्या १० हजार नाघ्यो

**किन्सासा**/ डेमोक्रेटिक रिपब्लिक अफ कंगो (डिआरसी)मा इबोला संक्रमितको संख्या १० हजार नाघेको छ। अहिले यो प्रकोप डिआरसीका विभिन्न भागमा मात्र नभई सीमापारिसमेत फैलिरहेको छ। मंगलबार सार्वजनिक गरिएको सरकारी तथ्यांकअनुसार पुष्टि भएका संक्रमितको संख्या १० हजार ६० पुगेको छ भने मृतकको संख्या चार हजार ८८७ रहेको छ।

डिआरसीको जनस्वास्थ्य मन्त्रालयका अनुसार अहिले देखिएको प्रकोप सो देशको इतिहासमा सबैभन्दा तीव्र गतिमा फैलिएको इबोला प्रकोप हो। भाइरस पुष्टि भएका १० हजार ६० जनामध्ये झन्डै आधाको मृत्यु भइसकेको छ। परिणामस्वरूप जारी इबोला प्रकोप देशको इतिहासमा सबैभन्दा घातक बन्न पुगेको छ, जुन हालसम्मकै दोस्रो ठुलो र दोस्रो घातक प्रकोप हो।

यसअघि सन् २०१४-०१६ मा पश्चिम अफ्रिकामा फैलिएको इबोला महामारी सबैभन्दा ठुलो थियो। त्यति वेला दुई वर्षसम्म लम्बिएको प्रकोपमा २८ हजार ६०० मानिस संक्रमित भएका थिए भने ११ हजारभन्दा बढीको मृत्यु भएको थियो।

हाल देखिएका नयाँ संक्रमितमध्ये करिब ८० प्रतिशत व्यक्ति स्वास्थ्य अधिकारीले निगरानी गरिरहेका संक्रमणको 'चेन' (प्रसार शृंखला) भन्दा बाहिरका भएको बताइएको छ।

मे १५ मा घोषणा गरिएको पछिल्लो इबोला प्रकोप 'बुन्डिबुग्यो' भाइरसका कारण फैलिएको हो। यो इबोला भाइरसको एक दुर्लभ प्रकार हो, जसका लागि हालसम्म कुनै खोप वा उपचार विधिलाई स्वीकृत गरिएको छैन। शुक्रबार, विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले यस भाइरसविरुद्धको खोपका लागि पहिलो 'क्लिनिकल ट्रायल'(परीक्षण) सुरु गरिएको घोषणा गरेको छ।

## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

**प्रकाशित मिति : २०८३/०७/१२ गते**

यस माछापुच्छ्रे बैंक लि. आँबुखैरेनी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८३/०४/०७ गतेको कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाईसौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर/साझेदार/संचालक तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर/साझेदार/संचालक तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

| | |
|---|---|
| १. प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय गण्डकी प्रदेश, दमौली, तनहुँमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **दिप कलेक्सन**।<br>दर्ता नं. १५११/०६८/०६९, दर्ता मिति : २०६८/१०/०६, पान नं. ३०५३९१३५७, दर्ता मिति : २०६८/१०/०६<br>ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. ६, **प्रोप्राईटर : पुजन श्रेष्ठ** | २. प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय गण्डकी प्रदेश, दमौली, तनहुँमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **दिप ब्रदर्श**।<br>दर्ता नं. ६९९१/०५४, दर्ता मिति : २०५४/१०/२७, पान नं. ३०००१३४५८, दर्ता मिति : २०५४/१०/२७<br>ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. ९, **प्रोप्राईटर : उदिप श्रेष्ठ** |
| ३. प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय गण्डकी प्रदेश, दमौली, तनहुँमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **श्री सच्चिदानन्द इन्टरप्राइजेज**।<br>दर्ता नं. ७०९४२/०६२/६३, दर्ता मिति : २०६२/०४/२०, पान नं. ३००६०३९०३, दर्ता मिति : २०३४/०८/०८<br>ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. ६, **प्रोप्राईटर : उत्तर कुमार श्रेष्ठ** | ४. प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय दमौली, तनहुँमा साझेदारी ऐन, २०२० बमोजिम दर्ता कायम भएको **चिरायुदिप मिनि मार्ट**।<br>दर्ता नं. ४२/३००७/०७८/०७९, दर्ता मिति : २०७८/०५/०२, पान नं. ६१६४४२३४०, दर्ता मिति : २०७८/०५/०३<br>ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी गा.पा. वडा नं. ३, **साझेदारहरु : उदिप श्रेष्ठ र पुर्ण प्रसाद श्रेष्ठ** |

**ऋणी १ र २ को लागी व्यक्तिगत जमानतकर्ताहरू**

| | | | |
|---|---|---|---|
| **१. उत्तर कुमार श्रेष्ठ**<br>ना.प्र.नं. १३५५, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०३०/०८/१५<br>बाबु : लाल बहादुर श्रेष्ठ<br>बाजे : दल बहादुर श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, बन्दिपुर वडा नं. ६<br>हाल : तनहुँ जिल्ला, आँबुखैरेनी गा.पा. वडा नं. ३ | **२. पुजन श्रेष्ठ**<br>ना.प्र.नं. ६३१४४, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०६०/०१/०७<br>बाबु : पुर्ण प्रसाद श्रेष्ठ<br>पति : उदिप श्रेष्ठ, ससुरा : उत्तर कुमार श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, व्यास वडा नं. १०<br>हाल : तनहुँ जिल्ला, आबुखैरेनी गा.पा. वडा नं. ३ | **३. उदिप श्रेष्ठ**<br>ना.प्र.नं. २००४७, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०५३/०४/०९<br>बाबु : उत्तर कुमार श्रेष्ठ<br>बाजे : लाल बहादुर श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. ६<br>हाल : तनहुँ जिल्ला, आबुखैरेनी गा.पा. वडा नं. ३ | **४. अमर दिप श्रेष्ठ**<br>ना.प्र.नं. ४९७७८, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०५८/०७/१७<br>बाबु : उत्तर कुमार श्रेष्ठ<br>बाजे : लाल बहादुर श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. ६ |

**ऋणी ३ को लागी व्यक्तिगत जमानतकर्ताहरू**

| | | | |
|---|---|---|---|
| **१. उत्तर कुमार श्रेष्ठ**<br>ना.प्र.नं. १३५५, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०३०/०८/१५<br>बाबु : लाल बहादुर श्रेष्ठ, बाजे : दल बहादुर श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, बन्दिपुर वडा नं. ६<br>हाल : तनहुँ जिल्ला, आँबुखैरेनी गा.पा. वडा नं. ३ | **२. चिजमाया श्रेष्ठ**<br>ना.प्र.नं. ३००९, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०४०/०२/२६<br>पति : उत्तर कुमार श्रेष्ठ<br>ससुरा : लाल बहादुर श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. ६ | **३. उदिप श्रेष्ठ**<br>ना.प्र.नं. २००४७, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०५३/०४/०९<br>बाबु : उत्तर कुमार श्रेष्ठ, बाजे : लाल बहादुर श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. ६<br>हाल : तनहुँ जिल्ला, आबुखैरेनी गा.पा. वडा नं. ३ | **४. अमर दिप श्रेष्ठ**<br>ना.प्र.नं. ४९७७८, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०५८/०७/१७<br>बाबु : उत्तर कुमार श्रेष्ठ<br>बाजे : लाल बहादुर श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. ६ |
| **५. पुजन श्रेष्ठ**<br>ना.प्र.नं. ६३१४४, जि.प्र.का. तनहुँ, जारी मिति : २०६०/०१/०७<br>बाबु : पुर्ण प्रसाद श्रेष्ठ, पति : उदिप श्रेष्ठ, ससुरा : उत्तर कुमार श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, व्यास वडा नं. १०, हाल : तनहुँ जिल्ला, आबुखैरेनी गा.पा. वडा नं. ३ | | | |

**ऋणी ४ को लागी व्यक्तिगत जमानतकर्ताहरू**

| | | | |
|---|---|---|---|
| **१. उदिप श्रेष्ठ**<br>ना.प्र.नं. २००४७, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०५३/०४/०९<br>बाबु : उत्तर कुमार श्रेष्ठ<br>बाजे : लाल बहादुर श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. ६<br>हाल : तनहुँ जिल्ला, आबुखैरेनी गा.पा. वडा नं. ३ | **२. पुर्ण प्रसाद श्रेष्ठ**<br>ना.प्र.नं. ३०९२०, जि.प्र.का. पर्वत (प्रतिलिपि जि.प्र.का. तनहुँ)<br>जारी मिति : २०४२/०९/२३<br>बाबु : भाजुराम श्रेष्ठ<br>बाजे : बिस नारायण श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १०<br>हाल : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ३ | **३. पुजन श्रेष्ठ**<br>ना.प्र.नं. ६३१४४, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०६०/०१/०७<br>बाबु : पुर्ण प्रसाद श्रेष्ठ<br>पति : उदिप श्रेष्ठ, ससुरा : उत्तर कुमार श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, व्यास वडा नं. १०<br>हाल : तनहुँ जिल्ला, आबुखैरेनी गा.पा. वडा नं. ३ | **४. लक्ष्मी कुमारी श्रेष्ठ**<br>ना.प्र.नं. ६०६८९, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०५९/०९/१०<br>पति : पुर्ण प्रसाद श्रेष्ठ<br>ससुरा : भाजुराम श्रेष्ठ<br>ठेगाना : तनहुँ जिल्ला, व्यास गा.वि.स. वडा नं. १०<br>हाल : तनहुँ जिल्ला, व्यास वडा नं. ३ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. लाल बहादुर श्रेष्ठको नाति, उत्तर कुमार श्रेष्ठको छोरा, तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. ६ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, आबुखैरेनी गा.पा. वडा नं. ३ बस्ने उदिप श्रेष्ठको नाममा भूमि प्रशासन कार्यालय तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ९ घ स्थित कि.नं. १२४५, २३७२ र १२४६ को क्षेत्रफल क्रमशः ०-१-२-० (रो.आ.पै.दा.), ०-३-०-० (रो.आ.पै.दा.) र ०-३-०-० (रो.आ.पै.दा.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

**(उल्लेखित सम्पत्ति ऋणी दिप कलेक्सनको नाममा धितो बन्धकी पारीत भई ऋणीहरु दिप ब्रदर्श, चिरायुदिप मिनि मार्ट र श्री सच्चिदानन्द इन्टरप्राइजेजको ऋण कर्जाको लागि धितो निरन्तरताको लिखत कायम रहेको)**

२. लाल बहादुर श्रेष्ठको नाति, उत्तर कुमार श्रेष्ठको छोरा, तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. ६ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, आबुखैरेनी गा.पा. वडा नं. ३ बस्ने उदिप श्रेष्ठको नाममा भूमि प्रशासन कार्यालय तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, सत्रसय आबु गा.वि.स. वडा नं. ६ घ स्थित कि.नं. ६०१६, ६०१८, ६८३ र ६९६ को क्षेत्रफल क्रमशः ०-२-०-२ (रो.आ.पै.दा.), ०-०-३-२ (रो.आ.पै.दा.), ०-१२-२-१ (रो.आ.पै.दा.) र ०-११-१-० (रो.आ.पै.दा.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

**(उल्लेखित सम्पत्ति ऋणी दिप ब्रदर्शको नाममा धितो बन्धकी पारीत भई ऋणीहरु दिप कलेक्सन, चिरायुदिप मिनि मार्ट र श्री सच्चिदानन्द इन्टरप्राइजेजको ऋण कर्जाको लागि धितो निरन्तरताको लिखत कायम रहेको)**

३. दल बहादुर श्रेष्ठको नाति, लाल बहादुर श्रेष्ठको छोरा, तनहुँ जिल्ला, बन्दिपुर वडा नं. ६ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, आँबुखैरेनी गा.पा. वडा नं. ३ बस्ने उत्तर कुमार श्रेष्ठको नाममा भूमि प्रशासन कार्यालय तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, सत्रसय आबु गा.वि.स. वडा नं. ६ घ स्थित कि.नं. ४३६ को क्षेत्रफल ०-५-०-० (रो.आ.पै.दा.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

**(उल्लेखित सम्पत्ति ऋणी श्री सच्चिदानन्द इन्टरप्राइजेजको नाममा धितो बन्धकी पारीत भई ऋणीहरु दिप ब्रदर्श, दिप कलेक्सन र चिरायुदिप मिनि मार्टको ऋण कर्जाको लागि धितो निरन्तरताको लिखत कायम रहेको)**

४. उत्तर कुमार श्रेष्ठको बुहारी, उदिप श्रेष्ठको पत्नि, तनहुँ जिल्ला, व्यास वडा नं. १० स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, आबुखैरेनी गा.पा. वडा नं. ३ बस्ने पुजन श्रेष्ठको नाममा भूमि प्रशासन कार्यालय तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, सत्रसय आबु गा.वि.स. वडा नं. ६ क स्थित कि.नं. ७५८ को क्षेत्रफल १-६-३-३ (रो.आ.पै.दा.) र तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. ६ ञ स्थित कि.नं. ६९ को क्षेत्रफल ५-१०-०-२ (रो.आ.पै.दा.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

**(माथि उल्लेखित सम्पत्ति ऋणी चिरायुदिप मिनि मार्टको नाममा धितोबन्धकी पारीत भई ऋणीहरु दिप ब्रदर्श, दिप कलेक्सन र श्री सच्चिदानन्द इन्टरप्राइजेजको ऋण कर्जाको लागि धितो निरन्तरताको लिखत कायम रहेको)**

५. ऋणी दिप कलेक्सन, दिप ब्रदर्श, श्री सच्चिदानन्द इन्टरप्राइजेज र चिरायुदिप मिनि मार्टले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

| **बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :** | **बोलपत्र खोलिने मिति, समय र स्थान :** |
|---|---|
| २०८३/०८/०२ बुधबार कार्यालय समय सम्म<br>शाखा कार्यालय, आँबुखैरेनी | २०८३/०८/०३ बिहीबार दिनको ३:३० बजे<br>शाखा कार्यालय, आँबुखैरेनी |

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

शाखा कार्यालय, आँबुखैरेनी

# मलेसियाको सिन्डिकेट हटाउन सरकारले थाल्यो पहल

## संयुक्त कार्यदलको बैठक मंसिरमा डाक्न
## मलेसियालाई श्रम मन्त्रालयको औपचारिक प्रस्ताव

**श्रम मन्त्रालयकी प्रवक्ता मीरा आचार्य भन्छिन्-**



नेपालको कानुनले सबै म्यानपावरलाई विभिन्न श्रम बजारमा श्रमिक आपूर्तिका लागि योग्य ठानेको छ। यस्तो अवस्थामा सीमित म्यानपावरलाई मात्रै योग्य हुने गरी सूचीकृत हुनुको कारणबारे हामीले मलेसियासँग जानकारी मागेका छौँ। किनभने, भोलिका दिनमा सरकारले जनतालाई सीमित म्यानपावर छनोटको आधार, कारण र मूल्यांकन प्रणालीबारे जवाफ दिनुपर्ने हुन्छ।

**अजित अधिकारी**/नयाँ पत्रिका

मलेसियाले सीमित म्यानपावरमार्फत मात्रै नेपाली श्रमिक आपूर्ति गर्ने अडान राखेपछि युवा, श्रम तथा रोजगार मन्त्रालयले संवाद थालेको छ। दुई देशबिच स्थापित सह-सचिवस्तरीय संयुक्त कार्यदलको बैठक आगामी २-३ मंसिर वा १६-१७ मंसिरमा डाक्न मन्त्रालयले मलेसियालाई औपचारिक प्रस्ताव राखेको छ।

मन्त्रालयकी प्रवक्ता मीरा आचार्यले मलेसिया प्रमुख श्रम गन्तव्य मुलुक भएकाले व्यवस्थित र मर्यादित रूपमा नेपाली श्रमिक आपूर्तिको सुनिश्चितता खोजिएको बताइन्। २५ मुख्य म्यानपावर र तीमातहतका थप २५० म्यानपावरबाट मात्रै नेपाली श्रमिक पठाउने गरी मलेसियाको 'फरेन वर्कर सेन्टरलाइज म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस) ले नयाँ नियम लागू गर्न खोजेको छ। तर, यी कम्पनी छनोटको मापदण्ड र मूल्यांकन प्रणालीबारे सोधीखोजी गरेर श्रम मन्त्रालयले मलेसियालाई पत्राचार गरेको छ।

'नेपालको कानुनले सबै म्यानपावरलाई विभिन्न श्रम बजारमा श्रमिक आपूर्तिका लागि योग्य ठानेको छ। यस्तो अवस्थामा सीमित म्यानपावरलाई मात्रै योग्य हुने गरी सूचीकृत हुनुको कारणबारे हामीले मलेसियासँग जानकारी मागेका छौँ,' उनले भनिन्, 'किनभने, भोलिका दिनमा सरकारले जनतालाई सीमित म्यानपावर छनोटको आधार, कारण र मूल्यांकन प्रणालीबारे जवाफ दिनुपर्ने हुन्छ।'

उनले मलेसिया नेपाली श्रमिकका लागि आकर्षक गन्तव्य मुलुक भएकाले थप व्यवस्थित बनाउनतर्फ सरकार अग्रसर भइरहेको पनि जानकारी दिइन्। 'मलेसियामा कामदार पठाउन हाम्रोतर्फबाट अहिलेसम्म कुनै अवरोध भएको छैन,' उनले भने, 'हामीले नियमित रूपमा श्रम स्वीकृतिलगायत काम गरिरहेका छौँ। अहिले देखिएका समस्या पनि कूटनीतिक माध्यमबाटै समाधान गर्न पहल भइरहेको छ।'

मलेसियामा रोजगारीमा जानुअघि गर्नुपर्ने स्वास्थ्य परीक्षण भने स्वास्थ्य व्यवसायीले रोकेका छन्। उक्त स्वास्थ्य परीक्षणविना भिसा जारी हुँदैन। एफडब्लुसिएमएसले नयाँ प्रणाली (२७५ म्यानपावरबाटै मात्रै श्रमिक आपूर्ति गर्ने नीति) अवलम्बन नगर्ने भए आगामी १९ कात्तिकबाट स्वास्थ्य परीक्षण पूर्ण रूपले रोक्ने जानकारी गराएको छ।

म्यानपावर व्यवसायीले पनि मलेसियाको सिन्डिकेटलाई अस्वीकार गर्नुपर्ने धारणा राखेका छन्। 'दुई देशको संयुक्त कार्यदलको बैठकले श्रम समस्या समाधान गर्न सक्छ। त्यस अवधिसम्म मलेसिया जानबाट कोही पनि श्रमिक रोकिन्छ भने रोकियोस्,' वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले भने, 'श्रमिक आर्थिक शोषण गर्नका लागि मलेसियाले थापेको ढाटलाई स्वीकार गर्नु जरुरी छैन। हामीले मलेसियाको रोजगारी जति महत्त्वपूर्ण छ, मलेसियालाई पनि श्रमिकको उत्तिनै जरुरी भएको तथ्य बुझ्यौ भने अहिलेको श्रम समस्या हल गर्न सकिन्छ।'

उनले मलेसियाको श्रम बजार नगुमाउन सबै पक्ष तयार भएर कूटनीतिक माध्यमबाट छलफल गर्नुपर्ने बताए। तर, सिन्डिकेट लागू गर्न खोजे कडा प्रतिवाद गर्नुपर्ने उनले बताए। '०७२ देखि मलेसियाले नेपाली श्रमिक आपूर्तिमा सिन्डिकेट लाद्न खोजिरहेको छ। त्यसैले, यो प्रवृत्तिविरुद्ध लड्नुपर्छ,' उनले भने।

### ■ मलेसिया दोस्रो ठुलो श्रम बजार

खाडी मुलुकको तुलनामा मलेसियामा आकर्षक कमाइ हुने तथा मौसम श्रमअनुकूल भएका कारण नेपाली श्रमिकमाझ मलेसिया आकर्षक गन्तव्यका रूपमा स्थापित छ। मलेसियामा काम गर्ने अदक्ष नेपाली कामदारले मासिक १७ सय रिंगेट (करिब ६३ हजार रुपैयाँ) तलब पाउने गरेका छन्। आगामी जुन महिनादेखि उक्त तलब स्केलसमेत बढाएर दुई हजार पुर्‍याउने मलेसियाली प्रधानमन्त्री इब्राहिमले घोषणा गरिसकेका छन्। त्यसैले, मलेसियाप्रति नेपाली कामदारको रुचि थप बढेको छ।

वैदेशिक रोजगार विभागका अनुसार रोजगारीका लागि नेपाली श्रमिक खाडी मुलुकमै निर्भर छन्। गत वर्ष धेरै नेपाली श्रमका लागि पुगेका देशको सूचीमा क्रमशः युएई, मलेसिया, कतार, साउदी अरब र कुवेत छन्। युएईमा सबैभन्दा बढी एक लाख ८३ हजार ५८० जाँदा मलेसियामा एक लाख ३२ हजार ६ सय ४६ श्रमिक पुगेका थिए।

### ■ असोजमा ७३ हजारले लिए श्रम स्वीकृति

असोजमा एक सय ६ वटा मुलुकमा रोजगारी गर्न जानका लागि ७३ हजार ७६५ ले श्रम स्वीकृति लिएका छन्। वैदेशिक रोजगार विभागका अनुसार सबैभन्दा बढी युएईका लागि २३ हजार ८९९ ले श्रम स्वीकृति लिएका छन्। त्यस्तै, कतारका लागि ११ हजार ४९७ र मलेसियाका लागि नौ हजार ६५३ ले श्रम स्वीकृति लिएका छन्। त्यसैगरी, आठ हजार ३६६ ले साउदी अरेबिया, पाँच हजार २७ ले कुवेत, दुई हजार ४७८ ले रोमानिया, एक हजार चार सय ९५ ले जापान, ११ सय ३ ले टर्की, एक हजार ४१ ले कोरिया र एक हजार ३१ ले ओमान जानका लागि श्रम स्वीकृति लिएको विभागले जनाएको छ। साउनमा ७० हजार चार सय ४१ र भदौमा ६० हजार ४२ ले श्रम स्वीकृति लिएका थिए।

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
INTEREST RATE STARTING FROM 6.07% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

# ४०.७१% ले बढ्यो वैदेशिक व्यापार
# असोजमै साढे दुई खर्बको वस्तु आयात

## दसैँतिहारलक्षित सामग्रीको व्यापारले वैदेशिक व्यापारमा उछाल

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

बाढीपहिरोले चीनसँग जोडिने अन्तर्राष्ट्रिय व्यापारिक मार्ग अवरुद्ध हुँदा पनि चालू आर्थिक वर्ष ०८३/८४ को पहिलो त्रैमासमा वस्तु आयात ३८.१८ प्रतिशतले बढेको छ। भन्सार विभागले बुधबार सार्वजनिक गरेको वैदेशिक व्यापारसम्बन्धी तथ्यांकले आयातमा उच्च उछाल देखाएको हो।

चालू आवको पहिलो त्रैमासमा ६ खर्ब ४६ अर्ब ७८ करोड २५ लाख रुपैयाँको वस्तु आयात भएको छ। गत आवको सोही अवधिमा भने चार खर्ब ६८ अर्ब आठ करोड ३३ लाख रुपैयाँको वस्तु आयात भएको थियो। साउनमा एक खर्ब ८७ अर्ब ४४ करोड ३६ लाख र भदौमा दुई खर्ब १४ अर्ब सात करोड ५३ लाख रुपैयाँको वस्तु आयात भएको थियो। तर, असोजमा मात्रै दुई खर्ब ४५ अर्ब २६ करोड ३५ लाख रुपैयाँको वस्तु आयात भएको छ। गत आवको असोजमा भने एक खर्ब ६२ अर्ब ९२ करोड ८२ लाख रुपैयाँको वस्तु आयात भएको थियो। यो तथ्यांकले पनि असोजमा आयात उच्च दरमा बढेको देखिन्छ।

नेपालको वैदेशिक व्यापारमा चीनको दोस्रो ठुलो हिस्सा छ। तर, चीनसँग जोडिने तातोपानी नाका १ साउनदेखि नै बन्द छ। १५ भदौदेखि यसलाई अनिश्चितकालीन रूपमा बन्द गरिएको छ। यता १० भदौको बाढीले सडक, भन्सार र अध्यागमनसम्बन्धी सबै पूर्वाधार बगाएपछि रसुवागढी नाका पनि बन्द छ। त्यसपछि चीनसँगको व्यापारमा मुस्ताङस्थित कोरला नाकाको प्रयोग बढेको छ। तर, ११ असोजमा कालीगण्डकी नदीमा आएको बाढीले कालीगण्डकी करिडोर लामो समयसम्म अवरुद्ध गरायो। बाढीपहिरोका कारण मुलुकभित्रका यातायात सञ्जाल पनि अवरुद्ध भए। त्यसका बाबजुद पनि वैदेशिक व्यापारमा भने उछाल आएको छ।

मुख्यतः दसैँतिहार तथा छठलक्षित व्यापारले आयात बढाएको देखिन्छ। भन्सार विभागका महानिर्देशक यमलाल भुसालले वैदेशिक व्यापारमा उछाल नै आएको बताए। मुख्यतः दसैँतिहारलक्षित सामग्रीको व्यापारले आयात बढाएको उनको भनाइ छ।

'मुख्यतः चाडपर्वले नै आयात बढाएको हो। यसपालि बाढीपहिरोले पटक-पटक चीनसँग जोडिएको व्यापारिक नाका अवरुद्ध भए। देशभित्रकै सडक सञ्जाल पनि पटक-पटक अवरुद्ध भए। त्यसका बाबजुद पनि असोजमा वैदेशिक व्यापारमा उछाल नै आएको छ। उत्तरतर्फको नाका अवरुद्ध भए पनि अन्य नाकाबाट गरिएको व्यापार सहजीकरणले पनि सहयोग पुग्यो,' उनले भने, 'मुख्यतः चाडपर्वले नै आयात बढाएको हो। तिहारसम्म यो प्रवृत्ति कायम रहन्छ।' विगतका वर्षमा पनि यो वेलामा आयात उच्च हुने गर्थ्यो। यसपालि पनि त्यो प्रवृत्ति कायम रहेको उनले बताए।




### ■ ५७.०३ प्रतिशतले बढ्यो निर्यात

समीक्षा अवधिमा नेपालको वस्तु निर्यात ५७.०३ प्रतिशतले बढेको छ। गत आवको तीन महिनामा ७२ अर्ब ७८ करोड २८ लाख रुपैयाँको निर्यात भएको थियो। चालू आवको तीन महिनामा एक खर्ब १४ अर्ब २८ करोड रुपैयाँको वस्तु निर्यात भएको छ। पहिलो त्रैमासमै एक खर्बमाथिको निर्यात हुनुलाई सकरात्मक रूपमा हेरिएको छ। असोजमा मात्रै ३७ अर्ब ७० करोड नौ लाख रुपैयाँको वस्तु आयात भएको छ। गत आवको असोजमा २५ अर्ब ४६ करोड ५१ लाख रुपैयाँको वस्तु आयात भएको थियो।

### ■ ३४.७१ प्रतिशतले बढ्यो व्यापार घाटा

उच्च दरमा निर्यात बढ्दा पनि व्यापार घाटा भने घट्न सकेको छैन। समीक्षा अवधिमा निर्यात ५७.०३ प्रतिशतले बढ्दा व्यापार घाटा पनि ३४.७१ प्रतिशतले बढेको छ। गत आवको तीन महिनामा तीन खर्ब ९५ अर्ब ३० करोड पाँच लाख रुपैयाँको व्यापार घाटा भएको थियो। तर, चालू आवको पहिलो तीन महिनामा पाँच खर्ब ३२ अर्ब ४९ करोड ४० लाख रुपैयाँबराबरको व्यापार घाटा भएको छ। समीक्षा अवधिमा आयात पनि ३८.१८ प्रतिशतले बढेको छ। त्यसमाथि आयातको आकार पनि ठुलो छ। यता निर्यातको वृद्धिदर उच्च भए पनि आयातको तुलनामा यसको आकार भने न्यून छ। त्यसले गर्दा व्यापार घाटा बढेको देखिन्छ।

### ■ ४०.७१ प्रतिशतले बढ्यो वैदेशिक व्यापार

समग्रमा आयात र निर्यातसहित कुल वैदेशिक व्यापार ४०.७१ प्रतिशतले बढेको छ। गत आवको तीन महिनामा पाँच खर्ब ४० अर्ब ८६ करोड ६१ लाख रुपैयाँको वैदेशिक व्यापार भएको थियो। चालू आवको तीन महिनामा भने सात खर्ब ६१ अर्ब सात करोड नौ लाखको वैदेशिक व्यापार भएको छ। त्यसमा निर्यातको १५.०२ प्रतिशत र आयातको ८४.९८ प्रतिशत हिस्सा छ। गत आवको समीक्षा अवधिमा निर्यातको १३.४६ प्रतिशत र आयातको ८६.५४ प्रतिशत हिस्सा थियो। समीक्षा अवधिमा वैदेशिक व्यापारमा निर्यातको हिस्सा पनि बढेको छ।

### ■ चीनतर्फको आयात-निर्यातमै वृद्धि

समीक्षा अवधिमा चीनतर्फको आयात निर्यात दुवै बढेको छ। १० भदौको रसुवाबाढीले चीनतर्फको सबैभन्दा ठुलो व्यापारिक टिमुरे नाका बगाएको छ। असोज ११ गतेको बाढीले पनि कोरला नाका जोड्ने कालीगण्डकी करिडोर अवरुद्ध गरायो। त्यसका बाबजुद चीनतर्फको आयात निर्यात बढेको छ। चीनबाट हुने आयात २८.०४ प्रतिशतले बढेको छ। गत आवको तीन महिनामा चीनबाट एक खर्ब चार अर्ब ८९ करोड ४२ लाख रुपैयाँको वस्तु आयात भएको थियो। चालू आवको तीन महिनामा एक खर्ब ३४ अर्ब ३१ करोड पाँच लाख रुपैयाँको वस्तु आयात भएको छ।

यस्तै, निर्यात पनि २५९.७१ प्रतिशतले बढेको छ। गत आवको तीन महिनामा १८ करोड ६४ लाख २३ हजार रुपैयाँको वस्तु निर्यात भएको थियो। चालू आवको तीन महिनामा ६७ करोड पाँच लाख ९८ हजार रुपैयाँको वस्तु निर्यात भएको छ।

**धेरै आयात भएका पाँच वस्तु**

**कच्चा सोयाबिन तेल** – ५२ अर्ब ६० करोड ३९ लाख

**डिजेल** – ४७ अर्ब ३१ करोड १८ लाख

**पेट्रोल** – २४ अर्ब ६२ करोड २३ लाख

**एलपिजी ग्यास** – २३ अर्ब १८ करोड ९८ लाख

**फटिलाइजर ग्रेड** – १९ अर्ब ३० करोड १५ लाख

**धेरै निर्यात भएका पाँच वस्तु**

**सोयाबिन तेल** – ५२ अर्ब ६० करोड ९८ लाख

**कार्पेट तथा अन्य टेक्सटाइल सामग्री** – तीन अर्ब ३२ करोड ५१ लाख

**बुनेका कपडा** – दुई अर्ब ९६ करोड ७६ लाख

**अलैंची** – दुई अर्ब ५७ करोड २३ लाख

**सूर्यमुखी तेल र बिउ** – दुई अर्ब ५३ करोड २७ लाख

# मोरङको केरौन १३२ केभी सबस्टेसन निर्माण सम्पन्न

**काठमाडौं**/ मोरङको कानेपोखरी गाउँपालिका-२ मा १३२ केभी क्षमताको केरौन सबस्टेसन निर्माण सम्पन्न भएको छ। सबस्टेसनलाई १४ र १५ गते चार्ज गर्ने गरी काम अगाडि बढाइएको छ। उक्त दिनमा पूर्व-पश्चिम १३२ केभी प्रसारण लाइनअन्तर्गत दुबही-दमक खण्डमा पर्ने केरौन सबस्टेसनमा लाइनलाई भित्र छिराउने (लुप इन) र बाहिर निकाल्ने (लुप आउट) कार्य गरिनेछ। दुहबी-दमक १३२ केभी प्रसारण लाइनबाट सबस्टेसनमा विद्युत् आपूर्ति हुनेछ।

दुहबी-दमक प्रसारण लाइनलाई शनिबार र आइतबार बिहान ४ बजेदेखि मध्याह्न १२ बजेसम्म बन्द गरी लुप इन र लुप आउटको कार्य गरिनेछ। यसका कारण उक्त समयमा झापा, इलाम, पाँचथर ताप्लेजुङ जिल्लाका सम्पूर्ण भाग र मोरङको उर्लाबारी, पथरीआसपासका क्षेत्रमा विद्युत् आपूर्ति बन्द हुनेछ।

सबस्टेसनमा १३२/३३ केभी, ६३ एमभिएका दुईवटा र ३३/११ केभी, २२.५ एमभिएको एउटा पावर ट्रान्सफर्मर राखिएको छ। सबस्टेसनको कुल क्षमता १४८.५ एमभिए रहेको छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले केरौन सबस्टेसन सञ्चालनमा आएपछि मोरङ जिल्लाको विद्युत् आपूर्ति सुरक्षित, भरपर्दो हुने र प्राविधिक चुहावटसमेत घट्ने बताए।

अहिले त्यस क्षेत्रमा विद्युत् आपूर्तिका ३३ केभी लाइन धेरै लामो हुँदा प्राविधिक चुहावट बढिरहेको र ट्रिपिङको समस्या भोगिरहेको कार्यकारी निर्देशक श्रेष्ठले बताए। अब ३३ केभी लाइनको लम्बाइ घट्दा चुहावट पनि घट्ने साथै भोल्टेजमा सुधार भई विद्युत् आपूर्ति विश्वसनीय र गुणस्तरीय बन्ने उनको भनाइ छ।

# जलाशययुक्त आयोजनामा सहकार्य गर्न अन्तर्राष्ट्रिय समुदायलाई इप्पानको आग्रह




**काठमाडौं**/ नेपालमा जलाशययुक्त जलविद्युत् आयोजना विकासका लागि सहकार्य गर्न क्यानडासहित अन्तर्राष्ट्रिय समुदायलाई स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले आग्रह गरेको छ। क्यानडा ड्याम एसोसिएसनको वार्षिक सम्मेलन २०२६ तथा 'ट्रेड सो' कार्यक्रमलाई सम्बोधन गर्दै इप्पानका अध्यक्ष मोहनकुमार डाँगीले क्यानडासँग बाँध इन्जिनियरिङ, जलाशययुक्त आयोजना, जलविद्युत् प्रविधि र जलवायु उत्थानशील पूर्वाधार विकासमा रहेको अनुभव उपयोगी हुने भन्दै क्यानडासँग सहकार्य गर्न सकिने बताएका हुन्। नेपालले पर्याप्त जलविद्युत् सम्भावना र विस्तार हुँदै गएको ऊर्जा बजार उपलब्ध गराउन सक्ने भएकाले दुवै देशका लागि लाभदायक साझेदारीको अवसर रहेको उनले उल्लेख गरे। 'सन् १९९९ देखि जलविद्युत् क्षेत्रमा निजी क्षेत्रको सहभागिता सुरु भएपछि नेपालको विद्युत् उत्पादन क्षमतामा उल्लेखनीय वृद्धि भएको छ,' उनले भने, 'नेपालमा विद्युत् उत्पादनको कुल जडित क्षमता करिब ४.३ गिगावाट पुगेको छ, जसमध्ये ८० प्रतिशतभन्दा बढी क्षमता निजी क्षेत्रबाट विकास गरिएका आयोजनाको योगदान छ।'

नेपालले सन् २०३५ सम्म विद्युत् उत्पादनको जडित क्षमता ३० हजार मेगावाट पुर्‍याउने महत्त्वाकांक्षी लक्ष्य लिएको बताउँदै डाँगीले यो लक्ष्य हासिल गर्न हालको क्षमताबाट थप २४ हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादन गर्नुपर्ने बताए।

■ युएन एसिया प्यासिफिक मन्त्रीस्तरीय सम्मेलन

# जलवायु विपत् पूर्वतयारी गर्न नेपालले राख्यो तीन प्रस्ताव



**काठमाडौं**/ नेपालले जलवायु विपत् पूर्वतयारीका लागि एसिया तथा प्रशान्त क्षेत्रमा दिगो विकासका लागि अन्तरिक्ष अनुप्रयोगसम्बन्धी पाँचौं मन्त्रीस्तरीय सम्मेलन'मा तीनवटा प्रस्ताव राखेको छ। बैंककमा आयोजित सम्मेलनमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठले जलवायु जोखिम निगरानी र पूर्वसूचना प्रणालीका लागि नेपालका तर्फबाट एसिया प्यासिफिक क्षेत्रीय अन्तरिक्ष सहकार्यको प्रस्ताव गरेका हुन्।

सम्मेलनको एउटा सत्रलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले जलवायु परिवर्तनका कारण निम्तिने जटिल विपत्को सामना गर्न अन्तरिक्ष प्रविधिको प्रयोग र क्षेत्रीय सहकार्यलाई सुदृढ बनाउनुपर्नेमा जोड दिए। उनले क्षेत्रीय सहकार्यका लागि अन्तरिक्ष प्रविधिबाट हिमाली जोखिमको निरन्तर निगरानी, तथ्यांकको व्यावहारिक प्रयोग र समान तथा समतामूलक पहुँच हुनुपर्ने प्रस्ताव राखेका छन्।

उच्च-हिमाली जोखिमलाई क्षेत्रीय अन्तरिक्ष सहकार्यको निरन्तर प्राथमिकताका रूपमा स्थापित गर्ने उनको पहिलो प्रस्ताव छ। त्यस्तै, दोस्रो प्रस्तावमा समयमै सही कदम चाल्नका लागि तथ्यांकलाई व्यावहारिक मार्गदर्शनमा रूपान्तरण गर्नुपर्ने रहेको छ। 'भूउपग्रह तस्बिरहरूको पहुँचका साथसाथै समयको प्रत्येक मिनेट महत्त्वपूर्ण हुने अवस्थामा सही निर्णय लिन देशहरूलाई प्रयोग गर्न सकिने सूचना, साझा विश्लेषणात्मक उपकरण र प्रशिक्षित जनशक्तिको आवश्यकता पर्छ,' मन्त्री श्रेष्ठले भने। त्यस्तै तेस्रो प्रस्तावमा अन्तरिक्षमा आधारित सूचना र सेवाहरूमा समतामूलक र पहुँचयोग्य सुनिश्चित गर्नुपर्ने रहेको छ। उनले भने, 'भूउपग्रहले हिमालको खतरा पत्ता लगाउन सक्छ, तर तल्लो तटीय क्षेत्रका सर्वसाधारणसम्म पुग्ने सही समयको चेतावनीले मात्रै मानिसको ज्यान बचाउन सक्छ।'

माउन्टेन इनर्जी नेपाल लि.
Mountain Energy Nepal Ltd.
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ३०, काठमाडौं फोन नं.:०१-४५३७७०५, ०१-४५४१६४८ फ्याक्स नं.: ४५३०५६२
Website: www.mountainenergy.com.np | Email: info@mountainenergy.com.np

**तेह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०७/१२)

**श्री शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८३/०६/२६ गते बसेको १४६ औं सञ्चालक समितिको बैठकको निणर्यानुसार यस माउण्टेन इनर्जी नेपाल लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी पारित गर्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**

मितिः २०८३ साल कार्तिक महिना २० गते शुक्रबार (तदनुसार ६ नोभेम्वर, २०२६) ।

समयः बिहान १०:३० बजे

स्थानः Amrapali Banquet Catering & Events, भाटभटेनी, काठमाण्डौं ।

**छलफलका विषयहरुः**

**तेह्रौं वार्षिक साधारण सभाका प्रस्तावहरुः**

**प्रस्तावहरुः**

**(क) सामान्य प्रस्तावहरुः**

१. तेह्रौं वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फवाट प्रस्तुत आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२. यस कम्पनीको लेखा परिक्षकको प्रतिवेदन, सहित २०८३ आषाढ मसान्त सम्मको वासलात,२०८२/८३ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसंग सम्वद्ध अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस कम्पनीको आ.व. २०८३/८४ को लागि लेखा परिक्षण गर्न लेखा परिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।

४. संचालक समितीले प्रस्ताब गरेको लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।

५. यस कम्पनीको (५ जना) संचालकहरुको निर्वाचन गर्ने सम्वन्धमा ।

**(ख) विशेष प्रस्तावहरुः**

१. संचालक समितिले प्रस्ताब गरे बमोजिम आ.ब. २०८२।८३ को लागि चुक्ता पूंजीको २० प्रतिशतका दरले हुने रु. ६२,४६,५१,७७०।- (अक्षरेपी वैसठ्ठी करोड छयालीस लाख एकाउन्न हजार सात सय सत्तरी) बोनस शेयर बितरण गर्न र सोमा लाग्ने कर प्रयोजनको निमित्त १.०५२६३% अर्थात रु.३,२८,७६,४०९।- (अक्षरेपी तीन करोड अठ्ठाईस लाख छयहत्तर हजार चार सय नौ) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ) बितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. सम्वन्धित निकायवाट प्रवन्ध पत्र तथा नियमावलीमा सामान्य संशोधन गर्न माग भए अनुरुप आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सन्वन्धमा ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**नोटः**

- साधारणसभा सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८३/०६/२७ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको सूचना हेर्नुहुन समेत अनुरोध गरिन्छ।

NABIL BANK®
नबिल बैंक लिमिटेड
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं, फोन: ५९७१८७१
इमेल : info@nabilbank.com, वेबसाइट : www.nabilbank.com

**नगद लाभांश बितरण गरिएको सम्बन्धी सूचना**

नबिल बैंक लिमिटेडको मिति २०८३ आश्विन २२ गते, बिहीबार सम्पन्न ४२औं वार्षिक साधारण सभाले चुक्ता पूँजीको १०.८० प्रतिशत नगद लाभांश र ५ प्रतिशत बोनस शेयर समेत कुल १५.८० प्रतिशत लाभांश (नगद लाभांश तथा बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव पारित गरेसँगै मिति २०८३/०६/२२ गतेका दिनदेखि नै शेयरधनीहरूलाई नगद लाभांश वितरण गर्ने कार्य भइरहेको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी गराउँदछौं। यद्यपि कतिपय शेयरधनीहरूलाई नगद लाभांश वितरण गर्ने क्रममा शेयरहरू अभौतिकीकरण नभएको, डिम्याट खातामा रहेको बैंक खाता सम्बन्धी लगायतका विवरण मेल नखाएको, शेयर धितोमा रहेको वा अन्य विविध कारणहरूले शेयरधनीहरूलाई नगद लाभांश वितरण हुन नसकेको/भुक्तानी गर्न नसकिएको व्यहोरा जानकारी गराउँदै शेयरधनी महानुभावहरूले यस सम्बन्धमा आवश्यक कार्य सम्पन्न गरी बैंकको शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ। साथै, नगद लाभांश भुक्तानी प्राप्त गर्ने सम्बन्धमा सहज रुपमा थप जानकारी तथा सहयोग प्राप्त गर्नको लागि बैंकको शेयर रजिष्ट्रारको कार्यालयमा देहायमा उल्लिखित कर्मचारीलाई सिधै सम्पर्क राख्नुहुन अनुरोध छ।

| | | |
|---|---|---|
| **कर्मचारीको नाम** | : | नेहा प्रजापति |
| **सम्पर्क नं.** | : | ४५११६०४ । ४५११७३३ (एक्सटेन्सन नं. १४३) |
| **मोबाइल नं.** | : | ९८०२३२२८८५ |

साथै, बैंक (साविक युनाइटेड फाइनान्स लिमिटेड र साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड समेत) ले यस अघि वितरण गरेको नगद लाभांशहरू समेत केही शेयरधनी वा निजको हकवालाहरूले दाबी गरी लिन नआउनुभएको हुँदा बैंकको शेयर रजिष्ट्रारको कार्यालयमा सम्पर्क गरी नगद लाभांश बुझिलिनुहुन अनुरोध गर्दछौं।

शेयर रजिष्ट्रारः
NABIL® INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोन: ४५११६०४, ४५११७३३
इमेल: info@nabilinvest.com.np, वेबसाइट: www.nabilinvest.com.np

# एनएमबि बैंकका ग्राहकले सहजै विदेश रकम पठाउन सक्ने

**काठमाडौं/** एनएमबि बैंक लिमिटेडका ग्राहकलाई अब विदेशमा रकम पठाउन सहज हुने भएको छ। बैंकले आफ्ना अन्तर्राष्ट्रिय रकम स्थानान्तरण सेवा विस्तार गर्न भिजा कम्पनीसँग 'भिजा डाइरेक्ट टु एकाउन्ट' सेवाका लागि सम्झौता गरेको हो। सम्झौतापश्चात् एनएमबि



बैंकका ग्राहकलाई विदेशमा रकम पठाउने नयाँ र सहज विकल्प प्राप्त हुने बताइएको छ। यो प्रविधि प्रयोग गरी ग्राहकले झन्झटबिना अझ भरपर्दो र सुरक्षित रूपमा रकम स्थानान्तरण गर्न सक्नेछन्। भिजाको यो प्रविधि विश्वका १९५ भन्दा बढी देश तथा क्षेत्रमा सफलतापूर्वक सञ्चालनमा आइसकेको छ।

# सानिमा बैंकको नाफा एक अर्ब नाघ्यो

**काठमाडौं/** चालू आर्थिक वर्षको पहिलो त्रैमाससम्म बैंकको नाफा, प्रतिसेयर आम्दानी र इक्विटीलगायत प्रमुख वित्तीय सूचकमा सुधार देखिएको छ। समीक्षा अवधिमा बैंकको खुद नाफा १३१.१३ प्रतिशतले बढेर एक अर्ब पाँच करोड रुपैयाँ पुगेको छ। बैंकको वित्तीय विवरणअनुसार यस अवधिमा इक्विटीमा प्रतिफल (आरओई) पनि बढेको छ। गत वर्षको सोही अवधिमा ७.६८ प्रतिशत रहेको यस्तो प्रतिफल बढेर १५.६० प्रतिशत पुगेको हो।

त्यसैगरी गत आवमा बैंकको प्रतिसेयर आम्दानी १३.१५ रुपैयाँ रहेकामा चालू आवको असोज मसान्तसम्म बढेर २९.१७ रुपैयाँ पुगेको बैंकले जनाएको छ। यस्तै, बैंकको प्रतिसेयर कुल वितरणयोग्य नाफा १९.२७ रुपैयाँबाट बढेर २७.५८ रुपैयाँ पुगेको छ। बैंकको कर्जा तथा सापटीमा पनि वृद्धि भएको छ। खुद कर्जा तथा सापटी १.६९ प्रतिशतले बढेर २०७ अर्ब ४३ करोड रुपैयाँ पुगेको छ। त्यस्तै, निक्षेप ११.८४ प्रतिशतले बढेर २५४ अर्ब ९३ करोड रुपैयाँ पुगेको बैंकले जनाएको छ।

# नेपाल बैंकको सर्वसुलभ कर्जा योजना

**काठमाडौं/** नेपाल बैंकले स्थापनाको ९०औं वार्षिकोत्सवका अवसरमा ९० दिनका लागि न्यून ब्याजदर तथा सेवा शुल्कसहित सर्वसुलभ आवास कर्जा योजना ल्याएको छ। यसअन्तर्गत ग्राहकले घर खरिद, निर्माण तथा मर्मत र अपार्टमेन्टसमेत खरिद गर्न सक्नेछन्। बैंकका अनुसार, आधार दरमा ०.५ प्रतिशत प्रिमियम ब्याजदरबाट सुरु हुने यो कर्जाको अवधि अधिकतम २५ वर्षसम्म हुनेछ, जसमा ०.२५ प्रतिशत मात्र सेवा शुल्क लाग्नेछ। त्यसैगरी कर्जा लिने ग्राहकले बैंकबाट पाँच लाखसम्मको लाइफटाइम निःशुल्क क्रेडिट कार्ड सुविधा र लकर सुविधाको वार्षिक शुल्कमा ५० प्रतिशत छुटसमेत पाउनेछन्। यो योजनाको अवधि १५ कात्तिकदेखि १५ माघ अर्थात् ९० दिनसम्मका लागि रहने बैंकले जनाएको छ।



# Unaudited Financial Results (Quarterly)

## 1st Quarter ended of Fiscal Year 2083/84

### Condensed Consolidated Statement of Financial Position

For the quarter ended 31st Ashwin 2083

Amount In NPR

| Particular | Group | | Bank | |
|---|---|---|---|---|
| | This Quarter Ending | Ashad End 2083 (Audited) | This Quarter Ending | Ashad End 2083 (Audited) |
| **Assets** | | | | |
| Cash and cash equivalent | 17,733,994,533 | 18,977,175,311 | 17,846,568,289 | 18,965,710,429 |
| Due from Nepal Rastra Bank | 13,206,299,606 | 17,425,283,302 | 13,206,299,606 | 17,425,283,302 |
| Placement with Bank and Financial Institutions | 12,303,484,988 | 6,554,908,164 | 12,303,484,988 | 6,554,908,164 |
| Derivative financial instruments | 245,638,040 | - | 245,638,040 | - |
| Other trading assets | 854,182,849 | 863,184,398 | 619,620,015 | 615,445,079 |
| Loan and advances to B/FIs | 8,062,951,989 | 8,105,261,170 | 8,062,951,989 | 8,105,261,170 |
| Loans and advances to customers | 199,321,434,985 | 195,816,191,928 | 199,366,998,425 | 195,884,692,336 |
| Investment securities | 40,158,766,334 | 37,758,010,092 | 40,022,856,519 | 37,612,520,086 |
| Current tax assets | - | - | - | - |
| Investment in subsidiaries | - | - | 450,000,000 | 450,000,000 |
| Investment in associates | - | - | - | - |
| Investment property | 1,316,865,406 | 1,179,630,123 | 1,316,865,406 | 1,179,630,123 |
| Property and equipment | 1,333,523,836 | 1,370,920,505 | 1,303,374,609 | 1,339,171,912 |
| Goodwill and Intangible assets | 191,148,250 | 179,465,061 | 186,827,160 | 175,434,099 |
| Deferred tax assets | 222,084,663 | 203,992,254 | 218,982,491 | 200,678,083 |
| Other assets | 2,792,915,886 | 2,804,830,167 | 2,808,901,777 | 2,704,063,655 |
| **Total Assets** | **297,743,291,365** | **291,238,852,475** | **297,959,369,315** | **291,212,798,438** |
| **Liabilities** | | | | |
| Due to Bank and Financial Institutions | 3,271,658,013 | 1,034,958,404 | 3,271,658,013 | 1,006,717,158 |
| Due to Nepal Rastra Bank | - | - | - | - |
| Derivative financial instruments | - | 147,161,716 | - | 147,161,716 |
| Deposits from customers | 253,567,980,468 | 248,534,669,215 | 254,109,867,390 | 248,923,354,000 |
| Borrowing | 28,724,755 | - | - | - |
| Current Tax Liabilities | 379,656,713 | 144,993,383 | 380,789,153 | 148,634,659 |
| Provisions | 68,491,177 | 83,004,161 | 68,491,177 | 83,004,161 |
| Deferred tax liabilities | - | - | - | - |
| Other liabilities | 3,692,048,238 | 4,149,586,739 | 3,543,638,357 | 3,928,454,917 |
| Debt securities issued | 9,386,178,500 | 9,385,216,000 | 9,386,178,500 | 9,385,216,000 |
| Subordinated Liabilities | - | - | - | - |
| **Total liabilities** | **270,394,737,863** | **263,479,589,617** | **270,760,622,589** | **263,622,542,612** |
| **Equity** | | | | |
| Share capital | 15,581,525,414 | 15,581,525,414 | 15,581,525,414 | 15,581,525,414 |
| Share premium | - | - | - | - |
| Retained earnings | 2,144,266,794 | 3,006,686,552 | 2,036,399,608 | 2,884,956,937 |
| Reserves | 9,622,761,293 | 9,171,050,891 | 9,580,821,704 | 9,123,773,474 |
| **Total equity attributable to equity holders** | **27,348,553,501** | **27,759,262,858** | **27,198,746,726** | **27,590,255,826** |
| **Non-controlling interest** | | | | |
| **Total Equity** | **27,348,553,501** | **27,759,262,858** | **27,198,746,726** | **27,590,255,826** |
| **Total Liabilities and Equity** | **297,743,291,365** | **291,238,852,475** | **297,959,369,315** | **291,212,798,438** |

### Condensed Consolidated Statement of Profit or Loss

For the quarter ended 31st Ashwin 2083

Amount In NPR

| Particular | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) |
| Interest income | 4,059,321,535 | 4,059,321,535 | 4,332,909,708 | 4,332,909,708 | 4,059,783,021 | 4,059,783,021 | 4,332,202,819 | 4,332,202,819 |
| Interest expense | 2,211,649,771 | 2,211,649,771 | 2,642,495,173 | 2,642,495,173 | 2,212,207,878 | 2,212,207,878 | 2,643,678,347 | 2,643,678,347 |
| **Net interest income** | **1,847,671,764** | **1,847,671,764** | **1,690,414,535** | **1,690,414,535** | **1,847,575,143** | **1,847,575,143** | **1,688,524,472** | **1,688,524,472** |
| Fee and commission income | 520,108,964 | 520,108,964 | 386,311,061 | 386,311,061 | 483,471,884 | 483,471,884 | 348,504,966 | 348,504,966 |
| Fee and commission expense | 38,591,349 | 38,591,349 | 46,208,241 | 46,208,241 | 35,638,841 | 35,638,841 | 43,568,490 | 43,568,490 |
| **Net fee and commission income** | **481,517,615** | **481,517,615** | **340,102,821** | **340,102,821** | **447,833,043** | **447,833,043** | **304,936,476** | **304,936,476** |
| **Net interest, fee and commission income** | **2,329,189,379** | **2,329,189,379** | **2,030,517,356** | **2,030,517,356** | **2,295,408,186** | **2,295,408,186** | **1,993,460,948** | **1,993,460,948** |
| Net trading income | 367,310,876 | 367,310,876 | 146,175,870 | 146,175,870 | 360,930,065 | 360,930,065 | 168,897,810 | 168,897,810 |
| Other operating income | 372,325,534 | 372,325,534 | 191,757,786 | 191,757,786 | 393,827,161 | 393,827,161 | 220,490,684 | 220,490,684 |
| **Total operating income** | **3,068,825,789** | **3,068,825,789** | **2,368,451,012** | **2,368,451,012** | **3,050,165,412** | **3,050,165,412** | **2,382,849,442** | **2,382,849,442** |
| Impairment charge/(reversal) for loans and other losses | 330,976,201 | 330,976,201 | 956,775,280 | 956,775,280 | 330,976,201 | 330,976,201 | 956,775,280 | 956,775,280 |
| **Net operating income** | **2,737,849,588** | **2,737,849,588** | **1,411,675,732** | **1,411,675,732** | **2,719,189,211** | **2,719,189,211** | **1,426,074,162** | **1,426,074,162** |
| **Operating expense** | | | | | | | | |
| Personnel expenses | 626,439,478 | 626,439,478 | 490,102,851 | 490,102,851 | 613,050,446 | 613,050,446 | 478,856,919 | 478,856,919 |
| Other operating expenses | 306,349,501 | 306,349,501 | 243,600,051 | 243,600,051 | 300,568,010 | 300,568,010 | 237,845,461 | 237,845,461 |
| Depreciation & Amortization | 62,151,659 | 62,151,659 | 52,765,440 | 52,765,440 | 60,010,558 | 60,010,558 | 51,754,146 | 51,754,146 |
| **Operating Profit** | **1,742,908,949** | **1,742,908,949** | **625,207,390** | **625,207,390** | **1,745,560,197** | **1,745,560,197** | **657,617,636** | **657,617,636** |
| Non operating income | 655,734 | 655,734 | 1,115,564 | 1,115,564 | 655,734 | 655,734 | 1,115,564 | 1,115,564 |
| Non operating expense | 255,701,425 | 255,701,425 | 24,395,447 | 24,395,447 | 255,701,425 | 255,701,425 | 24,395,447 | 24,395,447 |
| **Profit before income tax** | **1,487,863,259** | **1,487,863,259** | **601,927,508** | **601,927,508** | **1,490,514,507** | **1,490,514,507** | **634,337,753** | **634,337,753** |
| Income tax expense | | | | | | | | |
| Current Tax | 444,298,536 | 444,298,536 | 188,710,552 | 188,710,552 | 439,046,101 | 439,046,101 | 179,419,603 | 179,419,603 |
| Deferred Tax | 3,340,436 | 3,340,436 | (7,965,387) | (7,965,387) | - | - | - | - |
| **Profit for the period** | **1,040,224,286** | **1,040,224,286** | **421,182,343** | **421,182,343** | **1,051,468,405** | **1,051,468,405** | **454,918,150** | **454,918,150** |
| **Condensed Consolidated Statement of Other Comprehensive Income** | | | | | | | | |
| Profit/(Loss) for the period | 1,040,224,286 | 1,040,224,286 | 421,182,343 | 421,182,343 | 1,051,468,405 | 1,051,468,405 | 454,918,150 | 454,918,150 |
| Other comprehensive income | (42,189,845) | (42,189,845) | (33,048,949) | (33,048,949) | (35,483,711) | (35,483,711) | (29,073,495) | (29,073,495) |
| **Total Comprehensive Income** | **998,034,442** | **998,034,442** | **388,133,395** | **388,133,395** | **1,015,984,694** | **1,015,984,694** | **425,844,655** | **425,844,655** |
| Basic earnings per share | | 28.85 | | 12.17 | | 29.17 | | 13.15 |
| Diluted earnings per share | | 28.85 | | 12.17 | | 29.17 | | 13.15 |
| **Profit attributable to:** | | | | | | | | |
| Equity holders of the Bank | 1,040,224,286 | 1,040,224,286 | 421,182,343 | 421,182,343 | 1,051,468,405 | 1,051,468,405 | 454,918,150 | 454,918,150 |
| Non-controlling interest | - | - | - | - | - | - | - | - |
| **Total** | **1,040,224,286** | **1,040,224,286** | **421,182,343** | **421,182,343** | **1,051,468,405** | **1,051,468,405** | **454,918,150** | **454,918,150** |

### Ratios as per NRB Directive

| Particular | Group | | Bank | |
|---|---|---|---|---|
| | Current Year | Previous Year Corresponding | Current Year | Previous Year Corresponding |
| | Up to This Quarter (YTD) | Up to This Quarter (YTD) | Up to This Quarter (YTD) | Up to This Quarter (YTD) |
| Capital Fund to RWA (%) | 12.37 | 12.76 | 12.37 | 12.76 |
| Tier I Capital to RWA (%) | 9.70 | 9.51 | 9.70 | 9.51 |
| CET I Capital to RWA (%) | 8.88 | 9.51 | 8.88 | 9.51 |
| Gross Non Performing Loan (NPL) to Total Loan (%) | 2.86 | 3.91 | 2.86 | 3.91 |
| Net Non Performing Loan (NPL) to Total Loan (%) | 1.08 | 1.58 | 1.08 | 1.58 |
| Total Loan Loss Provision to Total NPL (%) | 136.71 | 105.46 | 136.71 | 105.46 |
| Monthly Cost of Funds (%) | 3.35 | 4.32 | 3.35 | 4.32 |
| Credit To Deposit Ratio (%) | 78.65 | 79.23 | 78.65 | 79.23 |
| Monthly Base Rate (%) | 4.60 | 5.59 | 4.60 | 5.59 |
| Interest Rate Spread (%) | 3.17 | 3.65 | 3.17 | 3.65 |
| Return on Equity (%) | 15.33 | 7.06 | 15.60 | 7.68 |
| Return on Total Assets (%) | 1.39 | 0.62 | 1.40 | 0.67 |

### Statement of Distributable Profit or Loss, For the quarter ended 31st Ashwin 2083 (As per NRB Regulation)

Amount In NPR

| Particular | Bank | |
|---|---|---|
| | Current Year Upto this Qtr YTD | Previous Year Corresponding Qtr YTD |
| **Net profit or (loss) as per statement of profit or loss** | **1,051,468,405** | **454,918,150** |
| **Appropriations:** | | |
| a. General reserve | (210,294,000) | (90,984,000) |
| b. Foreign exchange fluctuation fund | - | (3,018,581) |
| c. Capital redemption reserve | – | – |
| d. Corporate social responsibility fund | (10,514,684) | (4,549,182) |
| e. Employees' training fund | - | - |
| f. Investment Adjustment Reserve | - | - |
| g. Other | | |
| Debenture redemption reserve | (190,015,765) | (190,015,765) |
| Transfer from corporate social responsibility fund | 24,313,121 | 1,727,589 |
| Transfer from fair value reserve | 5,780,573 | (4,890,862) |
| Reversal of deferred tax liability/(asset) | 2,477,103 | (2,095,227) |
| **Profit or (loss) before regulatory adjustment** | **673,214,753** | **161,092,122** |
| **Regulatory adjustment :** | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | (29,417,002) | (91,586,351) |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+) | (68,302,000) | (43,462,849) |
| e. Deferred tax assets recognized (-)/ reversal (+) | - | - |
| f. Goodwill recognized (-)/ impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognized (-)/reversal (+) | - | - |
| h. Actuarial loss recognized (-)/reversal (+) | - | - |
| i. Other (+/-) | (13,462,182) | 1,499,032 |
| **Net Profit for the Qtr ended Ashwin 2083 available for distribution** | **562,033,568** | **27,541,955** |
| Opening retained earning as on Shrawan 1 | 2,884,956,937 | 2,102,906,994 |
| **Distribution** | | |
| Bonus Share issued | - | - |
| Cash Dividend paid | (1,410,590,898) | - |
| **Total Distributable profit or (loss) as on qrt end date** | **2,036,399,608** | **2,130,448,949** |
| Cash Dividend distributable on preference shares | (42,041,096) | - |
| **Total Distributable profit to Ordinary Shareholders** | **1,994,358,512** | **2,130,448,949** |
| Annualized Distributable Profit/Loss per Ordinary Share | 27.58 | 19.27 |

- Above financials have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS), including the carve-outs as issued by the Institute of Chartered Accountants of Nepal.
- Figures are subject to change as per direction from supervisory authority and statutory auditor.
- Loans and advances include interest receivables and staff loans which are presented net of impairment loss.
- Interest accrued on loans falling under stage 3 has been recognized as income on cash basis (incremental) approach.
- Impairment loss on credit exposures has been measured and recognised as the higher of total Expected Credit Loss as per NFRS 9 and existing regulatory provisions as per NRB Directives in line with Expected Credit Loss Related Guidelines, 2024 issued by NRB.
- Personnel expenses include provision for employee bonus and amortization of prepayment amount of subsidized loans provided to the employees of the Bank.
- Actuarial valuation for employee benefits is done on annual basis only.
- Previous period figures have been regrouped and rearranged wherever necessary.
- Ordinary shares have only been taken for computing earnings per share and return on equity.
- The detailed interim report has been published in the Bank's website.

**Related Party Disclosures:**

- Group represents Sanima Bank Ltd. and its 100% subsidiaries Sanima Capital Ltd and Sanima Securities Ltd.
- All inter-company transactions are executed on arm's length basis. All inter-company transactions and outstanding balances amongst group companies have been eliminated in the above statements related to group.
- The Bank has Rs. 541.89 million as various deposits of its subsidiaries at this quarter end. The Bank paid net interest amount Rs. 1.38 million on such deposits during the reporting period. The Bank has also outstanding loan of Rs. 45.80 million provided to its subsidiaries at this quarter end. The Bank earned interest of Rs. 0.85 million on such loans during the reporting period.
- The Bank has entered into Service Level Agreement with Sanima Capital Ltd to provide operational and technical assistance for a fee of Rs. 2.42 million for the year 2026-27.
- The Bank has entered into Service Level Agreement with Sanima Securities Ltd to provide operational and technical assistance for a fee of Rs. 0.6 million for the year 2026-27.
- The Bank has appointed Sanima Capital Ltd as its share registrar.

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ बमोजिमको विवरण (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

**१. वित्तीय विवरण**

क) बैंकको आ.व. २०८३/८४ को पहिलो त्रैमासको वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ ।
ख) प्रमुख वित्तीय अनुपातहरू

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (रू.) | २९.१७ | प्रति शेयर कुल सम्पति (रू.) | २,१९३.८६ |
| मूल्य आम्दानी अनुपात | १३.४७ | तरलता अनुपात (%) | २९.४२ |
| प्रति शेयर नेटवर्थ (रू.) | १८५.५४ | | |

*प्रति शेयर अनुपातहरू गणना गर्दा साधारण शेयर मात्र लिइएको ।

**२. व्यवस्थापकीय विश्लेषण**

क) समुच्च आर्थिक प्रतिकूलताको बाबजुद बैंकको व्यवसायमा गुणात्मक वृद्धि भएको छ ।
ख) दीगो आर्थिक विकासका लागि बैंकले विश्वसनीय तवरबाट सदाझैं सरोकारवालाहरूको हित संरक्षण गर्दै विशुद्ध बैंकिङ सुविधा प्रदान गर्दै जानेछ ।
ग) समीक्षा अवधिमा बैंकको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्ने कुनै घटना, अवस्था आदि नभएको ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण**

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्था विरूद्ध कुनै मुद्दा दायर भएको भए ।
- यस त्रैमासमा बैंकको सामान्य व्यवसायिक कारोबार सम्बन्धी मुद्दा बाहेक व्यवसायमा तात्विक असर पर्ने गरी बैंकले वा बैंकको विरूद्ध कुनै मुद्दा दायर नभएको ।

ख) संगठित संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा दायर मुद्दा ।
- यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको ।

ग) कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए ।
- यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

क) धितोपत्र बजारमा सुचिकृत रहेको यस बैंकको शेयरको कारोबार मूल्य खुल्ला बजारले निर्धारण गर्ने भएकाले यस सम्बन्धमा व्यवस्थापनको धारणा तटष्थ रहेको छ ।
ख) समीक्षा अवधिमा शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्य, कुल कारोवार भएको दिन र कुल कारोवार भएको संख्या र शेयर विवरण देहाय वमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य (रू.) | ३९७.०० | कूल कारोवार दिन | ६१ |
| न्यूनतम मूल्य (रू.) | ३५०.१० | कूल कारोवार संख्या | १७,५७६ |
| आश्विन मसान्तको अन्तिम मूल्य (रू.) | ३९२.९० | कूल कारोवार शेयर संख्या | ६९,२१,७८२ |

**५. समस्या तथा चुनौती**

**क) आन्तरिक समस्या तथा चुनौती**
- ब्याज तथा गैरब्याज आम्दानीको वृद्धिमा चुनौती ।
- कर्जा असुलीमा चाप तथा निष्कृय कर्जा व्यवस्थापनमा चुनौती ।

**ख) वाह्य समस्या र चुनौती**
- कर्जाको माग तथा निक्षेप वृद्धिमा सन्तुलन नहुनु ।
- सूचना प्रविधिको क्षेत्रमा देखा परेका नयाँ किसिमका चुनौतीहरू ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रको संकुचनबाट उत्पन्न हुन सक्ने जोखिमहरू तथा असुलीमा चाप ।
- नीतिनिर्देशन तथा कानुनहरूमा हुने परिवर्तनले उत्पन्न हुनसक्ने सम्भावित चुनौतीहरू ।

**ग) रणनीति**
- निक्षेप तथा कर्जाको विविधिकरण ।
- आयआर्जन गर्ने नयाँ क्षेत्रहरू विस्तार तथा निक्षेप परिचालनमा जोड ।
- समय सापेक्ष प्रविधिमा आधारित नयाँ सेवाहरूको विकास ।
- पूँजीकोष वृद्धि ।
- निष्कृय कर्जा व्यवस्थापन ।
- कर्जा असुलीलाई विशेष प्राथमिकता ।
- समग्र जोखिम व्यवस्थापनको आधारभुत पक्षहरूको मजबुतीकरण ।

**६. संस्थागत सुशासन**
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशन तथा परिपत्रहरूको पूर्ण रूपमा पालना गरिएको छ । संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको र संस्थागत सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको अक्षरशः पालना गरिएको छ ।
- बैंकको समग्र जोखिम व्यवस्थापन कार्यलाई मजबुत पार्न, संचालन जोखिम कम गर्न तथा आन्तरिक प्रकृयाहरूलाई व्यवस्थित गर्न जोखिम व्यवस्थापन समिति (Risk Management Committee) गठन गरिएको छ । आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न लेखापरीक्षण समिति (Audit Committee) गठन गरिएको छ जसले बाह्य तथा आन्तरिक लेखापरीक्षकबाट दिइएका सुझाव तथा निर्देशनहरूलाई कार्यान्वयन गराउनुका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउन व्यवस्थापनलाई सल्लाह र सुझावहरू दिंदै आइरहेको छ । त्यस्तै सम्पति शुद्विकरण सम्बन्धी कार्यहरूको अनुपालनाको अवस्था विश्लेषण गर्न सम्पति शुद्विकरण समिति क्रियाशील रहेको छ ।
- कारोवारलाई छिटो, छरितो, चुस्त तथा वैज्ञानिक बनाउन तथा अन्य आवश्यक रणनीति तय गर्न व्यवस्थापन समिति (MANCOM), कर्जा जोखिम व्यवस्थापन समिति (Credit Risk Management Committee), सम्पत्ति/दायित्व व्यवस्थापन समिति (ALCO) लगायतका विभिन्न समितिहरू क्रियाशील रहेका छन् ।
- नेपाल राष्ट्र बैंकको निर्देशन, स्थलगत निरिक्षण प्रतिवेदन, आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका सुझाव तथा निर्देशनहरूलाई यस बैंकले सदैव पालना गर्दै आएको छ । संस्थागत सुशासनको पूर्ण पालना गर्दै यसलाई अझ सुदृढ बनाउँदै लैजान यस बैंकको संचालक समिति र व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

**७. सत्यतथ्य सम्वन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै, मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् तथा लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुराको म उद्घोष गर्दछु ।

Sanima Bank

www.sanimabank.com

P.O.B. No. 20394, "Alakapuri", Naxal, Kathmandu I Tel.: +977-01-5970033 I Email: sanima@sanimabank.com

# दीपेन्द्रको अर्धशतकमा सुदूरपश्चिमको सानदार जित

**रमेश सुवेदी**/नयाँ पत्रिका

कप्तान दीपेन्द्रसिंह ऐरी र ईशान पाण्डेको ७४ रन साझेदारीमा दुईपटकको साबिक उपविजेता सुदूरपश्चिम रोयल्सले बुधबार तेस्रो नेपाल प्रिमियर लिग (एनपिएल)मा पोखरा एभेन्जर्सलाई ६ विकेटले हराएको छ। सुदूरपश्चिमले दोस्रो खेलमा पहिलो जित निकालेको हो।

सुदूरपश्चिमको जितमा दीपेन्द्रले महत्त्वपूर्ण ५१ रन बनाए। उनले ३६ बलमा चार चौका र दुई छक्का प्रहार गरेका थिए। उनको ब्याटिङ स्ट्राइक १४१.६६ रह्यो। चौथो विकेटका लागि म्याच विनिङ साझेदारी गरेका ईशानले पनि ३१ बलमा समान दुई चौका र छक्का प्रहार गरी ३७ रन बनाए।

त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको पोखराले २० ओभरमा सात विकेट गुमाउँदै १४५ रन बनाएको थियो। प्रत्युत्तरमा सुदूरपश्चिमले १६.५ ओभरमा चार विकेट गुमाउँदै लक्ष्य प्राप्त गर्‍यो। कुशल भुर्तेलको कप्तानीमा रहेको पोखरा पहिलो खेलमा पराजित भयो। एनपिएल इतिहासमा पोखरा मात्र प्लेअफमा पुग्न नसकेको एक मात्र टोली हो।

सुदूरपश्चिमले सानदार जित निकाले पनि ओपनिङ जोडीले गतिलो योगदान दिन सकेनन्। ओपनर विनोद भण्डारी ४ र सैफ जैब १५ रनमा आउट भए। सुदूरपश्चिमले ६.३ ओभरमा तीन विकेट गुमाएर ५६ रन बनाएको थियो। दीपेन्द्र र ईशानले १३.३ ओभरसम्म ब्याटिङ गर्दै जितको आधार बनाए।

### पोखराको प्रतिस्पर्धात्मक लक्ष्य

पहिलो इनिङ्समा पोखराका लागि अर्जुन घर्तीले अविजित ४० रनको योगदान दिए। उनले अन्तिम ओभरमा दुई चौका र एक छक्का प्रहार गर्दा पोखराले सुदूरपश्चिमविरुद्ध प्रतिस्पर्धामक योगफल खडा गरेको हो। अर्जुनले पहिलोपटक पोखराबाट खेलेका हुन्। कर्णालीबाट दुई संस्करण खेलेका अर्जुनलाई यसपटक रिटेन गरेन। पोखराका बंगलादेशी ओपनर मेहदी हसनले २१ बलमा ३२ रन बनाए। उनले चार चौका र एक छक्का हिर्काए। उनलाई अनिल खरेलले दीपेन्द्रबाट क्याच गराएका थिए।

कप्तान कुशल भुर्तेलले १७ बलमा २१ रन बनाए। श्रीलंकाका सदिरा समराविक्रमाले ८ र धनञ्जयले ११ रनको योगदान गरेका थिए। बलिङमा सुदूरपश्चिमका अनिल खरेलले तीन ओभरमा २३ रन दिएर सर्वाधिक तीन विकेट लिएका थिए।

### दीपेन्द्रले एकै खेलबाट कमाए डेढ लाख

पोखराविरुद्धको जितमा सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीले उत्कृष्ट प्रदर्शन गरेका थिए। उनकै अर्धशतकीय योगदानमा सुदूरपश्चिमले जित निकालेको हो। ब्याटिङ, बलिङ र फिल्डिङमा एकनासको प्रदर्शन गरेका कारण नै उनी खेलकै म्यान अफ दी म्याच भए। समग्रमा दीपेन्द्रले विभिन्न चार विधाको पुरस्कार पाए। म्यान अफ दी म्याच हुँदा उनले ५० हजार रुपैयाँ जिते। फिल्डिङका क्रममा उत्कृष्ट क्याच लिएपछि २५ हजार पाए। उनले ईशान पाण्डेसँग चौथो विकेटका लागि ७४ रन जोडे। यसका लागि उनले थप २५ हजार रुपैयाँ जिते।



सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरी ब्याटिङ गर्दै।

## कप्तानका **भनाइ**

### सुधारिएको ब्याटिङ प्रदर्शन भयो

● **दीपेन्द्रसिंह ऐरी**, कप्तान, सुदूरपश्चिम

पहिलो खेलमा पावर प्लेमै विकेट गुमायौँ। तर, दोस्रो खेलमा ब्याटिङमा सुधार आएपछि पोखराविरुद्ध जित्न सहज भयो। त्रिवि क्रिकेट मैदानमा जति खेल हुँदै जान्छ, त्यहीअनुसार खेलाडीले यहाँको पिचबारे जानकारी प्राप्त गर्छन्। यसले आगामी खेलमा खेल्न सजिलो हुनेछ। मैदानमा रहँदा सधैँ तीनवटै क्षेत्रमा शतप्रतिशत दिन मन लाग्छ। ईशानसँग साझेदारी राम्रो भयो। एक किसिमले जितको आधार पनि बन्यो। आगामी खेलमा समर्थकलाई खुसी बनाउने प्रयास हुनेछ।

### प्रतिस्पर्धात्मक लक्ष्य दिएका थियौँ

● **कुशल भुर्तेल**, कप्तान, पोखरा

त्रिवि मैदानको पिचअनुसार पहिलो ब्याटिङ राम्रो थियो। हाम्रो ब्याटिङ नराम्रोजस्तो पनि लाग्दैन। लगभग १५० रनको लक्ष्य दियौँ। त्यो भनेको जितको आधारसमेत हो। तर, साँझ हुँदै गएपछि ड्यु फ्याक्टरको प्रभाव पर्छ। सुदूरपश्चिमसँगको खेलमा यस्तै भयो। दोस्रो इनिङ्समा बलिङको प्रभाव पर्ने अनुमान थियो। तर, सुदूरपश्चिमको ब्याटिङ राम्रो देखियो। पोखराको बलिङ बलियो छ। प्रतिस्पर्धामा स्पिनरले राम्रो गर्ने धेरै प्रयास गरेका थिए। यसपटक हाम्रो लक्ष्य प्ले अफ हो।

## एनपिएलमा सकिबको डेब्यु

बंगलादेशी विश्वचर्चित अलराउन्डर सकिब अल हसनले नेपाल प्रिमियर लिगमा डेब्यु गरेका छन्। तेस्रो संस्करणअन्तर्गत चौथो खेलमा सकिबले पोखरा एजेन्जर्सबाट डेब्यु गरेका हुन्। पहिलो ब्याटिङ गरेको पोखराले उनलाई चौथो ब्याटिङ क्रममा उतारेको थियो। ब्याटिङमा उनी सुस्त देखिए। उनले १६ बलमा एक चौकाको सहयोगमा १४ रन जोडेका थिए। उनी इनिङ्सको १०.६ ओभरमा आउट भए। विश्वचर्चित अलराउन्डर सकिबको विकेट नेपालका अनिल खरेलले लिएका हुन्।

ब्याटिङमा चल्न नसकेका सकिबले दोस्रो इनिङ्सको चौथो ओभरमै बलिङको अवसर पाए। उनले ४.४ ओभरमा ब्रान्डन म्याकमुलेनको विकेट लिए। सकिबले आफ्नो चार ओभरको कोटामा २४ रन खर्चे। बंगलादेशी खेलाडीमध्ये धेरै फ्रेन्चाइज क्रिकेट खेल्नेमा उनी अगाडि छन्। उनले विश्वका सबैजसो फ्रेन्चाइज लिग खेलेका छन्। इन्डियन प्रिमियर लिगमा उनले कोलकाता नाइटराइडर्सबाट खेलेका छन्। बंगलादेशबाट उनले समग्रमा १४ अन्तर्राष्ट्रिय शतक लगाएका छन्। उनले टी-२० आईमा १३ अर्धशतकीय इनिङ्स खेलेका छन्।



## म्याच प्रिभ्यु

### कर्णालीविरुद्ध जितको खोजीमा विराटनगर

**पहिलो सिजनको नतिजा**
कर्णाली १३३/१०, विराटनगर १२६/८
**कर्णाली ७ रनले विजयी**

**दोस्रो सिजनको नतिजा**
कर्णाली १६०/३, विराटनगर १६३/७
**विराटनगर ३ विकेटले विजयी**

स्टार खेलाडीले भरिएको विराटनगर किंग्सले पहिलो खेलमा धैर्य गुमाउँदा चितवन राइनोससँग हारको सामना गर्‍यो। लक्ष्य पछ्याएको इनिङ्सको १६औँ ओभरसम्म पनि विराटनगर बलियो स्थितिमा थियो। तर, अन्तिम चार ओभरमा ब्याट्सम्यानहरूले अनावश्यक सट प्रहार गर्दा खेल हातबाट फुत्कायो। दोस्रो खेलमा भने विराटनगर यस्तो गल्ती गर्न चाहँदैन। उसले बिहीबार कर्णाली याक्ससँग प्रतिस्पर्धा गर्दै छ।

कर्णालीले जितका साथ तेस्रो सिजन सुरु गर्‍यो। पहिलो खेलमा बलरहरूको साथमा उसले जनकपुर बोल्ट्सलाई हरायो। कर्णालीलाई पहिलो खेलमै जित दिलाउँदा फास्ट र स्पिन बलरले गतिलो साथ दिएका थिए। कर्णाली यसपटक राम्रो सेपमा देखिन्छ। गत वर्ष केवल दुई जित मात्र निकालेको टोलीले विराटनगरसँगको खेलमा ब्याटिङ पक्षमा सुधार गर्नुपर्ने देखिन्छ।

अर्कोतिर विराटनगरका कप्तान सन्दीप लामिछानेले पहिलो खेलमा गरेको गल्ती दोस्रोमा नहुने बताइसकेका छन्। 'प्रत्येक खेल फरक हुन्छ। पहिलो खेलमा ब्याट्सम्यानहरूले अन्तिम चार ओभरमा जुन गल्ती गरेका थिए। अब आगामी खेलमा हुनेछैन,' चितवनसँगको हारपछि उनले भनेका थिए। कर्णालीका कप्तान सोमपाल कामीले टिम भावनाका साथ सबै खेलाडी प्रतिस्पर्धा गरिरहेका कारण सहज भएको बताएका छन्। 'टिम भावनाअनुसार खेलिरहेका छौँ। यो क्रम आगामी खेलमा पनि जारी रहनेछ,' उनले भनेका छन्।

पहिलो तथा दोस्रो संस्करणको नतिजाअनुसार दुवै टोलीले मिश्रित नतिजा निकालेका छन्। पहिलो संस्करणमा कर्णालीले विराटनगरलाई ७ रनले हराएको थियो। दोस्रोमा विराटनगरले तीन विकेटको जित निकाल्यो।

### काठमाडौंको बलियो ब्याटिङविरुद्ध जनकपुर

**पहिलो सिजनको नतिजा**
काठमाडौं १०१/१०, जनकपुर १०४/५
**जनकपुर पाँच विकेटले विजयी**

**दोस्रो सिजनको नतिजा**
जनकपुर १३०/६, काठमाडौं १३१/५
**काठमाडौं पाँच विकेटले विजयी**

पहिलो संस्करणमा उत्कृष्ट प्रदर्शन गरी उपाधि जितेको जनकपुर दोस्रोमा पुछारमा रह्यो। यसपटक तेस्रो संस्करणमा जनकपुरले सोचेजस्तो सुरुवात गर्न सकेन। कर्णालीसँगको पहिलो खेलमै जनकपुर १८ रनले पराजित भयो। अब आफ्नो दोस्रो खेलमा जनकपुरले ब्याटिङ लाइनअप बलियो भएको काठमाडौं गोर्खाजसँग प्रतिस्पर्धा गर्दै छ। काठमाडौंले विश्वचर्चित अस्ट्रेलियन ब्याट्सम्यान डेभिड वार्नर भित्र्याउँदै ब्याटिङमा दमदार प्रदर्शन हुने सन्देश दिएको छ।

यद्यपि, जनकपुर पनि कम छैन। जनकपुरले पनि त्यसको उत्तर दिन इंग्ल्यान्डका पूर्व अलराउन्डर मोइन अलीलाई अनुबन्ध गरी अलराउन्ड पक्ष बलियो बनाएको छ। मोइनले पहिलो खेलमा औसत प्रदर्शन गरेका थिए। अब काठमाडौंसँगको खेलमा उनको वास्तविक परीक्षा हुनेछ। अन्तर्राष्ट्रिय क्रिकेटमा मोइन र वार्नरबिच धेरैपटक प्रतिस्पर्धा भइसकेको छ।

दुवै खेलाडीलाई एक-अर्काको बलियो र कमजोर पक्ष थाहा छ। सम्भवतः वार्नर र मोइनले आ-आफ्नो खुबीअनुसारै प्रदर्शन गर्नेछन्। पहिलो संस्करणमा उत्कृष्ट लयमा रहेको जनकपुरले काठमाडौंलाई पाँच विकेटले हराएको थियो। दोस्रोमा भने जनकपुर कमजोर देखियो। काठमाडौंले जनकपुरमाथि पाँच विकेटको जित निकाल्यो। काठमाडौं यसै प्रदर्शनलाई निरन्तरता दिने प्रयासमा हुनेछ।

जनकपुरका कप्तान हर्मित सिंहले पहिलो खेलमा अनुभवी खेलाडीले सोचेजस्तो प्रदर्शन गर्न नसक्दा हार भएको बताएका थिए। उनले काठमाडौंसँग गल्तीरहित प्रदर्शन हुने जनाएका छन्।

### आजका खेल

| | | |
|---|---|---|
| जनकपुर बोल्ट्स | दिउँसो १२:३० बजे | काठमाडौं गोर्खाज |
| कर्णाली याक्स | साँझ ५ बजे | विराटनगर किंग्स |

## प्लेयर्स टु वाच

### ▶ मोइन अली (जनकपुर)



इंग्ल्यान्डका अलराउन्डर अली अन्तर्राष्ट्रिय क्रिकेटमा राम्रो छाप बनाएका क्रिकेटर हुन्। जनकपुरले स्टार खेलाडी भित्र्याउने क्रममा उनलाई अनुबन्ध गरेको हो। उनले एनपिएलमा कर्णाली याक्सविरुद्ध डेब्युको अवसर पाएका थिए। उनले एनपिएल डेब्यु सुखद बनाएका छन्। कर्णालीसँग पराजित प्रतिस्पर्धामा अलीले ब्याटिङमा १९ रन जोडेका थिए। बलिङमा उनले आफ्नो क्लास देखाए। उनले आफ्नो निर्धारित कोटामा १९ रन खर्चेर दुई विकेट हात पारेका थिए। बिहीबार काठमाडौं गोर्खाजसँगको महत्त्वपूर्ण खेल हुँदै छ। जनकपुरले इंग्ल्यान्डका अनुभवी खेलाडीबाट उत्कृष्ट प्रदर्शनको आशा गरेको छ। फिल्डिङमा समेत उनले योगदान दिन सक्ने भएकाले जनकपुरलाई यस क्षेत्रमा थप बोनस हुनेछ।

### ▶ डेभिड वार्नर (काठमाडौं)



काठमाडौं गोर्खाजले तेस्रो सिजनमा स्टार खेलाडीका रूपमा अस्ट्रेलियन वार्नरलाई भित्र्याएको हो। विश्व क्रिकेटमा उनले फरक किसिमको छाप राखेका छन्। उनले क्रिकेटका तीनै फर्म्याटमा आक्रामक रूपमा ब्याटिङ गर्दै चर्चा बटुलेका छन्। ओपनिङ ब्याटिङ अर्डर पाएका वार्नरले पावर प्लेमै विपक्षीविरुद्ध चौका र छक्का प्रहार गर्छन्। वार्नरले जनकपुरविरुद्ध स्वाभाविक ब्याटिङ गर्दा काठमाडौं बलियो देखिनेछ। विश्वचर्चित इन्डियन प्रिमियर लिगमा समेत विदेशी खेलाडीमध्ये अहिलेसम्म उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीमा उनी पर्छन्। अस्ट्रेलियाबाट उनले टी-२० र एकदिवसीय विश्वकप क्रिकेट जितेका छन्।

### ▶ एन्ड्रे रसेल (विराटनगर)



वेस्ट इन्डिजका चर्चित अलराउन्डरमध्ये रसेल पर्छन्। उनले आफ्नो समयमा प्रसिद्ध फास्ट तथा स्पिनर बलरलाई समेत निराश बनाएका थिए। इन्डियन प्रिमियर लिग ट्रफीसमेत उचालिसकेका रसेलले पनि एनपिएलमा डेब्यु गरिसकेका छन्। चितवन राइनोजसँगको प्रतिस्पर्धामा उनले विराटनगरबाट डेब्यु गरेका थिए। पहिलो खेलमै उनी आफ्नो छविअनुसार प्रदर्शन गर्न सफल भए। उनले ब्याटिङका क्रममा ३३ रन जोड्दा छक्का बर्साएका थिए। बलिङमा समेत उनले एक विकेट हात पारे। तर, उनले एक विकेटका लागि ३९ रन खर्चे। कर्णालीको सटीक बलिङ रणनीति तोड्न उनी तयार छन्। विराटनगरले सम्भवतः आफ्नो दोस्रो खेलमा उनलाई अगाडि पठाउन सक्छ।

### ▶ सोमपाल कामी (कर्णाली)



कप्तानी र बलिङ विभागको समेत नेतृत्व गरेका सोमपाल कर्णालीका प्रमुख खेलाडीमा पर्छन्। गत सिजनमा दुई जित मात्र निकालेको कर्णालीले यसपटक जितका साथ सुरुवात गरेको छ। पहिलो खेलमा जनकपुरविरुद्धको जितमा उनले १५ रन खर्चेर एक विकेट हात पारेका थिए। अवस्थाअनुसार बलिङ गर्न रुचाउने सोमपालले विराटनगरको बलियो ब्याटिङ लाइनअप बिगार्न सक्छन्। कर्णालीले पनि उनीबाट दोस्रो खेलमा राम्रो प्रदर्शनको आशा गरेको छ। त्रिवि क्रिकेट मैदानको पिचबारे राम्रो जानकार सोमपालले ड्यु फ्याक्टरअनुरूप बलिङ रणनीति बनाउन सक्छन्।

### अंकतालिका

| टोली | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| लुम्बिनी लायन्स | १ | १ | ० | २ | ४.५९ |
| कर्णाली याक्स | १ | १ | ० | २ | ०.९५ |
| चितवन राइनोज | १ | १ | ० | २ | ०.४० |
| सुदूरपश्चिम रोयल्स | २ | १ | १ | २ | -१.४३ |
| विराटनगर किंग्स | १ | ० | १ | ० | -०.४० |
| जनकपुर बोल्ट्स | १ | ० | १ | ० | -०.९५ |
| पोखरा एभेन्जर्स | १ | ० | १ | ० | -१.५४ |
| काठमाडौं गोर्खाज | ० | ० | ० | ० | ० |

## आजको तस्बिर



उत्कृष्ट जित

तेस्रो सिजनको एनपिएलमा पोखरा एभेन्जर्सलाई बुधबार ६ विकेटले हराएपछि सुदूरपश्चिम रोयल्सका खुसी दर्शक। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

## चार खेलपछि स्वदेशी बलर अगाडि

तेस्रो सिजनको एनपिएलको चार खेल समाप्त भइसकेको छ। त्रिवि मैदानमा बलरले उत्कृष्ट प्रदर्शन गरिरहेका छन्। चार खेलमा सर्वाधिक विकेट लिने सूचीको शीर्ष तीनभित्र स्वदेशी खेलाडी छन्। पहिलो स्थानमा सुदूरपश्चिमका अनिल खरेलले दुई इनिङ्समा पाँच विकेट लिए। उनको औसत ६.४० रहेको छ। यसैगरी दोस्रो स्थानमा लुम्बिनी लायन्सका किशोर महतो छन्। उनले एक इनिङ्समा चार विकेट हात पारेका थिए।

उद्घाटन खेलमा उनले सुदूरपश्चिमविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गरेका थिए। यसैगरी चितवन राइनोजका कमल ऐरी चार विकेटका साथ तेस्रो स्थानमा छन्। उनको इकोनोमी ६.५० छ। धेरै विकेट लिने खेलाडीमा लुम्बिनीका शेर मल्ल चौथो स्थानमा छन्। उनले एक खेलमा तीन विकेट हात पारे। यसक्रममा उनले ११ रन दिए। पाँचौँ स्थानमा विदेशी बलर रहे। जनकपुरका कप्तान हर्मित सिंहले तीन विकेट लिएका छन्।



● अनिल खरेल

# पाकिस्तानी खेलाडी फर्किने तयारीमा

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका

पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)को अडानका कारण पाकिस्तानी खेलाडीको नेपाल प्रिमियर लिग (एनपिएल)मा भविष्य अन्योलमा परेको छ। पिसिबीले एनपिएलमा आबद्ध प्रतिखेलाडीको थप २५ हजार अमेरिकी डलर माग राखेको छ। कर्णाली याक्सबाहेक अन्य टोली पिसिबीलाई थप रकम तिर्न तयार छैनन्। कर्णालीले पाकिस्तानका हुसेन तलातलाई जनकपुर बोल्ट्सविरुद्ध खेलाएको थियो।

फ्रेन्चाइज टोलीले पाकिस्तानी खेलाडीलाई चर्को मूल्यमा अनुबन्ध गरेका थिए। यसकारण पिसिबीबाट खेलाडीले एनओसी प्राप्त गर्न सकेका छैनन्। एनओसी पत्र नहुँदा पाकिस्तान खेलाडी त्रिवि क्रिकेट मैदानमा प्रतिस्पर्धामा उत्रिएका छैनन्। यसैबिच जनकपुर बोल्ट्सका दुई पाकिस्तानी खेलाडी इफ्तिखार अहमद र हुसेन शाह स्वदेश फर्किने तयारीमा छन्। जनकपुरले पिसिबीसँग दुवै खेलाडीका लागि एनओसी पत्रका लागि इमेल गरेको थियो। तर, पिसिबीले त्यसको जवाफ नपठाएको जनकपुरको भनाइ छ।

'पिसिबीलाई इमेल गरेका छौँ। जवाफ नआए खेलाडी फर्कनेछन्,' जनकपुरका सिइओ निरोज खतिवडाले भने। खतिवडाका अनुसार सम्भवतः यी दुवै पाकिस्तानी खेलाडी जनकपुरको आगामी खेलमा बेन्चमा समेत देखिनेछैनन्। इफ्तिखार र हुसेन मंगलबार कर्णालीविरुद्धको खेलमा बेन्चमा थिए।

यसअघि कर्णालीमा आबद्ध पाकिस्तानका टी-२० आईका कप्तानसमेत रहेका साहिबजादा फरहान पनि एनपिएल नखेली सोमबार स्वदेश फर्किएका थिए। पिसिबीले उनलाई त्रिकोणात्मक एकदिवसीय सिरिजमा आबद्ध हुन निर्देशन दिएको थियो। यस अवस्थामा फ्रेन्चाइज टोलीमा असर पर्ने देखिन्छ।



● इफ्तिखार अहमद



● हुसेन साह

पिसिबीलाई प्रतिखेलाडी थप २५ हजार अमेरिकी डलर तिर्न फ्रेन्चाइज टोली तयार नभएपछि पाकिस्तानी खेलाडीको एनपिएल भविष्य अन्योल

## श्रीलंकाली र बंगलादेशी खेलाडीलाई अवसर

पाकिस्तानी खेलाडी घर फर्कने तयारीमा रहँदा एनपिएलमा श्रीलंका र बंगलादेशका खेलाडीले मौका पाइरहेका छन्। जनकपुरले इफ्तिखार र हुसेनको स्थानमा श्रीलंका र बंगलादेशका खेलाडीलाई प्रतिस्पर्धा गराउने भएको छ। पाकिस्तानी खेलाडी स्वदेश फर्कँदा फ्रेन्चाइज टोलीहरूको टिम ब्यालेन्स बिग्रने सम्भावना छ। उनीहरूले एनपिएलको तयारी गर्दा विदेशी र स्वदेशी खेलाडीको सन्तुलन बनाएका थिए।

अनुबन्धित विदेशी खेलाडीलाई प्रतिस्पर्धा गराउन नसक्दा जनकपुर र कर्णालीले समेत वैकल्पिक खेलाडी खोज्न कठिनाइको सामना गरेका थिए। यसैबिच, श्रीलंकाली अलराउन्डर थरिन्दु रत्नायके सुदूरपश्चिममा आबद्ध भएका छन्। ३० वर्षीय थरिन्दुले श्रीलंकाका लागि चार टी-२० आईमा ६ विकेट र ७७ रन बनाएका छन्। उनले घरेलु तथा टी-२० फर्म्याटमा ८८ खेलमा ९८ विकेट लिएका छन्। यसैगरी यस विधामा उनले ६३८ रन बनाएका छन्। उनी बायाँहाते ब्याट्सम्यान र अफ स्पिनर हुन्। दुवै हातले बलिङ गर्न सक्ने क्षमताका कारण उनी फरक शैलीका बलरका रूपमा परिचित छन्। थरिन्दुले प्रथम श्रेणी क्रिकेटमा ८२ खेलमा ३७८ विकेट लिएका छन्। यस विधामा उनले एक हजार ९२३ रन बनाएका छन्। त्यस्तै, उनले लिस्ट 'ए'मा ९६ खेल खेल्दै १३३ विकेट र ९५२ रन बनाएका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com